# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ६, अङ्क २, पूर्णाङ्क २३५ | २०७७ साउन २१ गते बुधबार | Wednesday, 5 Aug 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका नेता–कार्यकर्ता खोज्न गाउँगाउँ सुराकी

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीले कथित जनप्रतिनिधि र बालुवाटारबाट खटाइएका सीआईडी/सुराकीहरूले राज्यआतङ्क मच्चाएको बताएको छ । च्याङ काइसेक पथमा हिँडिरहेको केपी वली सरकारले जनतामा त्रासको वातावरण उत्पन्न गरेको भन्दै बालुवाटारबाट खटाइएका सुराकी तत्काल फिर्ता गर्न मागसमेत गरेको छ ।

नेकपाका सेती-महाकाली ब्युरो कार्यालय सचिव छविलालले प्रेस विज्ञप्ति जारी गर्दै एकातिर सरकारले वार्ताको हल्ला गरेर भ्रम उत्पन्न गरेको तर अर्कातिर भित्रभित्रै सुराकीहरूलाई सुदूरपश्चिमका गाउँगाउँमा परिचालन गरेको पाइएको बताएका छन् । साथै उनले सरकारको सीआईडी र आरआईटी नामको गिरोहलाई आफ्नो पार्टीका नेता-कार्यकर्ता गिरफ्तार गर्ने र व्यक्तिहत्यासम्मको निर्देशन दिएको पाइएको उल्लेख गरेका छन् । सेती-महाकालीका कैलाली, कञ्चनपुरलगायत सबै जिल्लाहरूमा

बाँकी पृष्ठ ५ मा

# सत्ताधारी दलभित्रको किचलो गम्भीर मोडमा

## वलीले सहमति तोडेपछि दाहाललाई नै अध्यक्षबाट राजीनामा दिन सुझाव

■ रातोखबर संवाददाता/काठमाडौं

सत्तालाई केन्द्रमा राखेर गरिएको दुई संसदीय दलबीचको 'एकता' अब गम्भीर रूपले धरापमा परेको छ । सत्तास्वार्थ र अस्तित्वरक्षामा केन्द्रित एमाले र माओवादी केन्द्रबीचको कथित एकतालाई जानकारहरूले त्यतिबेला धेरै लामो समयसम्म जान नसक्ने कार्यगत एकताको उपमा दिएका थिए । नभन्दै त्यतिबेलाका सम्पूर्ण सहमतिहरू तोड्दै केपी वली पक्षले पुष्पकमल दाहाल मात्र होइन, उनलाई साथ दिन तम्सिएका पूर्वएमाले नेताहरू माधवकुमार नेपाल र झलनाथ खनालसमेतलाई लतारेपछि पुष्पकमल दाहाल पक्षका स्थायी समिति सदस्यहरूले दाहाललाई नै अध्यक्ष पदबाट राजीनामा दिन सुझाव दिएका छन् । यसको अर्थ हो- केपी वलीले एकताका लागि गरिएका सहमति तोडेपछि पुष्पकमल दाहाल पक्ष पनि अब निरीह बनेर केपीको भरिया वा दासता स्वीकार गर्न तयार छैन । सत्तास्वार्थ नै किन नहोस्, स्वार्थ र स्वाभिमानमा धक्का लागेपछि दाहाल-नेपाल समूह आक्रोशित बन्दै द्वितीय अध्यक्ष पदबाट राजीनामा दिने र पार्टी विभाजनका लागि गम्भीर भएर लाग्ने तयारीमा लागेको जानकारहरू बताउँछन् ।

यसअघि केपी वलीलाई पार्टी अध्यक्ष र





प्रधानमन्त्री दुवै पदबाट राजीनामा दिन लगाउने, पार्टीलाई विभाजनबाट रोक्ने र असहमतिहरू टुङ्ग्याउने भन्दै गरिएका सबै प्रयास र छलफलहरू असफल बन्दै गएपछि सरकारी नेकपाभित्रको विवाद मिल्नै नसकिने गरी बढ्दै र गहिरिँदै गएको देखिएको छ । द्वितीय अध्यक्ष पुष्पकमल दाहालकै पक्षका स्थायी समिति सदस्यले उनलाई अध्यक्ष पदबाट राजीनामा दिन सुझाव दिएपछि यसलाई वलीमाथि दबाब दिन नभएर पार्टी विभाजनको औपचारिक तयारीका रूपमा अर्थ लगाउन थालिएको छ । यसले उक्त पार्टी ढिलो वा चाँडो विभजन भएरै छोड्ने सङ्केतहरू देखिन थालेका छन् ।

दाहाल पक्षका मानिस धमाधम चोरिन र बिक्री हुन थालेपछि पहिला अध्यक्ष र प्रधानमन्त्रीसमेत रहेका केपी वली छिट्टै महाधिवेशन बोलाउने पहिलाको सहमतिबाट पनि पछि हटेको स्रोतहरूले बताएका छन् । वली र दाहालबीच आइतबार भएको तीन घन्टा लामो छलफलमा पनि वली टसमस नभएपछि र झनै उग्र रूपमा प्रस्तुत हुँदै अझै ढिट बनेपछि दाहाल-नेपाल समूहबीच वलीले पार्टी विभाजन नै खोजेको विषयमा छलफल भएको स्रोतहरूको दाबी छ ।

यसअघि साउन १३ गतेको स्थायी समिति बैठकका लागि सदस्यहरू जम्मा भइसकेपछि वलीले एकल निर्णय सुनाउँदै स्थायी समिति बैठक स्थगन गरेका थिए भने द्वितीय अध्यक्ष दाहालले आफ्नो एकल अध्यक्षतामा आफ्नो समूहका बहुमत सदस्यहरूसहित बैठक राखेपछि दुवै अध्यक्षबीच बोलचाल नै बन्द भएको थियो । बोलचाल नै बन्द भएपछि नराम्रो सन्देश जाने भएकाले बाटो फुकाउन भन्दै आइतबार छलफल भए पनि वली झन्झन् जिद्दी बन्दै गएको निष्कर्ष दाहाल-नेपाल पक्षको छ । एक्लाएक्लै हुने संवादमा विश्वसनीयता घट्दै गएपछि आइतबारको छलफलमा दाहालले आफू पक्षका नेता झलनाथ खनाललाई र वलीले आफ्ना विश्वासपात्र सुवास नेम्बाङलाई साक्षी राखेर छलफल गरेका थिए तर कुनै निष्कर्ष ननिस्किएपछि दाहाल पक्ष निराश र आक्रोशित बन्दै बाहिरिएको थियो । साउन १३ को दाहालपक्षीय स्थायी समितिको बहुमतको बैठकले वलीको कार्यशैलीको तीव्र निन्दा गर्दै वलीसँग वार्ता र संवाद गरी सहमति कायम गराउने जिम्मा दाहाललाई दिएको थियो । वलीको ढिटका अगाडि दाहालको केही नलागेपछि दुवै नेताहरूबीच केही दिन बोलचाल नै बन्द भएको थियो ।

... बाँकी पृष्ठ ७ मा

## सङ्कटकालको झल्को गराउँदै प्रहरीद्वारा घरघरमा खानतलासी

■ रातोखबर संवाददाता/प्युठान

नेपाल कम्युनिस्ट पार्टी प्युठानले सङ्कटकालको झल्को दिने गरी प्रहरीले धरपकड र छापामार्ने काम गरेको भन्दै उक्त हर्कत बन्द गर्न आग्रह गरेको छ । नेकपाका प्युठान सेक्रेटरी अजयले प्रेस विज्ञप्ति जारी गर्दै कोरोना महामारीले जनजीवन अस्तव्यस्त बनेको बेला सरकारले देशव्यापी गिरफ्तारी, धरपकड र ज्यादती गर्दै आइरहेको भन्दै प्युठानमा पनि प्रहरी घरघरमा पुगेर छापामार्ने र घर खानतलासी गरेको उल्लेख गरेका छन् ।

शुक्रबार जारी प्रेस विज्ञप्तिमा नेकपाका जिल्ला सेक्रेटरी अजयको उदयपुरकोटस्थित घरमा गई प्रहरीले छापामारेको र परिवारका सदस्यलाई मानसिक यातना दिएको उल्लेख छ । यस्तै बिहीबार प्युठान २ दाखाकोटमा पनि स्थानीय नरबहादुरको घरमा प्रहरीले विप्लव नेकपाका कार्यकर्तालाई किन खाना खान दिएको भन्दै घरमा तोडफोड गरेको विज्ञप्तिमा उल्लेख छ । नागरिकको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको हनन गरेको भन्दै वर्तमान सरकार दमनअभियानमा सक्रिय भएको विज्ञप्तिमा उल्लेख छ ।

## बीसीलगायतको बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्चद्वारा लिखित जबाफ माग

■ आशीष कुमार चौधरी/काठमाडौं

गतसाता चितवनबाट गिरफ्तार गरिएका नेपाल कम्युनिस्ट पार्टीका चितवन जिल्ला इन्चार्ज लालबहादुर बीसी, रामलाल विश्वकर्मा र हुकुमबहादुर खड्कासहितलाई गिरफ्तार गर्नुको कारणबारे सर्वोच्च अदालतले लिखित जबाफ माग गरेको छ ।

शुक्रबार सर्वोच्च अदालतमा भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनउपर भएको बहसमा न्यायाधीश टङ्कबहादुर मोक्तानको इजलासले उनीहरूलाई बन्दी बनाउनुको कारणको लिखित जबाफ माग गरेको हो । बन्दीका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, कान्तिराम ढुङ्गाना, सन्तोष कोइराला र चिरञ्जीवी ढकालले बहस गरेका थिए ।

केही दिनपहिले पूर्वीचितवनबाटै गिरफ्तार गरिएका नेकपाका राम सेढाईंलाई भने बन्दीसहित



उपस्थित गराउन अदालतले आदेश दिएको छ ।

गत सोमबार साँझ चितवनको राप्ती नगरपालिकाबाट नेकपाका चिवतन जिल्ला इन्चार्ज लालबहादुर बीसी 'शार्दूल', दलित मुक्ति मोर्चा नेपालका महासचिव रामलाल विक, नेकपाका ब्युरो सदस्य हुकुम र स्थानीय २ जनासहितलाई प्रहरीले गिरफ्तार गरेको थियो ।

बीसीसहित नेकपाका नेता-कार्यकर्तालाई गिरफ्तार गरेपछि नारायणी ब्युरो इन्चार्ज शीतलले प्रेस विज्ञप्ति जारी गर्दै बिनासर्त रिहाइको माग गरेका थिए ।

## नेकपा नेता वीरजङ्गलाई अदालतबाटै गिरफ्तार गरी भोजपुर पुऱ्याइयो

■ झनक श्रेष्ठ/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन पोलिटब्युरो सदस्य चन्द्रबहादुर चन्द 'वीरजङ्ग' लाई अदालतले रिहाइको आदेश दिए पनि प्रहरीले पुनः गिरफ्तार गरेको छ । नेता वीरजङ्गलाई जिल्ला अदालत काभ्रेले बिहीबार सिलिन्डर बम विस्फोटको मुद्दामा सफाइ दिएको थियो ।

जिल्ला अदालत दाङ देउखुरीले नेता वीरजङ्गलाई रिहा गरेलगत्तै प्रहरीले सङ्गठित अपराधको मुद्दा लगाई काभ्रेको बनेपामा राखेको थियो । उक्त मुद्दामा पनि जिल्ला अदालतले रिहाइको आदेश दिएपछि नेता वीरजङ्गलाई अर्को मुद्दा लगाई भोजपुर लगिएको समाचार प्राप्त भएको छ । सङ्गठित अपराधको मुद्दामा प्रहरीले वीरजङ्गलाई भोजपुर लगेको पारिवारिक स्रोतले जनाएको छ ।

उक्त मुद्दामा अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, कान्तिराम ढुङ्गाना, देवकुमार मोक्तान र रामकृष्ण भण्डारीले बहस गरेका थिए ।

## बिचौलियाको हातमा पुग्यो लगानी बोर्ड

■ भीमप्रसाद चापागाईं/काठमाडौं




समाजवादको नारा दिएर जनतालाई भ्रममा पारिरहेको वर्तमान केपी वली सरकार आफ्नै कारणले एकपछि अर्को विवादमा फस्दै गएको छ । सरकारका विभिन्नखाले काण्डहरूले तताएको बजार सेलाउन नपाउँदै, अझ यसो भनौं १० अर्ब भ्रष्टाचार भएको ओम्नी र यती काण्ड सेलाउन नपाउँदै सरकारले अर्को काण्डको रचना गरेको छ जसको कारण पछिल्लो २४ घन्टामा सोसल मिडियामा सरकारको आलोचना मात्र होइन, समाजवादी सरकारको मजाक उडाउनेहरूको सङ्ख्या ठूलो छ ।

राष्ट्रिय लगानी बोर्ड ठूला वैदेशिक लगानीहरूलाई नेपालमा ल्याउनका लागि अनुमति दिने, ठूला लगानीलाई प्रवर्द्धन गर्ने र लगानीकर्तालाई सहजीकरण

... बाँकी पृष्ठ ५ मा

## कोरोना भाइरसले सङ्कटग्रस्त बन्दै नेपाल

■ गोपाल गिरी/काठमाडौं

चीनको वुहानबाट सुरु भएको भनिएको कोरोना भाइरसले पृथ्वीमा मानवसभ्यतालाई ठूलो चुनौती दिइरहेको बेला नेपाल पनि यसबाट अछुतो रहेन । नेपालको छिमेकी जिल्ला चीन कोरोनाले कहालिइरहेको बेला नेपाल एलो जोनमै थियो तर अमेरिका, युरोप, अफ्रिकासहित विश्व भ्रमण गरेर नेपाल आइपुग्ने बेलासम्म नेपाल कोरोनाबाट लगभग मुक्तजस्तै थियो ।

कोरोनाले विश्व भ्रमण गरेको करिब ४ महिनासम्म नेपालका सन्दर्भमा आवश्यक तयारी र सङ्क्रमण फैलिन नदिन प्रभावकारी कदम चाल्न सकिने पर्याप्त समय थियो । तर कोरोना रोकथाम र नियत्रणका लागि बनाइएको सरकारी संयन्त्रले नै स्वास्थ्य सामग्रीमा समेत कमिसन र भ्रष्टाचार गरेर आफ्नो दलाल चरित्र प्रदर्शन गऱ्यो । सरकारले कोरोना नियन्त्रणका लागि आवश्यक प्रभावकारी कदम चाल्न नसक्दा नेपालमा कोरोना सङ्क्रमण भित्रियो र बिस्तारै यसको ग्राफ उकालो चढिरहेको छ । यो विवरण तयार पार्दासम्म कोरोना सङ्क्रमणबाट नेपालमा २० हजार ७ सय ५० जना सङ्क्रमित भइसकेका छन् भने ५७ जनाको मृत्यु भइसकेको छ । यो अवधिमा जनसम्पर्कका काममा बढिरहने प्रहरी र स्वास्थ्यकर्मी पनि धेरै सङ्क्रमित छन् । कोरोनाले बाँकेको नेपालगन्ज, पर्साको वीरगन्ज, मोरङको विराटनगरमा बलियोसँग जरा गाडिसकेको छ भने यता काठमाडौंमा पनि समुदायमा कोरोना फैलिएको भन्दै पीसीआर परीक्षणको दायरा फराकिलो पार्न विज्ञहरूले सुझाव दिएका छन् । उनीहरूले भनेका छन्- कोरोनाले विकराल रूप लियो भने अस्पतालहरूका शैया खाली नहु नसक्ने र देश अमेरिका, ब्राजिल, वुहान र इटलीजस्तै बन्नेछ ।

सरकारले कोरोना रोकथामका लागि करोडौं रकम खर्च गरेको भए पनि त्यस्तो रकम र सेवासुविधा आधारभूत वर्गले भन्दा जनप्रतिनिधि, उनका नजिकका मान्छे पावर र

... बाँकी पृष्ठ ७ मा

# एकीकृत जनक्रान्तिका पाँच आधार

हाम्रो पार्टीले नेपाली क्रान्ति सम्पन्न गर्नका लागि एकीकृत जनक्रान्तिका पाँच आधारहरू संश्लेषित गरेको छ । दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवाद प्राप्त गर्नका लागि पाँच आधारहरू अनिवार्य आवश्यक छन् भन्ने हाम्रो निष्कर्ष छ । क्रान्तिको विकासले यी आधारहरूको बुझाइ र आत्मसातीकरणको महत्व झन् बढेर गएको छ । तसर्थ हाम्रा नेता र कार्यकर्ताले पाँच आधारहरूको सही अध्ययन, ग्रहण र प्रयोगमा विशेष जोड दिन जरुरी छ । हामीले संश्लेषण गरेका क्रान्तिका पाँच आधारहरू निम्नछन् –

१) वैचारिक–राजनीतिक
२) सङ्गठन
३) सङ्घर्ष
४) आर्थिक
५) विज्ञान र प्रविधि

### १) वैचारिक–राजनीतिक आधार

क्रान्तिको वैचारिक–राजनीतिक आधार भन्नाले वैज्ञानिक समाजवादी–साम्यवादी विचार, सिद्धान्त, दृष्टिकोण र मान्यताहरूप्रति पार्टीका नेता, कार्यकर्ता, जनसेना, जवस, मोर्चाका नेताहरूको स्पष्टता र प्रतिबद्धता हो । जतिबेलासम्म कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता, जनसेना, जवसका नेताहरू पार्टीको विचार र राजनीतिमा स्पष्ट, प्रतिबद्ध र समर्पित हुँदैनन् साथै उनीहरूले आमनागरिकहरूलाई स्पष्ट र विश्वस्त पार्न सक्दैनन् त्यसबेलासम्म उनीहरूले न क्रान्ति अगाडि बढाउन सक्छन्, न सफल बनाउन सक्छन्, न त सफलताको रक्षा गर्न सक्छन् । आफ्नो विचार र राजनीतिका लागि प्रतिबद्ध र त्यसका लागि जुनसुकै त्याग, दुःखकष्ट, बलिदान उठाउनसक्ने नेता-कार्यकर्ताले मात्र पुँजीवादका सारा अवरोधहरूलाई तोड्न, क्रान्ति हाँक्न र विजय हासिल गर्न सक्छन् । त्यसैले हाम्रो पार्टीले क्रान्तिमा वैचारिक–राजनीतिक विषयको महत्वलाई एकीकृत जनक्रान्तिको पहिलो र प्रमुख आधार

**देश/परिवेश**

■ विप्लव



मानेको छ ।

विश्वक्रान्ति र समाजवादी सत्ता सञ्चालनमा वैचारिक–राजनीतिक स्पष्टता र प्रतिबद्धतामा बढी नै कमजोरीहरू देखिँदै आएका छन् । नेपाली कम्युनिस्ट आन्दोलनको त सबैभन्दा मूल समस्या नै यही रहँदै आएको छ । कुनै समयमा निकै लोकप्रिय एवम् सुदृढ हुन पुगेका कम्युनिस्ट पार्टीहरू यही समस्यालाई ठीक तरिकाले समाधान गर्न नसक्नाले बालुवाको घरजस्तो

... क्रमशः पृष्ठ ४ मा

## सम्पादकीय

# सत्ताले खोजेको प्रतिरोधात्मक कारबाही

एउटा भनाइ छ- सर्पले आधा निलिसकेको भ्यागुतोले पनि आफू अघिल्तिरबाट उडिरहेको सिकार जिब्राले तान्छ रे । मृत्युको मुखमा पुगिसकेकालाई पनि क्षणभङ्गुर जीवनप्रति त्यत्रो अगाधा माया, आस्था र विश्वास ! यो भनाइ नेपालमा बहाल दलाल पुँजीवादका भरियाहरूमा दुरुस्तै मिल्ने देखिन्छ ।

केपी वली सरकार राष्ट्रघात, जनघात, भ्रष्टाचार, महँगी, बेथिथि, असङ्गति र गुट सङ्घर्षले विघटनको मुखमा पुगिसकेको छ तर पनि देश र जनताका लागि अहोरात्र खटिरहेका क्रान्तिकारीहरूको सिकार गरिरहेको छ । २७ महिना लामो जेल बसाइपछि सत्ता-आरोप झूट साबित गर्दै कानुनी ढङ्गले नै रिहा भएका नेकपाका तत्कालीन सोलुखुम्बु इन्चार्ज मणिसुन्दर राई 'मनीष' लाई नियोजित तरिकाले हत्या गरी फालिएको छ भने सिंहदरबार र बालुवाटारबाटै सुराकीहरू पठाएर देशभर गिरफ्तारी, झूट्टा मुद्दा बढाएर जेल र हिरासत भर्ने र क्रान्तिकारीहरूका पक्षमा रहेको मैदान खाली गराई आफ्नो दुष्ट शासन लम्ब्याइरहने सत्ताखेल अझ तीव्र रूपले अघि बढाइएको छ । गिरफ्तार गरी जेल र हिरासत राखिएका, एउटा भूगोल र जिम्मेवारीको नेतृत्वका क्रान्तिकारीहरूलाई अर्को भूगोलमा पुऱ्याउने, आफूले लगाएको आरोप असत्य साबित भएर न्यायालयले रिहा गरिसकेपछि पनि दुनियाँ हँसाउने गरी अदालतपरिसरबाटै दर्जनौँपटक गिरफ्तार गरी देशका विभिन्न जिल्ला, हिरासत र जेलहरूमा घुमाउने राणाकालीन, पञ्चायतकालीन र शाहीकालीन भद्दा र मिति सकिएको बासी शैली दोहोऱ्याएर सरकारले कथित लोकतन्त्रमाथि नै मजाक गरिरहेको छ । अझ लाजमर्दो कुरा त के छ भने बिरामी भेट्न औषधी लिएर हिँडेका, कोरोना सन्त्रास, बाढीपहिरोको विनास रोकथामका लागि छलफल गरिरहेका, सहायता गरिरहेका नेकपाका नेता र कार्यकर्ताहरूलाई घेरा हालेर लखेटीलखेटी गिरफ्तार गरी दुनियाँसामु नक्कली हतियार भिराएर तस्बिर सार्वजनिक गर्ने र षड्यन्त्रपूर्वक झूट्टा मुद्दा लगाउने शाहीकालीन शैली अँगालेर केपी वली सरकारले जनताका आँखाको कसिङ्गर बन्ने काम गरिरहेको छ । उसको यो शैली राणाहरूले, पञ्च शासकहरूले, हिजो संसदीय व्यवस्थाले र शाही शासकले प्रयोग गरेर बदनाम भएको र असफल भएको शैली हो । हिजोका शासकहरूको त्यो शैली सफल हुन्थ्यो भने केपी वली, पुष्पकमल दाहाल वा रामबहादुर थापाहरू आज शासक बन्न पाउने थिएनन् । आजसम्म जेलमै हुने थिए वा कतै चपरीमुनि पुगिसकेका हुन्थे । हिजै असफल भएको शैलीलाई कलाविहीन र भद्दा तरिकाले दोहोऱ्याएर जेल बसेर निस्किएका क्रान्तिकारीहरूको हत्यासम्म गर्ने र जनताका बीचमा काम गरिरहेका क्रान्तिकारीहरूलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाएर फसाउने षड्यन्त्र गर्ने तर श्रीमतीको हत्या गरेको प्रमाणित भई सर्वस्वसहित जन्मकैद भोगिरहेका अपराधीलाई सजाय मिनाहा गरी जेलमुक्त गर्ने शैली देश विखण्डन गर्ने अभियानमा लागेका सीके राउतहरूलाई माला लगाउने र देश र जनताको मुक्तिका लागि हिँडेको नेकपामाथि प्रतिबन्ध लगाउनेजस्तै भद्दा कार्यक्रम हो भनेर बुझ्दा अन्यथा हुने देखिँदैन ।

राज्यसत्तासँग सन्तुष्ट हुन नसकेपछि विद्रोह गर्नु जनताको अधिकार हो । यो विश्वव्यापी मान्यता हो । आज शासनसत्तामा रहेका र आफूलाई लोकतन्त्रवादी, अझ समाजवादीसम्म भन्नेहरूले यो नबुझेको कुरो होइन । अझ आफूलाई विद्रोह र युद्धबाटै आएको दाबी गर्ने केपी वली र पुष्पकमल दाहाल-रामबहादुरहरूले त हिजो आफूहरूले आततायी सत्ताका विरुद्ध गरेको विद्रोहको एकरत्ति ख्याल राख्नुपर्ने हो नि ! लाग्छ, उनीहरूले हिजोका सबै घटनालाई भुलेर विगतका विद्रोहहरूलाई सत्तामा पुग्ने, शासन गर्ने र विद्रोहीहरूलाई दबाउने यन्त्रका रूपमा परिणत गरिसकेका छन् । अन्यथा देश लुट्ने एनसेलमाथि कारबाही गरेको जिम्मेवारी लिएकै आरोपमा सुदर्शन र माइलाहरूले यति लामो समयसम्म जेलमा सडिरहनुपर्ने थिएन र मणिसुन्दरहरूले देश र जनताका पक्षमा बोलेको 'अपराध' मा मारिनुपर्ने थिएन । राज्यले यसरी स्वेच्छाचारी गतिविधि गरिरहँदा पनि अझ उक्साउने, समर्थन गर्ने, नदेखेको जस्तो गर्ने, मौन बस्नेहरूलाई कठैबरा भन्नुशिवाय अरू के भन्न सकिन्छ र !

मुलुकको यही अवस्थालाई सम्बोधन गर्दै नेकपाका महासचिव विप्लवले भनेका छन्, 'साम्राज्यवादसँग सहायक र क्रान्तिकारीविरुद्ध प्रमुख प्रहार गर्ने नीति लिने राज्यसँग जस्तालाई त्यस्तैको तरिकाद्वारा जबाफ दिनुको विकल्प हामीसँग रहँदैन । दमनविरुद्ध प्रतिरक्षात्मक र प्रतिरोधात्मक कारबाही गर्नु हाम्रो अधिकार हो ।'

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

⏭ गताङ्कबाट बाँकी अंश

# मालेमावादी साम्यवाद : आजका समस्याहरूको अन्तिम समाधान



हेमन्तप्रकाश वली 'सुदर्शन'

४) आज फेरि पुरानै सारमा र नयाँ रूपमा मालेमावाद र यस विचारधाराको मार्गदर्शनमा मानवजातिको अपरिहार्य गणतन्त्र साम्यवादप्रति गम्भीर प्रश्नहरू उठेका छन् । हामीले ती प्रश्नहरूले हाम्रो जमानामा उठेका र जनतामाझ भ्रम उत्पन्न गरिरहेकाले तिनको सही जबाफ दिन आवश्यक छ ।

भ्रम सङ्ख्या एक, मालेमावाद र त्यसको पथप्रदर्शनमा प्राप्त हुने साम्यवाद असफल, पुरानो र जीवनहीन जडसूत्र भएकाले हामीलाई नयाँ विचारधारा र नयाँ समाज व्यवस्था चाहिएको छ । हाम्रा 'साम्यवादी' प्रधानमन्त्री र राष्ट्रपतिहरू मालेमावादको मार्गमा हिँडिरहेका क्रान्तिकारीहरूलाई धम्क्याउँदै भन्दछन्, 'आजको जमानामा मार्क्सका थोत्रा किताबहरू घोकेर हुन्छ ? जमाना कहाँ पुगिसक्यो । बयलगाडामा चढेर चन्द्रमामा कहिल्यै पनि पुग्न सकिँदैन ।' यस्ता महान्‌वाणी ओकल्नेहरू सन् १९७१ मा झापा विद्रोह सुरु गरेका र त्यही विद्रोहका सहिदहरूको रगतबाट आएको ब्याज डकारिरहेका महोदयहरू हुन् । यसै स्वरमा स्वर मिलाउँदै अझ बढी खरानी घस्नेहरू सन् १९९६ देखि २००६ सम्म नेपाली जनताका सर्वोत्तम छोराछोरीहरूले बगाएको रगतमा रजाइँ गर्ने राजासाहेबहरू हुन् । यी वास्तवमा भेडाको छाला ओढेका ब्वाँसाहरू हुन् । मालेमावाद र यसको लक्ष्य साम्यवादबाट विचलित भएका यी जन्तुहरूलाई हामीले जैविक मल बनाएर वैज्ञानिक समाजवाद र साम्यवादको वृक्षलाई हराभरा बनाउन सक्नु पर्दछ ।

यी मानवरूपी जन्तुहरूलाई प्रश्न गरौँ : समाज विकासको नियमअनुसार पुँजीवादको अन्त्यपछि आउने समाज व्यवस्था भनेको वैज्ञानिक समाजवाद हुँदै साम्यवाद हो अनि उदारवादी संसदीय प्रणालीका विरुद्ध जनताका छोराछोरीलाई होमेर त्यसकै शरणमा पुनरागमन नयाँ हो कि पुरानो ? पूर्वसोभियत सङ्घ र पूर्वीयुरोपमा असफल भएको मालेमावादी वैज्ञानिक समाजवाद हो कि पुँजीवाद ? जीवनहीन जडसूत्र कुनचाहिँ हो : अध्यात्मवादी आदर्शवाद कि मालेमावाद ? प्रश्नहरूको जबाफ दिने हिम्मत छ महाशयहरूको ? हामी तिम्रा प्रश्नहरूको एकएक जबाफ दिन तयार छौँ ।

पहिलो कुरा, मालेमावाद भनेको प्रकृति विज्ञान र समाज विज्ञानको समुच्चय हो । विज्ञान पुरानो हुँदैन, बरु यसको परिमार्जन र विकास हुन्छ । मार्क्सवाद पुरानो भयो भन्ने पहिलो व्यक्ति पुँजीवादी होइन, बरु साम्यवादी खोलभित्र रहेको साम्यवादी दलबाट नै निस्केका कचडाहरू हुन् । मार्क्स-एङ्गेल्सको साम्यवादी दलबाट प्रुँधो, बाकुनिन, लासालजस्ता मानिसहरू यस्ता कचडा थिए भने लेनिन र स्टालिनका पालामा बर्नेस्टिन, काउत्स्की, प्लेखानोभ, ट्राट्स्की र बुखारिन । माओको समयमा ख्रुस्चोभ, ल्यु साओची र तेङ स्यायो पिङ मुख्य थिए । उनीहरू नै हुन् जसले आआफ्नो समयमा मार्क्सवादको दोसल्ला धारण गरेर मार्क्सवादकै तोडमोड गर्ने दुस्साहस गरेका थिए । उनीहरू अराजकतावाद, संशोधनवाद र छद्‌म अवसरवादमा प्रकट भएका थिए । वास्तवमा उनीहरू साम्यवादी आन्दोलनलाई भ्रमित गर्न र असफल पार्न साम्यवादी दलभित्र घुसेका पुँजीवादीहरू थिए । उनीहरूले आआफ्नो समयमा मालेमावादलाई पुरानो, असफल र जीवनहीन जडसूत्र भनेका थिए भने पुँजीवादलाई विभिन्न रूप र रङ्मा नयाँ, सफल र जीवनदायी समाज व्यवस्था भनेका थिए । हाम्रो जमानाका साम्यवादको दोसल्लाधारी कचडाहरूले फेरि पनि नयाँ रूप र रङ्मा उही कुरा दोहोऱ्याइरहेका छन् । हाम्रो देशमा साम्यवादको दोसल्ला ओढेर केशरजङ्ग रायमाझी 'राष्ट्रिय प्रजातन्त्र' का नाममा, मदन भण्डारी 'बहुदलीय जनवाद' का नाममा, पुष्पकमल दाहाल 'एक्काईसौँ शताब्दीको जनवाद' का नाममा र बाबुराम भट्टराई 'सहभागितामूलक समाजवाद' का नाममा प्रकट भएका थिए र अझै भ्रममा पार्ने धुनमा साम्राज्यवादका चाकर बनिरहेका छन् । उनीहरू दार्शनिक हिसाबले अधिभूतवादी अध्यात्मवादका पक्षधर र बहुलवादी भँडुवा विकासवादका गायक भएका छन् । राजनीतिक दृष्टिकोणबाट हेर्दा संसद्‌वादी तथा सामाजिक फासिवादी भएका छन् । राजनीतिक अर्थशास्त्रका दृष्टिकोणले दलाल पुँजीवादी भएका छन् भने सांस्कृतिक हिसाबले अराजकतावादको पराकाष्ठामा पुगेका छन् ।

मालेमावाद कुनै जीवनहीन जडसूत्र होइन, बरु गतिशील जीवनप्रक्रिया प्रतिबिम्बित भएर विकास भइरहने साम्यवादको बाटोमा पथप्रदर्शक हो । यो जीवनहीन जडसूत्र होइन भन्ने कुरा मार्क्सवादको लेनिनवाद र मार्क्सवाद-लेनिनवादको मार्क्सवाद-लेनिनवाद-माओवादमा भएको विकासले प्रस्ट पार्दछ । सोभियत सङ्घमा साम्यवाद असफल भएको होइन, बरु स्टालिनको मृत्युपछि साम्यवादी खोलमा रहेका पुँजीवादीहरूको खोल च्यातिएको हो । त्यसैगरी पूर्वीयुरोपमा पनि त्यही भएको हो । 'सत्य डग्दैन, असत्य टिक्दैन' भन्ने जनसूक्ति लागू भएको हो ।

मालेमावादी दर्शन भनेको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यो दर्शन सर्वशक्तिमान् छ किनभने यो वैज्ञानिक सत्यमा आधारित छ । आफूलाई निकै आधुनिक र मालेमावादलाई थोत्रो ठान्ने नेपाली साम्यवादी आन्दोलनका कचडा मनमोहन अधिकारी प्रधानमन्त्री भए र दक्षिणकाली मन्दिरमा पुगेर कालो बोको चढाए । पुष्पकमल दाहाल प्रधानमन्त्री भए र शनिग्रह शान्तिका लागि भैँसी पूजा गरे । गङ्गप्रसाद वली प्रधानमन्त्री भए र नेपालमा एसिया प्रशान्त शिखर सम्मेलन गरी कथित जिसस क्राइस्टकी छोरी हकजा हानमुनको बाहुलीबाट पवित्र जाँड र १ लाख अमेरिकी डलर पुरस्कार ग्रहण गरे । पवित्र जाँड खाएर उनी पवित्र भए भने क्रिस्चियन सम्मेलन गरेबापत नगद पुरस्कारसमेत पाए । अधिभूतवादी आदर्शवाद र अध्यात्मवादका विरुद्ध लडेर नै आधुनिक द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विकास भएको हो । कतिसम्म भने पुँजीवाद पनि धार्मिक रूढिवादका विरुद्ध लडेर नै स्थापित भएको हो । युरोपमा चलेको पुनर्जागरण अभियान पनि धार्मिक रूढिवादका विरुद्ध थियो किनभने युरोपको विकासलाई अवरुद्ध गर्ने तत्व नै धार्मिक रूढिवाद थियो । अतः धार्मिक रूढिवादमा पश्चगमन भएकाहरू कुनै पनि हालतमा साम्यवादी हुन सक्दैनन् ।

प्रधानमन्त्री खड्गप्रसाद वली मालेमावादी पाठ्यपुस्तकहरूलाई 'थोत्रा किताब' भन्दछन् र क्रान्तिकारी साम्यवादीहरूलाई 'धतङ्गाहरू' भन्दछन् । 'प्रतिक्रियावादी' शब्दावलीको प्रयोग धेरै गम्भीर रूपले सोचेर गरिएको रहेछ । प्रकृति, मानव समाज र मानव चिन्तनलाई अग्रगामी प्राकृतिक प्रक्रियाबाट नै उल्टो दिशामा फर्काउन दुस्साहस गर्ने र उल्ट्याउन सकिन्छ भनेर भ्रम पार्ने प्रवृत्तिको नाम नै प्रतिक्रियावाद रहेछ । करिब ४ हजार वर्षपहिले लेखिएको वेद, महाभारत, गीता, कुरान, बाइबललाई पुष्पकमल दाहाल र खड्गप्रसाद वली नयाँ मान्दछन् भने मालेमावादी कृतिहरूलाई थोत्रा भन्दछन् । आदिम युगतिर फर्केका आफूहरूलाई गम्भीर चिन्तक ठान्दछन् भने इतिहासको अग्रगामी मोर्चामा डटेका क्रान्तिहरूलाई यी नवप्रतिक्रियावादीहरू 'धतङ्गा' भन्द्छन् । वास्तवमा यी नवप्रतिक्रियावादीहरूले बढी खरानी घसिरहेका छन् ।

भ्रमसङ्ख्या दुई : रूपमा स्वतस्फूर्ततावाद र सारमा मालेमावादको पूर्ण परित्याग । यसप्रकारका भ्रान्तिकारी दल र ती दललाई राजनीतिक, सामाजिक र आर्थिक सल्लाह र विचार दिने बौद्धिक 'चतुर्वेदी' हरू एकैपटक साम्यवादी ध्येय र मालेमावाद त्यागेको घोषणा गर्दैनन् । ती जनता र इमानदार क्रान्तिकारीहरूले थाहा नपाउने गरी पछिल्तिर फर्किरहेका हुन्छन् । यहाँ के कुरामा विशेष ध्यान जरुरी छ भने 'जताजता बाहुन बाजे त्यतैत्यतै स्वाहा' भनेझैँ जताजता बौद्धिक चतुर्वेदी त्यतैत्यतै संशोधनवादी हुन्छ । उदाहरणका लागि एकजना बौद्धिक चतुर्वेदी चैतन्य मिश्रले सर्वप्रथम माओवाद र सर्वहारा सांस्कृतिक क्रान्तिमाथि भ्रम छर्दै त्यसलाई परित्याग गर्ने सुझाव दिए । त्यसपछि सन् १९७१ मा 'चीन साम्यवादी दलको अध्यक्ष हाम्रो पनि अध्यक्ष' भन्दै झापामा 'वर्गशत्रु खतम अभियान' जन्मेको नेपाल साम्यवादी दल (माले) ले माओवाद परित्याग गऱ्यो र 'जनताको बहुदलीय जनवाद' मा संशोधनवादी कार्यक्रम प्रस्तुत गऱ्यो । आज चैतन्य मिश्र लेख्दैछन्, ' लोककल्याणकारी व्यवस्था, सामाजिक लोकतन्त्र, सामाजिक न्यायसहितको अर्थतन्त्र आदि सबैले यही किसिमको राज्यव्यवस्था र अर्थतन्त्रलाई इङ्गित गर्दछन् । पुँजीवादले जहाँसम्म जनहित अघि बढाउन सक्छ, त्यसको अन्तिम सीमासम्म त्यसलाई सम्भव तुल्याउने बाटो यही हो । अन्य सबै मार्ग हालको विश्व ऐतिहासिक बिन्दु र परिधिका लागि लेनिनमय, माओमय किताबी कल्पना मात्र हुन् ।' श्री मिश्रजी अमेरिकी फ्रान्सिस फुकुयामा साहेबका असली शिष्य हुन् । प्राध्यापक श्री चैतन्यको यही पथप्रदर्शनअनुसार नै नेकपा (एमाले) मा नेकपा (माके) को विलय भएपछि बनेको नेकपा (दोहोरो) अघि बढिरहेको छ । साम्यवादी जनमत प्राप्त गरी संसदीय व्यवस्थामा पुग्न दलको नाम साम्यवादी राखे पनि त्यो वास्तवमा नवप्रतिक्रियावादमा पतन भइसकेको छ । मार्गदर्शक सिद्धान्तबाट माओवाद हटाएपछि स्वतः मार्क्सवाद लेनिनवाद पनि परित्याग गरी उनीहरूले बहुलवादलाई मार्गदर्शक बनाइसकेका छन् । मिश्र भने लेनिनवादको परित्याग गरेर मार्क्सवाद त ठीक हो भन्दैछन् । उनी तर्क गर्दैछन्- मार्क्सले त पुँजीवादलाई अझै केही समयका लागि क्रान्तिकारी हुन्छ भनेका छन् । लेनिनवाद परित्याग गरेको घोषणा गर्दै भर्खरै प्रकाशित आफ्नो पुस्तक 'लोकतन्त्र र आजको मार्क्सवाद' मा उनी लेख्छन्, 'आफ्नै नाकअगाडि पुँजीवादी प्रगति र विस्तार देख्दादेख्दै पुँजीवाद अस्ताइरहेको देख्ने दृष्टिकोणलाई आलोचनात्मक चेतको न्यूनताबाहेक अरू के भन्ने ? यो न्यूनताको जरो कारण लेनिनवाद-स्टालिनवादको धर्मजस्तै अन्ध अनुसरण र मार्क्सवादको उपेक्षा हो जस्तो लाग्छ । मार्क्सले त केही कालका लागि पुँजीवादलाई क्रान्तिकारी पद्धति हो भनेर स्वीकारेका थिए । उनले भनेका थिए 'पुँजीवाद पुरातनपन्थको संहारक हो ।' उनका लागि पुँजीवादी प्रक्रिया धेरै हदसम्म आफैँलाई खाँदै, जित्दै जाने प्रक्रिया हो ।'

पृ. ३४५, प्रथम संस्करण, २०७६ ।

प्रथमतः यहाँ श्री मिश्र पुँजीवादको प्रगति र विस्तार भइरहेको देख्दैछन् भने पुँजीवाद अस्ताइरहेको देख्नेहरूलाई मालेमावाद र साम्यवादप्रति आलोचनात्मक चेतको न्यूनता भएकाहरू भन्छन् । लेनिन र स्टालिनको सिद्धान्त र तदनुरूपको वैज्ञानिक समाजवादी क्रान्तिप्रतिको दृढतालाई उनी धार्मिक अन्धानुसरण भन्दछन् । यसको अर्थ साम्यवादीहरू वैज्ञानिक समाजवादबाट पुँजीवादतिर फर्कनुपऱ्यो किनभने लेनिन र स्टालिनले वैज्ञानिक समाजवादी क्रान्ति गरेर पुँजीवादको व्यावहारिक विकल्प दिए । उनी कतिसम्म दिनदहाडै झूट बोल्दछन् भने मार्क्सले त पुँजीवादलाई क्रान्तिकारी पद्धति भनेर स्वीकार गरेका थिए । दोस्रो कुरा, श्री मिश्र मार्क्सवादबाट यसको विकसित दुई चरण लेनिनवाद र माओवादबाट अलग गरेर पुँजीवादको साम्राज्यवादी चरणको चरम मानव शोषण, अपराध र भ्रष्ट चरित्रको ढाकछोप गर्न चाहन्छन् जसलाई लेनिन, स्टालिन र माओले नङ्ग्याएर नै वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नुभएको थियो । लेनिनले साम्राज्यवाद भनेको मरणासन्न पुँजीवाद, एकाधिकार पुँजीवाद, वैज्ञानिक समाजवादी क्रान्तिको पूर्वबेला भन्नुभएको थियो भने माओले कार्यनीतिक रूपमा साँच्चैको बाघ भए पनि रणनीतिक रूपमा कागजी बाघ भन्नुभएको थियो । तेस्रो कुरा, अमेरिकामा पढेलेखेका विद्वान् श्री मिश्र पुँजीवादी साम्राज्यवादलाई बचाउन ज्यान फालेर लागेका छन् । त्यसकारण उनी मालेमावादको रूखमा चढेर त्यसका मूल हाँगा काट्दै गएपछि जरा उधिन्न सकिन्छ भन्ने योजनामा व्यस्त छन् ।

मिश्र रूपमा स्वतस्फूर्ततावादी र सारमा मालेमावादको परित्याग गराउन खटाइएका योजनाकार हुन् भन्ने कुरा उनका विभिन्न समयमा प्रकाशित पुस्तकहरूले पुष्टि गर्दछन् । यो कुरा उनकै कथनबाट पुष्टि हुन्छ । उल्लिखित पुस्तकमा सङ्गृहीत 'भ्रान्तिका सय वर्ष' शीर्षकको आलेखमा उनी भन्दछन् :

'कालान्तरमा पुँजीवादको विघटन हुन्छ । यसको वैधतामा ठूलो ह्रास आउँछ । यो अवश्यम्भावी छ तर हाल केही पुस्ताका लागि त्यस्तो विघटन वा ह्रास हुने कुनै सम्भावना देखिँदैन । आफ्नै अगाडिको बाघसँग डटेर अडौँ, अनाहकमा मनको बाघ पालेर स्वास्थ्य नबिगारौँ । सय वर्ष लामो भ्रान्ति तोडौँ ।'

उही, पृ. ३५१ ।

यो आलेख उनले सन् २०१७ मा लेखेका हुन् । अक्टोबर क्रान्ति भयो र लेनिन तथा स्टालिनको नेतृत्वमा वैज्ञानिक समाजवादी गणतन्त्र सोभियत सङ्घमा ३६ वर्ष समाजवादी व्यवस्था सञ्चालन भयो । त्यसले हिटलरी फासिवादको अन्त्य गऱ्यो । अमेरिकाको तीन सय वर्षको विकासलाई यसले तीस वर्षमै उछिन्यो । दोस्रो विश्वयुद्धमा फासिवादको पराजयसँगै युगोस्लाभिया, चेकोस्लोभाकिया, हङ्गेरी, रोमानिया, अल्बानिया, बुल्गेरिया, पूर्वी जर्मनी, पोल्यान्डमा वैज्ञानिक समाजवादको विस्तार भयो । दोस्रो विश्ययुद्धपछि नै चीनमा क्रान्ति सम्पन्न भएपछि उत्तरकोरिया, क्यूबा, भियतनाम, कम्बोडिया र लाओसमा आआफ्नै ढङ्गले वैज्ञानिक समाजवाद स्थापना भएको थियो । सोभियत सङ्घर्षपछि मङ्गोलियामा समाजवादी क्रान्ति भएको थियो । यति मात्र होइन, टर्की, फिलिपिन्स, इन्डोनेसिया, चिली, पेरू, निकारागुवा, भारत र नेपालमा सशक्त रूपमा क्रान्तिकारी आन्दोलन भए । इन्डोनेसिया, चिली र निकारागुवामा त सफल पनि भए क्रान्तिकारी साम्यवादी दल । त्यसकारण पुँजीवाद र पुँजीवादी साम्राज्यवादमाथि यो विजयलाई नदेख्ने र पराजयबाट त्रसित हुँदै पुँजीवादी साम्राज्यवादको शरणमा पुग्नु चैतन्य मिश्रका निम्ति पुँजीवादी अवसरवाद हो । चैतन्य प्रवृत्तिबाट निर्देशित भएर नै नेकपा (दोहोरो) दलाल पुँजीवादी भएर साम्राज्यवादको दलदलमा फसेको हो ।

कालान्तरमा पुँजीवादको विघटन भइहाल्छ । अहिले त्यसका विरुद्ध आन्दोलन उठाएर 'स्वास्थ्य नबिगारौँ ।' सय वर्षको भ्रान्ति तोडेर 'पुँजीवाद भन्न त्रास नमानीकन यसको रमाइलो भोग गरौँ' यही नै मिश्रजीको मूल नारा हो । साम्यवादी आन्दोलनलाई स्वतस्फूर्ततावाद हुँदै प्रतिक्रियावादमा पुऱ्याउने योजनामा उनी पूरै टुप्पी कसेर लागेका छन् । घोषित रूपमा नै

... बाँकी पृष्ठ ७ मा

# बर्मन बुढा : कम्युनिस्ट आन्दोलनका एक अथक योद्धा


सन्तोष बुढामगर

२०७७ साल साउन ६ गते बीपीको र ७ गते पुष्पलाल स्मृति जयन्ती थियो । ६ गते बेलुका मलाई एउटा जरुरी खबर आयो, 'बर्मन दाइलाई आज फेरि पाटन अस्पताल लगिएको छ। उहाँ अब जीवनको अन्तिम घडीमा हुनुहुन्छ।' त्यसको करिब ३/४ दिनअगाडि छोरीले खबर सुनाएकी थिइन्, ' बर्मन पागो सिकिस्त हुनुहुन्छ । मागो र दिदीहरू सबै रोइरहनुभएको छ । उपचारमा कार्यरत डाक्टर हरूको भनाइअनुसार क्यान्सर उहाँको कलेजोमा पुगेको छ । उहाँमा जन्डिस (पहेँलो रोग) देखापरेको छ । यो क्यान्सरको अन्तिम अवस्था हो रे ।' ७ गते बिहानै मलाई पार्टी केन्द्रीय कार्यालयबाट खबर आयो, 'क. बर्मन बुढाको देहान्त भयो रे ! सम्भव छ भने एउटा श्रद्धाञ्जली तथा समवेदना सन्देश पठाउनुस ।' म मुस्किलले फोन लाग्ने ठाउँमा थिएँ। मसँग अरू केही थिएन । त्यो खबरले म एकछिन स्तब्ध भएँ । भावुक भएँ । दुई थोपा आँसुले उहाँलाई मौन श्रद्धाञ्जली दिएँ । अनि सम्झिएँ विगत र वर्तमानलाई । सम्झिएँ थवाङलाई र उहाँसँगका औपचारिक-अनौपचारिक सहकार्यहरू, उहाँको जीवन्त इतिहासका कुराहरू, अनि सम्झिएँ कम्युनिस्ट आन्दोलन, रोल्पा जिल्ला पार्टी, पार्टी टुटफुटका बक्रचित्रहरू, उहाँको सङ्घर्षशील जीवन, सहयोद्धा, सहकर्मी दौँतरी र सादा जीवनशैली, अनि सम्झिएँ कम्युनिस्ट आन्दोलनको पुराना समकालीन नेताहरू । त्यसपछि हतारमा एउटा कापीको पानामा छोटो समवेदनापत्र लेखेँ र वक्तव्यमार्फत प्रतिबन्धित अज्ञात स्थानबाट हावाको सहाराबाट भावपूर्ण श्रद्धाञ्जली पठाएँ । परिवारजनमा समवेदना प्रकट गरेँ । संयोग पनि कस्तो ! नेकपाका संस्थापक नेता पुष्पलालकै स्मृति दिवसकै दिन पारेर उहाँले संसारबाट बिदा लिनुभयो।

वंशनाताले मेरो सहोदर दाइ, गाउँले नाताले एक अग्रज, थवाङका सन्दर्भमा एक जिउँदो इतिहास, पार्टी र राजनीतिमा एक असल अभिभावक गुमाएको गहिरो महसुस गरेँ। यसले मलाई गम्भीर पनि बनायो। '...मान्छे कहिल्यै नमरे हुन्थ्यो, सधैँभरि सँगै रहन पाए हुन्थ्यो' भन्ने सबै मानव जातिको चाहना हो। सायद परिवारजनमा पनि यही हुनु स्वाभाविक हो तर यथार्थ बिल्कुल उल्टो छ। एक दिन सबैले सारा छोडेर जाने जैविक नियम हामी सबैले बेहोर्नैपर्छ। बरु बाँचुन्जेल कसले के-कति राम्रो काम गर्‍यो, मानवीय भलाइका लागि केके काम गरेर गयो ? भन्ने पक्ष उसबाट सिक्ने कुरा मुख्य हो।

जीवनको अन्तिम घडीमा बर्मन दाइलाई एक थुँगा फूल अर्पण गर्न र अन्तिम सलाम भन्न पाइनँ । सायद बर्मन दाइ जीवित रहनुभएको भए यो प्रतिकूलता सजिलै बुझ्न सक्नुहुन्थ्यो होला तर आज उहाँ माझमा हुनुहुन्न । ढिलै भए पनि म उहाँलाई शब्दश्रद्धाका रूपमा भए पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र शोकाकुल परिवारमा समवेदना र धैर्यधारणको कामना गर्दछु।

सबैलाई थाहा छ, कम्युनिस्ट नामको दलाल पुँजीवादी सरकारले हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगाएको पनि अठार महिना भयो। क्रान्तिको खातिर प्रतिक्रान्तिका विरुद्ध खडा भएका सहयोद्धा साथीहरू आज सयौँको सङ्ख्यामा जेल र हिरासतमा छन् । हजारौँ हामी नेता र कार्यकर्ताहरू नचाहेर पनि भूमिगत हुन बाध्य छौँ । जनताका बीचमा कम्युनिस्ट विचारको प्रचारसम्म गर्न दिइएको छैन जसका कारण हाम्रो पार्टीले बर्मन दाइको पार्थिव शरीरमा कम्युनिस्ट झन्डा ओढाउन पाएनौँ । यसको फाइदा पतीत र कम्युनिस्ट आन्दोलनमा कम्युनिस्ट खोलमा देखापरेका साम्राज्यवादी दलालहरूले उठाए । 'कलङ्कित दलालहरूको बिटुलो हातबाट झन्डा ओढ्नु पर्दा बर्मन दाइको निश्छल शरीरमा दाग लाग्ने हो कि' भन्ने स्थिति आयो । 'स्वर्ग' मा खबर पठाएर वा फोन, इमेल गरेर हुने भए म त्यो 'पतीतहरूका हातले छोएको झन्डालाई रछ्यानमा फालिदेऊ' भन्ने थिएँ ।

विक्रम संवत् १९८७ मा थवाङ५ मा जन्मनुभएका बर्मन बुढामगर ९० वर्षको उमेरमा क्यान्सरको रोगबाट ग्रसित हुनुभयो । केही समयअगाडि पाटन अस्पतालमा आन्द्राको क्यान्सरको अप्रेसन गर्नुभएको थियो । अन्तिममा क्यान्सर कलेजोमा सङ्क्रमण भएपछि त्यसैको कारणले उहाँको देहान्त भयो । शारीरिक हिसाबले फुर्तिला बर्मन बुढा विगत केही वर्षयता बिस्तारै अस्वस्थ हुँदै आउनुभएको थियो । कहिले आँखाको, कहिले ढाडको र कहिले पेटको रोगले सताउँदै आएको थियो । अन्तिममा आन्द्राको क्यान्सरसँग उहाँले हार खानुभयो । थवाङ र ललितपुरस्थित उहाँकी छोरीको घरमा सजिलैसँग जहिले पनि भेट हुन सकिने बर्मन दाइसँग विगत डेढ वर्ष प्रतिबन्धपछि भेट हुन पाएको थिएन । नत्र विगतमा मेरो उहाँसँग स्थानीय र राष्ट्रिय राजनीतिका विषयमा निकै छलफल भैरहेको हुन्थ्यो ।

उहाँका ३ श्रीमतीबाट ३ छोरा, ३ छोरीहरूमा पहिली छोरीको निधन भएको छ। पहिली श्रीमतीसँग उहिल्यै सम्बन्धविच्छेद भएको थियो। दोस्री श्रीमतीको पनि पाठेघरको क्यान्सरबाट पहिले नै मृत्यु भएको थियो । तेस्री श्रीमती अहिले पनि हुनुहुन्छ । उहाँका ३ दिदीबहिनी र ३ दाजुभाइ गरी ६ भाइबैनामा जेठी दिदीपछि बाआमाका दोस्रो सन्तान र ३ भाइमा जेठो छोरो हुनुहुन्थ्यो । उहाँ युवा अवस्थामा आउँदासम्म भेडी गोठालो, गाउँमा द्विपक्षीय सङ्घर्षपछि गाउँले राजनीतिमा आउनुभयो । बिस्तारै गाउँको द्विपक्षीय सङ्घर्षले कम्युनिस्ट विचारतिर तान्यो र जेलभित्रै कम्युनिस्ट विचार अँगाल्दै गाउँमा कम्युनिस्ट विचार प्रवेश गराउँदै २०१४/१५ सालपछि मुखियाली (तालुकदारी) जिम्मा समालेपछि निरन्तर २०४६ को बहुदलीय व्यवस्था आउँदासम्म पनि मुखियाली कार्यभार समाल्दै आउनुभयो। उहाँ रोल्पा जिल्लाको उत्तरी भेगमा अन्य मौजाका मुखियाहरूले समेत मान्ने सर्वमान्य मुखिया अर्थात् मुखियाहरूको पनि मुखियाका रूपमा स्थापित हुनुहुन्थ्यो । पद र प्रतिस्ठाको लोभ पटक्कै नभएका बर्मन बुढा २०१८ पछि पञ्चायती व्यवस्था आएपछिका स्थानीय चुनावहरूमा सुरुसुरुमा आफैँ भाग लिनुभएन । अरूले प्रधानपञ्च बन्ने प्रस्ताव राख्दा पनि नमानेर अरूलाई नै अगाडि सार्नुभएको भनेर सोध्दा 'पार्टीकै नीति र सल्लाहमा यसो गरेको' बताउनुहुन्थ्यो । पञ्चायत कालभरिमा उहाँ दुई अवधि मात्र निर्विरोध प्रधानपञ्च हुनुभएको थियो । किन अरू बेला हुनुभएन भनेर सोध्दा 'सुरुमा पार्टी नीतिअनुसार नउठेको, दोस्रोमा साथीहरूले प्रेसर गर्नुभयो । मैले निर्विरोध भएमा हुन्छ भनी स्वीकारेँ । पछि नयाँ पुस्तालाई तिमीहरूले गर भनेर छाडिदिएँ' भन्ने उहाँको भनाइ थियो । २०३९ पछि उहाँले युवा पुस्तालाई सहयोग गर्दै आउनुभयो ।

उहाँको स्वभाव सरल, सरस, मिलनसार, कहिल्यै नरिसाउने र निडर थियो । पदप्रतिष्ठामा कहिल्यै लोभलालच नगर्ने सादा जीवनशैलीको त एक नमुना नै हुनुहुन्थ्यो । उहाँको आमचरित्र राजनीतिकभन्दा पनि सामाजिक चरित्र ९:बककर ऋजबचबअतभच० को थियो । विचारमा अडिग, कहिल्यै कम्युनिस्ट विचारबाट दायाँ-बायाँ नगर्ने तर कम्युनिस्ट आन्दोलनमा बेला-बेलामा आउने उतार-चढावले कहिलेकहीँ केही अलमल र द्विविधा आए पनि छलफल र यथार्थ बुझेपछि युवा पुस्तालाई सहयोग गरेर जाने उहाँको स्वभाव थियो ।

बर्मन बुढालाई सम्झँदा यससँग अनिवार्य रूपमा थवाङ जोडिएर आउँछ । थवाङको इतिहास निर्माणमा उहाँको महत्वपूर्ण योगदान छ । थवाङको इतिहास निर्माण, त्यहाँको द्विपक्षीय सङ्घर्ष, थवाङमा कम्युनिस्ट राजनीतिको बीजरोपण, समाज सुधार र विकास, वर्गसङ्घर्ष, रोल्पा जिल्लाको कम्युनिस्ट पार्टीको इतिहास, २०४८ सालको संसदीय निर्वाचनमा विरोधी काङ्ग्रेस-पञ्चहरूको अफवाहहरूको भण्डाफोर, जनचेतनाको प्रचारप्रसार र विकासमा उहाँको सक्रिय भूमिका र योगदान रहेको छ।

नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन र दस वर्षको जनयुद्धको इतिहाससँग थवाङ अनिवार्य जोडिएर आउने विषय बनेको छ । सकारात्मक वा नकारात्मक रूपमा थवाङ राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चर्चित छ । २००६ सालमा भारतमा स्थापना गरिएको नेपाल कम्युनिस्ट पार्टी २००७ सालमा राणा शासन अन्त्य भएर प्रजातन्त्र आयो भनिए पनि २ वर्ष नहुँदै २००८ सालमा फेरि पार्टीमाथि प्रतिबन्ध लाग्यो । यही प्रतिबन्धित अवस्थामा थवाङमा कम्युनिस्ट बीजरोपण गर्ने काममा थवाङका दुई पात्रहरूको नाम अगाडि आउँछ । तीमध्ये बर्मन युवा पुस्ताका र कृष्ण भाँक्री पुरानो पुस्ताका हुनुहुन्थ्यो । २०१०/११ तिरबाट थवाङका मुखिया कृष्ण भाँक्रीको विपक्षमा उभिएर युवा बर्मन बुढाले कृष्ण मुखियाको अत्याचारको विरोधमा विद्रोह गरेपछि थवाङको स्थानीय भाषामा 'नयाँ शेर र पुराना शेर' का बीचको झगडाले द्विपक्षीय सङ्घर्षको रूप लिन पुग्यो । नयाँ शेरको नेतृत्व बर्मन बुढाले र पुरानो शेरको नेतृत्व कृष्ण भाँक्रीले गरे । सुरुमा दुवै पक्ष कम्युनिस्ट भएर द्विपक्षीय रूपमा तालुकदारीको छिनाझपटीजस्तो देखिए पनि सार पक्षचाहिँ अन्याय र अत्याचारका विरुद्ध विद्रोह थियो । पछि कृष्ण मुखियाको अत्याचारको अन्त्य र मुखियालीबाट



हात धुने काम दुवै सँगैसँगैजसो भयो । यसपछि युवा बर्मन बुढा थवाङ मौजाको मुखिया बने । बर्मन मुखिया बनेपछि र कृष्ण भाँक्रीको मृत्युपछि कृष्ण पक्षकाले बर्मन बुढालाई कम्युनिस्टको आरोप लगाएर जब प्रशासनसँग मिलेर थवाङमाथि दमन र कम्युनिस्टहरूमाथि दुःख दिने काम सुरु भयो त्यसपछि भने थवाङको द्विपक्षीय सङ्घर्षले वर्गसङ्घर्षको रूप लिन पुग्यो । यसरी हेर्दा थवाङमा अघोषित रूपले कम्युनिस्टको बीजरोपण गर्नेमा कृष्ण भाँक्री र बर्मन बुढाको भूमिका प्रधान रहेको छ । उहाँहरूले यो बीज प्युठान जेलबाट लिएर रोप्नुभयो । यसको अङ्कुरण २०१२ सालमा पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएपछि २०१३ असारमा अङ्कुरित भयो । यो पार्टी सेल कमिटी र किसान सङ्गठनका रूपमा देखापर्‍यो । यसका संस्थापकहरूमध्ये एकजना बर्मन बुढा आफैँ हुनुहुन्थ्यो । त्यही अङ्कुरबाट विकसित हुँदै पछि यही नै २०३७ सालमा रोल्पा जिल्लाको पार्टीको पहिलो जिल्ला समितिका रूपमा विकास भयो । अहिले थवाङको पार्टी समिति रोल्पा जिल्ला, जनयुद्ध र प्रचण्डको विचलनपछि एकीकृत जनक्रान्तिको क्रान्तिकारी धारमा उभिएको छ । यसरी एकीकृत जनक्रान्तिको जग जनयुद्ध थियो भने जनयुद्धको केन्द्र रोल्पा थियो र रोल्पा जिल्ला पार्टीको जग वा न्युक्लियस थवाङ थियो । स्मरणीय छ, नेकपाको आठौँ महाधिवेशन थवाङमा भएको थियो भने त्यही महाधिवेशनबाट एकीकृत जनक्रान्तिको सिद्धान्त प्रक्षेपण भएको छ ।

यसरी २०१३ सालमा थवाङमा अङ्कुरित पार्टी समिति करिब २३ वर्षपछि थवाङमै रोल्पा जिल्ला पार्टी (डीओसी) का रूपमा विकास भयो । आखिर त्यसैको विकासले २०४७/४८ सालको चुनावी सङ्घर्ष, २०५०-५२ सम्मको ग्रामीण वर्गसङ्घर्ष, २०५२ फागुन १ पछिको जनयुद्ध, २०६२/६३ पछिको शान्तिपूर्ण १० वर्ष र भीषण दुई लाइन सङ्घर्ष पार गर्दै एकीकृत जनक्रान्तिसम्मको यात्रामा रोल्पा जिल्लाको क्रान्तिकारी आन्दोलनमा योगदान र यसको जग निर्माण गर्ने, हौसला दिने, अभिभावकत्व गर्ने काममा क. बर्मन बुढाको योगदानलाई महत्वपूर्ण र अविच्छिन्न योगदानका रूपमा हेर्न सकिन्छ । २०६९ पछि प्रचण्डको विचलनवादी धारबाट विद्रोह गरी नेकपा इयास माओवादी बनेपछि सातौँ महाधिवेशनपछिको केन्द्रीय समितिमा उहाँ हाम्रो पार्टीको केन्द्रीय सल्लाहकार पनि हुनुभएको थियो ।

समकालीन कम्युनिस्ट नेताहरूको सन्दर्भ कोट्याउने हो भने उमेर र वर्षको हिसाबले मोहनविक्रम सिंह र मोहन वैद्य 'किरण' हरू बर्मनभन्दा कयौँ वर्षले कान्छा भएर पनि जाति, समुदाय र स्थानविशेष तथा शिक्षादीक्षा, उत्पादन सम्बन्ध र सामाजिक-सांस्कृतिक सम्बन्धको प्रभाव, अवसर आदिका कारणले उनीहरू राजनीतिक क्षेत्रमा अगाडि पर्नुका साथै नेतृत्व तहसम्म पुग्न सके तर बर्मन बुढा भने त्यो थवाङको कुवाभन्दा बाहिर निस्कन सक्नुभएन । परिणाम राष्ट्रिय व्यक्तित्व र स्थानीय व्यक्तित्वमा अन्तर भयो । फेरि पनि विचार र निष्ठामा दायाँबायाँ गर्नुभएन । उहाँ अहिलेसम्म पनि कम्युनिस्ट निष्ठाप्रति धीर र अडिग रहँदै आउनुभयो । समकालीन नेता र व्यक्तित्वका कारण २०४८ सालसम्म दुवै एमबीबाट प्रभावित भए पनि २०४२ पछिको मशाल पार्टीको विभाजन हुँदा यसले केही प्रभाव पार्‍यो । केही समय यो विभाजनले कुन ठीक र कुन बेठीक भन्नेमा उहाँमा केही अलमलको अवस्था आए पनि पछि निरन्तर छलफल र गाउँको वातावरणले फेरि उहाँले सही ट्र्याक पकड्नुभयो । अन्तिममा उहाँ मोहनविक्रमको लाइन गलत भएको निष्कर्षमा पुग्नुभयो । २०४८ सालमा रोल्पा क्षेत्र नं. १ बाट संसद्को उम्मेदवारका रूपमा उहाँलाई पार्टीले अगाडि सार्‍यो । विगत ३० वर्षदेखि पञ्चायत कालभरि माननीय/रापंस र पटकपटक मन्त्री खाएका बालाराम घर्तीलाई पराजित गर्दै रोल्पा १ बाट विजयी हुनुभयो । उहाँ संयुक्त जनमोर्चाका तर्फबाट जित्ने ९ जना सांसदमध्ये एकजना हुनुहुन्थ्यो । आफ्नो जीवनभरि कहिल्यै कोट, पाइन्ट र सुरुवाल नलगाउने बर्मन बुढाले संसद्मा पनि कहिल्यै कोट, पाइन्ट वा सुरुवाल लगाउनुभएन, बरु आफ्नै स्थानीय पोसाक, कमिज र छड्के बेरेर छुट्टै पहिचान कायम गर्नुभयो ।

यसै क्रममा एकपटक सांसदहरूको बङ्गलादेश भ्रमण दलमा उहाँ पनि पर्नुभयो । तर उहाँलाई भ्रमणमा जानलाई अनिवार्य राष्ट्रिय पोसाक वा कोट-पाइन्ट लाउने निर्देशन दिइयो तर उहाँले त्यो इन्कार गर्नुभयो र आफ्नै ड्रेसमा जान पाउने भए जाने नत्र भ्रमणमै नजाने भनी अड्डी लिएपछि अन्त्यमा आफ्नै ड्रेसमा नै जान पाउनुभयो । दोस्रो घटना २०३७ सालको जनमतसङ्ग्रहमा पूरै मत बहुदललाई दिएकोमा र रोल्पा जिल्ला पञ्चायतको निर्णयअनुसार दाङ घोराहीदेखि सदरमुकाम लिबाङसम्म जिल्लाका ५१ वटै पञ्चायतले श्रमदानमा घोडेटो बाटो खन्ने योजनालाई थवाङले बहिष्कार गरी खन्न नगएको निहुँमा उहाँलाई २०३७ देखि २०३९ सम्म २८ महिना शान्तिसुरक्षामा जेलमा राखियो । २०३८ सालमा उहाँको विषयलाई लिएर राष्ट्रिय पञ्चायत चुनावमा थवाङले शून्य मत दियो । यो कारण २०३८ कात्तिकमा भएको थवाङको सैन्य अप्रेसनमा एक दर्जन साथीहरूलाई जेल र मसहित दर्जन साथीहरू राज्य विप्लवलगायत दर्जनौँ झुट्टा मुद्दामा भूमिगत भयौँ । यही मुद्दामा थवाङ्गीहरूले राजाको विरोध, पञ्चायतको विरोध गरेर चुनाव बहिष्कार गरेको आरोप विरोधीहरूले राजाकहाँ पुर्‍याएकाले राजाले थवाङ्गीहरूको प्रत्यक्ष विचार बुझ्ने विचार गरेपछि २०४० तिर राजा वीरेन्द्रको मध्यपश्चिमको भ्रमणका क्रममा थवाङबाट राजाको दर्शनभेटमा जाने खबर आयो । थवाङका तर्फबाट प्रतिनिधिमण्डलका रूपमा बर्मन बुढा, धर्मबहादुर रोका र दिलकुमार बुढा ३ जनालाई पठायौँ । त्यसबेला पनि उहाँहरूले स्थानीय थवाङ्गी पोसाकमा राजालाई सार्वजनिक रूपमै भेट्नुभयो । त्यति बेला राजाको दर्शनभेटमा नेपाली पोसाक अनिवार्य गरिन्थ्यो । त्यो दर्शनभेटमा अरूलाई ३-५ मिनेट कुरा सुन्ने राजाले र शिर झुकाएर बोल्नुपर्ने नियममा उहाँहरू ३ जनाले शिर ठाडो पारेर आमनेसामने आधा घन्टा समय दिएर प्रश्न-उत्तरको शैलीमा कुरा गरेको देख्दा प्रत्यक्षदर्शी र टीभीहरूमा देख्नेहरूले दुईटा प्रतिक्रिया दिए । एकथरिले भने, 'कस्ता मूर्खहरू, राजाको अगाडि पनि शिर ठाडो पारेर हाँस्दै, आफ्नो पाखे पोसाकमा कुरा गर्छन् ।' अर्काथरिले भने, 'कस्ता साहसी हुन्, राजाको अगाडि पनि आफ्नै पोसाकमा, निर्धक्क, शिर ठाडो पारेर हाँसी-हाँसी कुरा गर्छन् । राजा पनि कस्ता राजा ता विरोध गर्नेहरूको आधा घन्टा समय दिएर कुरा सुन्छन् । भक्तहरूको ३/४ मिनेट मात्र सुन्छन् । त्यो पनि झुकेर जानुपर्ने ता ता ता' यो टोलीको पनि नेतृत्व बर्मन बुढाले नै गरेका थिए । यसरी बर्मन बुढा एक निडर, साहसी जननेता थिए ।

कुनै बेला थवाङमा ठूलठूला सङ्घर्षहरू हुँदै आएको छ । सुरुमा सङ्घर्षशील दुवै पक्ष कम्युनिस्ट नै थिए । तर कृष्ण भाँक्रीको मृत्युपछि कृष्ण पक्षको नेतृत्व गर्ने रामकुमार बुढाले प्रशासनको सहारा लिन पुगेपछि यो सङ्घर्षले अर्कै मोड लिन पुगेको देखिन्छ । २०३६ पछि हामी नयाँ युवा पुस्ताहरूको उदयपछि यो सङ्घर्षलाई किनारा लगायौँ । पहिलो पुराना दुवै पक्षका पुस्ताको नेतृत्व करिब अन्त्य भइसकेको र नयाँ फ्रेस युवा पुस्ता नेतृत्वमा आएको अवस्था र दोस्रो पार्टी कमिटी सुदृढ भई शत्रु र मित्र शक्तिको पहिचान गर्ने कम्युनिस्ट विधि र प्रणालीको विकासले रूपान्तरण र नयाँ युगको गति र मागलाई पकड्ने आवश्यकताको बोध आदि कारणले थवाङमा प्रत्यक्ष द्विपक्षीय र दुई वर्गीय सङ्घर्षको सापेक्षिक रूपले अन्त्य गरिएको अवस्था थियो । यो हाम्रो वर्गसचेतना र सचेतन पक्षको परिणाम थियो जसको कारण २०३८ पछि थवाङमा पहिलेको स्थिति दोहोरिएन । सायद यसैको कारण थवाङमा पार्टीको नीति लागू गर्दा एकरूपता र एकमतले गर्ने जुन स्थिति बनेको थियो त्यो कारणले पनि थवाङ र रोल्पा जनयुद्धको एउटा केन्द्र बन्न आइपुग्यो । क्रान्तिकारी आन्दोलनका क्रममा रोल्पा र थवाङका सकारात्मक ऐतिहासिक घटनाक्रमहरू यसैका परिणाम हुन् । समकालीन अवस्थामा थवाङको वर्गसङ्घर्षमा ३ जना हस्तीहरू थिए- बर्मन बुढा, धर्मबहादुर रोका र पुनबहादुर रोका । तीमध्ये बर्मन जननेताजस्तो साना केटाकेटीदेखि बुढाबूढीसम्म मिल्न र खेल्नसक्ने, धर्मबहादुर रोका बुद्धिजीवी, कूटनीतिज्ञ र विचारकजस्तो र पुनबहादुर रोका फौजी कमान्डरजस्तो । गल्ती गर्नेलाई पहिले झपाड दिएर मात्र कुरा गर्ने स्वभावका थिए। यी तीन हस्तीहरूले एक पुस्ताको थवाङको वर्गसङ्घर्षलाई पार गरेका थिए। यसपछि दोस्रो पुस्ता र हामी तेस्रो, चौथो युवा पुस्ताको उदयले थवाङलाई निरन्तर क्रान्तिकारी दिशामा अग्रसर बनाउँदै आउने काम भयो। पछिल्लो समयमा प्रचण्डको नवसंशोधनवादको उदयले थवाङमा प्रचण्डपथीय माओवादी धमिरा पस्यो । यो पछिल्लो एकीकृत जनक्रान्तिकालको चुनौतीका रूपमा देखापरेको छ जोसँग अहिलेको युवापङ्क्ति जुधिरहेको छ।

आज त्यो व्यक्तित्व नेपाली कम्युनिस्ट आन्दोलनका एक अविराम हस्ती बर्मन बुढा हाम्रोमाझ रहनुभएन। उहाँले आन्दोलनलाई थवाङ र थवाङका जनतालाई नासोका रूपमा छोडेर जानुभएको छ । वैचारिक हिसाबले थवाङमा कम्युनिस्टको बीज रोप्ने र हुर्काउने काम गरिदिनुभयो जसले पछि रोल्पाको कम्युनिस्ट पार्टी जन्मायो । यसले जनयुद्ध जन्मायो । उहाँले निरन्तर सङ्घर्षमा कहिल्यै नथाक्ने र हरेक अप्ठ्याराहरूमा पनि नआत्तिने, दायाँबायाँ नगर्ने धैर्य, साङ्गठनिक रूपले पद, प्रतिष्ठा, लोभ-लालच र अभिमान नगर्ने शिक्षा दिएर जानुभएको छ । खुला-स्पष्ट र मिजासिलो, मिलनसार जनशैली, सादा जीवन, निडर, अडिग स्वभाव हामीले उहाँबाट सिक्नुपर्ने र कहिल्यै बिर्सन नहुने शिक्षा हुन् ।

अन्त्यमा आदरणीय दाजु बर्मन बुढा, तपाईंलाई मेरो अन्तिम सलाम ! थवाङले तपाईंको बाटो पछ्याइरहनेछ । क्रान्ति सम्पन्न नहुँदासम्म कहिल्यै थाक्नेछैन । थवाङको आशा, लक्ष्यविन्दु जाने गलत प्रवृत्तिसँग निरन्तर र अविराम सङ्घर्ष जारी राख्नेछ । युवा पुस्ताहरूले थवाङलाई कहिल्यै ढल्न दिने छैनन् । अल बिदा ।

# एकीकृत जनक्रान्तिका ...

भत्किन पुगेका छन् । माओवादी नेतृत्वको विचलन र पतन यसको सबैभन्दा ठूलो उदाहरण हो ।

हामीले पार्टी पुनर्गठन गरेदेखि नै वैचारिक–राजनीतिक विषयप्रतिको प्रतिबद्धतालाई विशेष जोड दिँदै आएका छौँ तथापि केही समस्याहरू अझै पनि देखा परिरहेका छन् ।

विश्व-कम्युनिस्ट आन्दोलनमा मार्क्स–एङ्गेल्सको निधनपछि दोस्रो अन्तर्राष्ट्रियमा वैचारिक–राजनीतिक समस्या उत्पन्न भयो । खासगरी कार्ल काउत्स्कीले सन् १८९६ पछि सुधारवादी, दक्षिणपन्थी, पुँजीवादपरस्त विचार अँगालेपछि यो समस्या बढ्न पुग्यो । लेनिनले काउत्स्की, मार्तोभ, मिलेराँलगायत गलत विचारविरुद्ध सङ्घर्ष गरेर कम्युनिस्ट आन्दोलनलाई मार्क्स–एङ्गेल्सको सही विचारमा पुनर्स्थापित गर्नुभयो । परन्तु लेनिन–स्टालिनको मृत्युपछि सन् १९५६ देखि ख्रुस्चोभले संशोधनवादी राजनीतिक विचार पकड्न पुग्यो । त्यसले पहिलो समाजवादी देश रुसमा विचार–राजनीतिमा विचलन पैदा भयो । कमरेड माओको नेतृत्वमा ख्रुस्चोभी संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष चल्यो र एक हदसम्म सफलता पनि प्राप्त भयो । तर आज चीन, भियतनाम, कोरिया, क्युबाहरूले विश्व- समाजवादी विचार–राजनीतिको नेतृत्व र पक्षपोषण गर्नुको साटो आआफ्नो देशका विशेषताका समाजवाद भनेर सत्ता सञ्चालन गरिरहेका छन् । यसकै परिणाम आज विश्व-पुँजीवादी व्यवस्थामा ठूलठूला सङ्कटहरू पैदा हुँदा पनि सर्वहारावर्गीय वा वैज्ञानिक समाजवादी क्रान्ति हुन सकिरहेको छैन ।

नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेका वैचारिक–राजनीतिक विचलनकै कारण श्रमिक जनता, कम्युनिस्ट क्रान्तिकारी र क्रान्तिले अपूरणीय क्षति र नोक्सान बेहोर्नुपरेको छ । २०२८ सालमा सुरु भएको झापा विद्रोहलाई नेपाली श्रमिक जनताले आशासहित साथ दिएका थिए तर पछि पूर्वमाले हुँदै एमालेमा वैचारिक–राजनीतिक विचलन आएपछि उत्पीडित वर्ग र जनतामा ठूलो निराशा र वितृष्णा पैदा भयो । नयाँ जनवादी सत्ता स्थापना गर्ने विद्रोहमा हिँडेका मालेका नेताहरू (केपी, सीपीहरू) ले सामन्ती तथा दलाल बहुदलीय संसदीय व्यवस्थासामु आत्मसमर्पण गर्दै बहुदलीय संसदीय व्यवस्थालाई नै जनताको व्यवस्था भन्न पुगेपछि जनताले निकै चर्को पीडाको अनुभूति गरे । तर जब माओवादी पार्टीले २०५२ साल फागुन १ बाट जनयुद्धको पहल गऱ्यो र क्रान्तिलाई नयाँ उचाइमा उठायो माले–एमालेबाट निराश भएका श्रमिक जनता माओवादी जनयुद्धमा नयाँ आशा र विश्वासका साथ लामबद्ध भए । अपेक्षाभन्दा माथिबाट त्याग, बलिदान गर्दै जनयुद्धलाई विजयको शिखरतिर उठाए । विडम्बना ! २०६३ पछि माओवादी नेतृत्व प्रचण्ड–बाबुराम–वादलहरूले भारतीय साम्राज्यवाद र दलाल पुँजीवादसामु आत्मसमर्पण गर्दै पूर्वमालेले भन्दा पनि ठूलो घात गर्न पुगे । माले–एमालेको इतिहास नयाँ चेहरामा दोहोऱ्याउँदै दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थालाई नै जनताको व्यवस्था भन्न पुगे । यसले श्रमिक जनतालाई चकित र स्तब्ध बनायो ।

यतिबेला केपी–प्रचण्डहरू वैज्ञानिक समाजवादी क्रान्तिको आवश्यकता नरहेको, यो दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था नै जनताको व्यवस्था भएको प्रचार गर्दै एकीकृत जनक्रान्ति र नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउन र दमन गर्न आएका छन् । यी सारा विचलनहरूका कारण उनीहरूमा रहेको वैचारिक–राजनीतिक प्रतिबद्धता, निष्ठा र समर्पणको अभाव नै हो ।

हामीले प्रचण्ड–वादलहरूको आत्मसमर्पणवाद, विसर्जनवाद र राजनीतिक रूपले दलाल पुँजीवादी सत्ताका विरुद्ध विद्रोह गरेपछि श्रमिक जनता, बुद्धिजीवी, देशभक्त र आमनागरिकहरूमा नयाँ आशा पैदा गरेको छ । जनताले हाम्रो पार्टीलाई नयाँ आशा र विश्वासका साथ हेरिरहेका छन् । तथापि हाम्रो पार्टीभित्र पनि विचार–राजनीतिप्रतिको स्पष्टता, प्रतिबद्धता र समर्पणमा गम्भीर समस्याहरू देखिएका छन् । यी समस्या पार्टीको केन्द्रीय समितिदेखि नै देखापरेका छन् । कुरामा ठूलाठूला तर्क पसार्ने, आफू खाँटी क्रान्तिकारी भएको स्वाङ पार्ने, अरूलाई कमजोर देखाउन दसथरी कुतर्क बर्साउने तर प्रयोग र व्यवहारमा जाँदा पार्टी, क्रान्ति र वैज्ञानिक समाजवादी विचारका पक्षमा दृढतापूर्वक उभिन नसक्ने, दुस्मनका सामु पार्टीका नीति-योजनाहरूअनुरूप प्रस्तुत हुन नसक्ने, थोरै दबाबमै अत्तालिने, झुक्ने, पार्टीका विचारहरू परित्याग गर्ने, आत्मसमर्पण गर्ने समस्या देखिएका छन् । कहाँसम्म भने राज्यका रक्षक र सञ्चालकसमक्ष जीवनसुरक्षाको याचना गर्ने, पार्टीका विचारविरुद्ध वक्तव्यबाजी गर्ने, पार्टी छोडेर सामाजिक दलाल पार्टीमा प्रवेश गर्नेसम्मका विचलन देखिने गरेका छन् । यसले पार्टीका नेता-कार्यकर्ताहरूलाई वैज्ञानिक समाजवादी–साम्यवादी विचारबारे अन्तःहृदयदेखि प्रतिबद्ध बनाउने, आफ्नो समिति, विभाग, सङ्गठन र मोर्चाहरूलाई स्पष्ट पार्ने, मित्रशक्तिहरूलाई विश्वस्त र आश्वस्त पार्न मेहनत गर्नुपर्छ भन्ने शिक्षा मिलेको छ ।

## २) सङ्गठनात्मक आधार

क्रान्ति सफलताका लागि सङ्गठनात्मक रूपले कम्युनिस्ट सिद्धान्तअनुरूपको एक असल, इमानदार, अनुशासित, वैज्ञानिक, क्रान्तिकारी, कम्युनिस्ट पार्टी अपरिहार्य छ भन्ने हाम्रो निष्कर्ष छ । श्रमिक जनताको मन जित्नसक्ने, जनताको सेवामा समर्पित भएको, जनतालाई पार्टीवरिपरि गोलबन्द गर्ने, क्रान्ति हाँक्नसक्ने, कम्युनिस्ट विचार–राजनीतिमा सुस्पष्ट, श्रमिक जनता र क्रान्तिप्रति समर्पित पार्टी नभएसम्म दलाल पुँजीवादी सत्तालाई पछार्न सकिँदैन । यसैकारण हामीले सच्चा कम्युनिस्ट पार्टी निर्माणको विषयलाई एकीकृत जनक्रान्तिको दोस्रो आधार भनेका छौँ ।

सिद्धान्तमा कम्युनिस्ट पार्टी बनाउने कुरा र प्रयोगमा सफल गर्ने कुरा फरक छ तर क्रान्तिका लागि सिद्धान्त र प्रयोग दुवैमा इमानदार, अनुशासित, वैज्ञानिक एवम् क्रान्तिकारी पार्टी निर्माण गर्न सक्नैपर्दछ । विश्व-कम्युनिस्ट आन्दोलनमा यसलाई सही तरिकाले समाधान गर्न नसक्दा पनि पराजय बेहोर्नु परेको छ ।

मार्क्स–एङ्गेल्स जो स्वयम् कम्युनिस्ट पार्टीका सूत्रधार र संस्थापक हुनुहुन्थ्यो उहाँहरूलाईसमेत कम्युनिस्ट पार्टी निरन्तर चलाउन समस्याहरू परे । उहाँहरूले सोचेको मार्गमा जान नसक्ने देखेपछि आफैँले जन्माएको पहिलो कम्युनिस्ट अन्तर्राष्ट्रियलाई भङ्ग गर्न पुग्नुभयो । लेनिनले बारम्बार पार्टीभित्रका समस्याविरुद्ध सङ्घर्ष गर्नुपऱ्यो । स्टालिनले निर्मम सङ्घर्ष गरेर प्रतिक्रान्ति रोक्नुपऱ्यो । माओले सन् १९६६ देखि १९७६ सम्म महान् सर्वहारा सांस्कृतिक क्रान्ति नै सञ्चालन गर्नुभयो । तथापि आज कम्युनिस्ट आन्दोलनमा वैचारिक विचलन, पश्चगमन र पतन मूल समस्या बनिरहेको छ ।

हाम्रो देशमा पनि वास्तविक कम्युनिस्ट सिद्धान्तअनुरूपको कम्युनिस्ट पार्टी निर्माण र सञ्चालनमा अनेकौँ समस्याहरू देखिँदै आएका छन् । खासगरी संशोधनवादी एवम् आत्मसमर्पणवादी प्रवृत्तिले ठूलठूला क्षति पुऱ्याउँदै आएका छन् । २०१० देखि २०१७ सम्म मनमोहन र केशरजङ्गमा देखिएको संशोधनवादी समस्याले पार्टीलाई दरबार र काङ्ग्रेसको पुच्छरमा परिणत गर्न खोज्यो । मुख्यतः पुष्पलालको नेतृत्वमा यसलाई सच्याउने प्रयास भयो । २०३९ पछि माले र २०४७ पछि एमालेको संशोधनवादी नेतृत्वले पुँजीवादी बहुदलीय संसदीय व्यवस्थाको चाकरमा पतन गराउन खोज्यो । २०५२ सालपछि माओवादीको विद्रोहले त्यसलाई सच्यायो । अपसोच ! तत्कालीन माओवादीको नेतृत्व प्रचण्ड–बाबुराम–वादलहरूले २०६३ पछि दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाका सामु आत्मसमर्पण गरेपछि नयाँ सङ्कट पैदा भयो । त्यसलाई चिर्दै हामीले नेपाल कम्युनिस्ट पार्टी निर्माण गरेका छौँ ।

आज नेपाल कम्युनिस्ट पार्टीले सच्चा कम्युनिस्ट पार्टीको नेतृत्व गरिरहेको छ । परन्तु पार्टीलाई साँच्चैको कम्युनिस्ट पार्टी बनाउने चुनौती हामीसँग पनि छ । पार्टीभित्र संशोधनवादी, संसद्वादी, आत्मसमर्पणवादी समस्याहरू देखापरिरहेका छन् । खासगरी एकीकृत जनक्रान्ति अगाडि बढेपछि यी समस्या केन्द्रीय समितिमै देखिए । केही 'पीबीएम' र 'सीसीएम'हरूलाई कारबाही गर्नुपऱ्यो । समस्याहरू स्थानीय तहमा पनि देखापरिरहेका छन् । हाम्रो स्पष्ट धारणा छ- संशोधनवाद, संसद्वाद र आत्मसमर्पणवादका विरुद्ध निरन्तर सङ्घर्ष गरेर मात्र वास्तविक कम्युनिस्ट पार्टी निर्माण गर्न सकिन्छ । साथै वास्तविक कम्युनिस्ट पार्टीको नेतृत्वमा मात्र क्रान्तिको सफलता सम्भव छ ।

अतः हाम्रा नेता-कार्यकर्ताले पार्टीलाई साँच्चैको कम्युनिस्ट पार्टी, दुस्मनका सारा घुसपैठ, तोडफोड, जालझेललाई परास्त गर्नसक्ने, असल, अनुशासित, क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्नमा विशेष जोड लगाउनुपर्छ । सफल क्रान्तिका लागि असल कम्युनिस्ट पार्टी महत्वपूर्ण आधार हो भन्ने विचारलाई दह्रोसँग पकड्नुपर्छ ।

## ३) सङ्घर्षको आधार

प्रतिक्रियावादी राज्यसत्ताका विरुद्ध सङ्घर्षको सही सञ्चालन महत्वपूर्ण हुन्छ । अर्थात् क्रान्तिमा राजनीतिक एवम् वर्गसङ्घर्षलाई सही तरिकाले सञ्चालन गरेर मात्र सफलता प्राप्त गर्न सकिन्छ । राज्य र जनताका बीचमा मुख्य अन्तर्विरोध कहाँनेर छ, कुन वर्ग र प्रवृत्तिका विरुद्ध सङ्घर्ष केन्द्रित गर्ने, सङ्घर्षको कुन रूप प्रयोग गर्ने, कुन समयमा कस्तो सङ्घर्ष सञ्चालन गर्ने भन्ने विषयको सही समाधान गरेर मात्र क्रान्तिलाई सफलतापूर्वक बढाउन सकिन्छ । अर्थात् राजनीतिक अन्तर्विरोधको सही सञ्चालन गर्दै ठीक शत्रुका विरुद्ध, ठीक निशानामा, ठीक समयमा, ठीक तरिकाले सङ्घर्ष सञ्चालन गर्नु क्रान्ति सफलताको तेस्रो आधार हो ।

हामीले बुझेका छौँ- श्रमिक जनता र राज्य सञ्चालन गर्ने शासकवर्गहरूबीचमा अनेकौँ अन्तर्विरोधहरू हुन्छन् । उत्पीडक वर्गहरू एउटै नभएर अनेकौँ हुन्छन् भने उत्पीडित जनता पनि विभिन्न उपवर्गहरूमा विभक्त हुन्छन् । उदाहरणका लागि राज्य सञ्चालन गर्ने उत्पीडक वर्गहरू पुँजीपति, बहुराष्ट्रिय निगमहरू, दलाल पुँजीपति, सामन्त, सूदखोर, दलाल, मिटरब्याजे, कमिसनखोर, बिचौलिया आदि उपवर्गहरूमा विभाजित छन् भने उत्पीडित श्रमिक जनतामा पनि किसान, मजदुर, दलित, महिला, जनजाति, मधेसी, डाक्टर, इन्जिनियर, प्राध्यापक, शिक्षक, वकिल, साहित्यकार, पत्रकार, वैज्ञानिक आदि उपवर्गहरूमा विभाजित छन् । उत्पीडकहरू सबैले श्रमिक जनतामाथि शोषण गरे पनि शोषणको परिमाण र अवस्था एउटै छैन । उनीहरू श्रमिक जनताप्रति समान रूपले क्रूर पनि छैनन् । केही एकदमै अमानवीय, क्रूर र हिंस्रक छन् भने केहीकेही उदार, नरम, सुधारवादी र मानवतावादी छन् । उत्पीडित जनतामा पनि सबै समान रूपले उत्पीडित र दमित छैनन् । केही वर्ग र क्षेत्रका जनता बढी शोषित-पीडित छन् भने केही कम छन् । यो सत्ताको रक्षकका रूपमा पनि सबै उत्पीडक वर्गहरू समान रूपले सक्रिय छैनन् भने जनताहरू पनि समान रूपले विद्रोही छैनन् । तर उत्पीडितहरू सबै यो उत्पीडन र शोषणबाट परिवर्तन चाहन्छन् । यसर्थ क्रान्तिमा अन्तर्विरोधको अवस्था र चरित्र हेरेर सङ्घर्ष सञ्चालन गर्न सक्नुपर्छ ।

कम्युनिस्टहरूले क्रान्तिभित्र सङ्घर्षको सञ्चालन ठीक तरिकाले गर्न नसकेका वा भूल गरेका समस्याहरू विश्वभरि देखिन्छन् । सङ्घर्ष गर्दा कहिले असम्भव देख्ने कहिले गलत तरिकाले हमला गर्ने, गलत ठाउँमा हमला गर्नाले क्षति र पराजय बेहोरेका उदाहरणहरू छन् । हाम्रो देशमा पनि त्यस्ता समस्याहरू देखिँदै आएका छन् । पछिल्लोपटक प्रचण्डहरूले पनि त्यस्तै गल्ती गर्न पुगेका छन् । उनीहरू पुँजीवाद र दलाल पुँजीवादसँग लड्नै नसक्ने निष्कर्ष निकालेर सङ्घर्षबाट पूरै भागेका छन् ।

सङ्घर्ष सञ्चालन गर्नेमा हामीभित्र पनि गलत चिन्तनका प्रभावहरू देखिने गरेका छन् । कहिले चौतर्फी प्रहारमा पुग्न खोज्ने, कहिले कसैलाई पनि प्रहार गर्न तयार नहुने, कुनै समय पूर्वग्रही तरिकाले जडतामा हेर्ने, कुनै समय उदार बन्ने, कहिले बढी रक्षात्मक देखिन खोज्ने, कहिले अराजक बन्ने, कुनै समय जनसङ्घर्षमा मात्र अल्मलिने, कुनै समय छापामार सोचाइमा फर्किन खोज्ने समस्याहरू देखिने गरेका छन् । हामीले भने आजको परिवर्तित अन्तर्विरोध, विरोधीले विकास गरेका रणनीति र कार्यनीतिहरूका आधारमा सङ्घर्षलाई चौतर्फी मोर्चामा सञ्चालन गर्ने विचार पकडेका छौँ । यही विचारअनुसार पार्टीनेता र कार्यकर्ताहरूले पहिले मुख्य वर्गअन्तर्विरोधमा सङ्घर्षलाई केन्द्रित गर्दै अन्यलाई क्रमशः समाधान गर्ने सङ्घर्षको तरिकालाई आत्मसाथ गर्नुपर्छ । त्यसैगरी जनताको व्यापक सहयोग, समर्थन र सहभागितामा जनसङ्घर्ष र सशस्त्र सङ्घर्षको तालमेल कायम गर्न सक्नुपर्छ । यो नै क्रान्तिको महत्वपूर्ण आधार हो ।

## ४) आर्थिक आधार

क्रान्तिसँग पार्टीको सुस्पष्ट आर्थिक दृष्टिकोण, नीति र कार्यक्रमको प्रत्यक्ष सम्बन्ध हुन्छ । क्रान्तिको नेतृत्व गर्ने पार्टीसँग सुस्पष्ट आर्थिक दृष्टिकोण, नीति र योजना भएर मात्र क्रान्ति विजयी बन्न सक्छ भन्ने हाम्रो धारणा रहेको छ । सुव्यवस्थित आर्थिक दृष्टिकोण र योजनाको अभावमा न पार्टीलाई सुदृढ र परिचालित गर्न सकिन्छ, न त क्रान्तिलाई विजयसम्म नै पुगाउन सकिन्छ । क्रान्तिमा रहँदा होस् वा सत्तामा पुगेपछि कम्युनिस्ट पार्टीहरूले आर्थिक विषयलाई सही तरिकाले सञ्चालन गर्दा सफल भएका छन् भने गलत नीतिहरू प्रयोग गर्दा असफल भएका छन् ।

मार्क्स, लेनिन, माओ, हो चि मिन्ह, फिडेलहरूले पुँजीवादी आर्थिक दृष्टिकोण र नीतिहरूको विकल्पमा सही कम्युनिस्ट आर्थिक दृष्टिकोण, नीति र योजनाहरू विकास गरेकाले आफ्नो समयमा कम्युनिस्ट पार्टी, आन्दोलन र क्रान्ति हाँक्न सफल हुनुभयो । साथै सत्ता प्राप्त गरेपछि पनि वैज्ञानिक समाजवादी सत्ताहरू सञ्चालन गर्न सक्नुभयो ।

महान् अक्टोबर क्रान्ति सफल हुनुको मुख्य कारणमा सोभियत सङ्घ कम्युनिस्ट पार्टीले विकास गरेको आर्थिक नीति नै मुख्य थियो । क्रान्तिपछि सोभियत सङ्घ कम्युनिस्ट पार्टीकै नेतृत्वमा विश्वको नमुना समाजवादी आर्थिक उन्नति हासिल भएको थियो । स्टालिनले विकास गर्नुभएको आवधिक विकास योजना (पञ्चवर्षीय योजनाको नमुना) लाई विश्वले नै अनुसरण गऱ्यो । क्रान्तिको समयमा सबैभन्दा सही आर्थिक दृष्टिकोण निर्माण र प्रयोग गर्न माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टी सफल भयो । युद्धमा रहँदारहँदै चिनियाँ कम्युनिस्ट पार्टीले आफ्नै अर्थसम्बन्ध विकास गर्न जोड दियो र सफल भयो । क्रान्तिपछि पनि चिनियाँ कम्युनिस्ट पार्टी नयाँ जनवादी र वैज्ञानिक समाजवादी सत्ता विकास गर्न सफल भयो । कोरिया, भियतनाम, क्युबाका क्रान्तिकारी नेता र पार्टीहरूले पनि सही आर्थिक नीतिहरू विकास गर्न सफल भएकै कारणले क्रान्ति गर्न र समाजवाद सञ्चालन गर्न सफल भएका थिए ।

विश्वका यी कम्युनिस्ट पार्टीहरूले पछिल्लो समयमा गलत राजनीतिक–आर्थिक दृष्टिकोण र नीतिहरू अँगाल्नु तथा प्रयोग गरेका कारणले नै कम्युनिस्ट आन्दोलनले अतुलनीय एवम् अपूरणीय क्षति बेहोर्नु परेको तीतो सत्य हाम्रासामु छ । लेनिन–स्टालिनको निधनपछि रुसमा ख्रुस्चोभले अघिसारेको धनी बन्नु नराम्रो होइन, सम्पत्तिमा सम्पूर्ण जनताको स्वामित्व भन्ने गलत आर्थिक नीतिका कारण समाजवाद नै पुँजीपतिवर्गको हातमा पर्न गयो । पार्टी पुँजीपति वर्गको कब्जामा पुग्यो । त्यसैगरी निजी सम्पत्तिको स्वतन्त्रतामा बढी जोड दिन खोज्दा पूर्वीयुरोपका समाजवादी सत्ताहरू पनि ढल्न पुगे । यतिबेला चीन, भियतनाम, कोरियाहरूले पनि आफ्ना विशेषताका समाजवादहरू चलाइरहेका छन् ।

नेपालको कम्युनिस्ट आन्दोलनमा आर्थिक दृष्टिकोणको विषय निकै अपर्याप्त एवम् अस्पष्ट छ । खासखास समयमा केही प्रगतिशील एवम् जनवादी अर्थदृष्टिकोण प्रस्तुत गरे पनि प्रायः गलत दृष्टिकोण र नीतिमा विचलित हुन पुगेको देखिन्छ । नेपाली समाजबारे सही आर्थिक दृष्टिकोण निर्माण गर्न नसक्नुकै कारण क्रान्तिलाई निर्णायक बिन्दुसम्म पुऱ्याउन नसकेको र घुमिफिरी दलाल पुँजीपतिवर्गकै हिस्सेदार बन्न पुगेको देखिन्छ । यसको भद्दा अभिव्यक्ति एमाले बन्यो भने त्योभन्दा पनि कुरूप उदाहरण माओवादी नेतृत्व बन्न पुग्यो । उनीहरूले विद्रोह र जनयुद्धको समयमा क्रान्तिकारी भूमिसुधार, जसको जोत उसको पोत, दलाल पुँजीको राष्ट्रियकरण, राष्ट्रिय पुँजीको विकास, गाँस, बास, कपासको सुनिश्चितताजस्ता कार्यक्रमहरू बनाए तर जब उनीहरू भारतसँग मिलेर संसद् र सरकारमा पुगे तब सूदखोरी, दलाली, माफियागिरी, भ्रष्टाचार, कमिसनजस्ता प्रवृत्तिलाई पकड्न र संरक्षण गर्न पुगे । अन्ततः उनीहरू दलाल पुँजीवादी वर्गको पुच्छर बन्दै स्वयम् दलाल वर्गमा पतन हुन पुगेका छन् । यही समस्याका कारण क्रान्तिको ठाउँमा प्रतिक्रान्ति हाबी बन्न पुग्यो ।

पार्टी पुनर्गठनपछि हाम्रो पार्टीले सही आर्थिक दृष्टिकोण निर्माण गर्दै अगाडि बढेको छ । क्रान्तिको समय र सत्ता सञ्चालनका क्षेत्रमा कम्युनिस्ट अर्थदृष्टिकोण कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा हामीले कम्युनिस्ट अर्थदृष्टिकोण नै प्रस्तुत गरेका छौँ । यसमा हाम्रो निष्कर्ष छ- आजको युगमा सुस्पष्ट अर्थदृष्टिकोण र योजनाबद्ध अर्थयोजना भएन भने न क्रान्ति हाँक्न सकिन्छ, न त सत्ता नै सञ्चालन गर्न सकिन्छ ।

हामीले पार्टीलाई दीर्घकालिक रूपले आत्मनिर्भर बनाउने, संस्थागत उत्पादनलाई व्यवस्थित गर्ने र ठोस रूपले व्यवहारमा उतार्ने नीति तथा योजनाहरू विकास गर्नेमा जोड दिएका छौँ । यसलाई हामीले 'नियमित सहयोग र संस्थागत उत्पादनकार्यमा जोड दिने नीति' एवम् 'बलियो संस्थागत पुँजी र समृद्ध निजी जीवन' भन्ने विचार भनेका छौँ । यी विचार र नीतिहरूलाई प्रयोग गर्न थालेपछि नै हामी एकदमै प्रतिकूल अवस्थामा पनि पार्टीलाई आत्मनिर्भर एवम् व्यवस्थित प्रकारले सञ्चालन गर्न सफल भएका छौँ । वास्तवमा हामीले आर्थिक क्षेत्रमा क्रान्तिकारी पार्टीको जीवनमा अभूतपूर्व सफलताहरू प्राप्त गरेका छौँ । भविष्यमा झनै राम्रो गर्न सकिन्छ भन्ने विश्वास छ ।

पार्टीले आर्थिक दृष्टिकोण, नीति र योजनाहरूमा राम्रो विकास गरेको भए पनि यस क्षेत्रमा अझै पनि पुरानै खालका समस्याहरू देखिने गरेका छन् । संसद्वादी पार्टीहरूका निजी, भ्रष्ट एवम् अराजक गतिविधिहरूको प्रभाव हामीभित्र पनि देखिने गरेका छन् । पार्टीलाई जनतासँग जोड्नेभन्दा बढीजसो आर्थिक गतिविधिमा केन्द्रित गर्ने, पार्टीका नाममा उठेको पैसाको हिसाब पारदर्शी नगर्ने, निजी तजबिजमा पैसा चलाउने, निजी प्रयोजनका लागि पार्टीको पैसा प्रयोग गर्ने समस्याहरू देखिएका छन् । यद्यपि यी बढ्नेतिर नभई अवशेषका रूपमा देखिने गरेका छन् । तथापि यी समस्यालाई चाँडोभन्दा चाँडो हरेक पार्टीले हटाउन सचेत पहल गर्न आवश्यक छ । त्यसका लागि हाम्रो आर्थिक नीतिलाई पार्टीका सारा नेता-कार्यकर्ताहरूले गहिरो गरी आत्मसाथ गर्न आवश्यक छ ।

## ५) विज्ञान र प्रविधिको आधार

आधुनिक युगमा क्रान्तिसँग विज्ञान र प्रविधिलाई जोड्नु अपरिहार्य छ । हाम्रो पार्टीले विज्ञान र प्रविधिको विषयलाई प्राविधिक विषय मात्र नबनाएर क्रान्ति सम्पन्न गर्ने विचारसँग जोडिएको विषय बनाउनुपर्छ भन्ने दृष्टिकोण बनाएको छ ।

हामीले बुझ्नैपर्छ, यो सदीमा पुग्दा विज्ञान र प्रविधिले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धमा गहिरो प्रभाव पारेको छ । एक हदसम्म उत्पादनकार्यमा समेत भूमिका निर्वाह गरिरहेको छ । प्रविधि मानवजीवनको अभिन्न पक्ष बन्न पुगेको छ । विज्ञान र प्रविधिबाट अलग जीवनको कल्पनासम्म गर्न सकिँदैन । यसले बुझाउँछ- नागरिकहरूका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धहरूलाई बदल्नका लागि विज्ञान र प्रविधिको प्रयोग अनिवार्य हुन्छ । क्रान्तिमा यो केवल अस्थायी एवम् तजबिजको विषय नभई क्रान्तिकारी शक्ति र वर्गले अवलम्बन गर्नैपर्ने विषय बन्न पुगेको छ । यसले प्रत्यक्षतः क्रान्तिको प्रभावकारिता, तीव्रता, उच्चता र सफलतामा सम्बन्ध राख्छ । विज्ञान र प्रविधिको समुचित प्रयोगले मन्दगतिलाई तीव्र बनाइदिन्छ भने तीव्रलाई मन्द बनाइदिन्छ; समान कार्यलाई असमान, असमान अवस्थालाई समानतामा पुऱ्याइदिन्छ; कमजोरलाई शक्तिशाली बनाइदिन्छ भने शक्तिशालीलाई कमजोर बनाइदिन्छ; पछाडिलाई अगाडि र अगाडिलाई पछाडि पुऱ्याइदिन्छ । यस्ता कैयौँ पक्षहरू देख्न सकिन्छ जहाँ विज्ञान र प्रविधिको प्रयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

अर्को कुरा विज्ञान र प्रविधिलाई पार्टी र क्रान्तिका पहुँचभित्र पनि लिन सकिन्छ । पार्टी भनेको श्रमिक वर्गसँग जोडिएको शक्ति हो । यसमा बौद्धिक एवम् शारीरिक श्रम गर्ने सबै श्रमिकहरू जोडिन्छन् । त्यसले गर्दा विज्ञान र प्रविधिमा पार्टीको पहुँच सहज बन्दछ ।

हाम्रो पार्टीले यो विचार निर्माण गरेपछि विज्ञान र प्रविधिमा निकै राम्रा परिणामहरू पनि हासिल हुँदै आएका छन् । जनताले कमै आँकलन गर्ने क्षमताको विकास जनताकै बीचबाट सम्भव बन्न थालेका छन् । कुनै पनि वस्तुलाई सही विचार, सही समयमा, सही तरिकाले प्रयोग गरेको स्थितिमा सत्ताले सक्ने, क्रान्तिकारीले नसक्ने भन्ने अवस्था प्राविधिक क्षेत्रमा हुँदैन भन्ने पुष्टि भइरहेको छ । पार्टीले भविष्यमा झनै महत्वपूर्ण उपलब्धिहरू प्राप्त गर्दै जानेमा कुनै द्विविधा छैन ।

विज्ञान र प्रविधिलाई बुझ्ने सन्दर्भमा नेपाली कम्युनिस्टहरूमा केही जडसूत्रवादी, रूढिवादी र यान्त्रिकतावादी कमजोरीहरू रहँदै आएका छन् । आधुनिक सभ्यताको विकासको सुरु चरणमा विज्ञान र प्रविधिलाई सहायक र विचार–राजनीतिलाई मुख्य विषयका रूपमा मात्र बुझिन्थ्यो । अर्थात् विज्ञान र प्रविधि क्रान्तिका लागि भए पनि हुने, नभए पनि हुनेजसरी लिइन्थ्यो । त्यसको प्रभाव आज पनि कैयौँ नेता र पार्टीमा कायमै छ ।

विज्ञान र प्रविधिलाई केवल प्राविधिक मात्र ठान्ने चिन्तनले विज्ञान र प्रविधिलाई सत्ताको मात्र साधन देख्ने गल्ती गर्छ वा त्यसले क्रान्तिमा निर्वाह गर्ने भूमिकालाई न्यूनीकरण गर्छ । यही गलत बुझाइका कारण विज्ञान र प्रविधिबाट अनावश्यक रूपले आतङ्कित र त्रसित मात्र हुने वा अराजक तरिकाले प्रयोग गरेर तहसनहस बन्न पुग्ने समस्या देखिने गरेका छन् ।

हाम्रो बुझाइमा आज विज्ञान र प्रविधि बीसौँ सदीको जस्तो सत्ताको पकड र नियन्त्रणमा मात्र रहने विशेषतामा छैन । यो आमनागरिकको पहुँच र क्षमताभित्र पनि आइपुगेको छ । उल्टो नागरिकको क्षमतालाई सत्ताले किन्नुपर्ने बाध्यता देखापरेको छ । यसर्थ विज्ञान र प्रविधि क्रान्तिको साधन पनि बन्नसक्छ, क्रान्तिकारीको शक्ति पनि बन्नसक्छ ।

हाम्रो पार्टीभित्र पनि विज्ञान र प्रविधिलाई सही तरिकाले बुझ्ने र प्रयोग गर्नेमा दुईवटा कमजोरीहरू देखापरिरहेका छन् : पहिलो, विज्ञान र प्रविधि भनेपछि दुस्मनको मात्र हो, हामीले त के पो गर्न सकौँला र, जे पनि उसले निरीक्षणमा राख्नसक्ने, जस्तोसुकै साधन पनि प्रयोग गर्नसक्ने भएकाले धेरै गर्न सकिँदैन भन्ने रूढिवादी वा पुरानै खालको सोचाइ, अर्को राज्यले जसरी प्रयोग गर्छ त्यसैगरी प्रयोग गरेर पनि केही हुँदैन । पाउँदा गरिहाल्नुपर्छ भन्ने अराजकतावादी सोचाइ । पहिलोले सङ्कीर्णता, रूढिवाद र पश्चगामी चिन्तनको अभिव्यक्ति गर्छ भने दोस्रोले अराजकतावदी, उपयोगितावादी सोचाइको अभिव्यक्ति गर्छ । पहिलोले अलगावमा पार्छ भने दोस्रोले भयानक दुर्घटना र क्षति पुऱ्याउँछ । हामीलाई यी समस्याले बाधा हालिरहेका छन् ।

हाम्रा नेता र कार्यकर्ताले राम्रोसँग बुझ्नुपर्छ- विज्ञान र प्रविधि क्रान्तिकारी पार्टी र क्रान्तिका लागि उपयोगी एवम् प्रयोग गर्नैपर्ने विषय हो तर यसको प्रयोग आफ्नै क्रान्तिकारी मान्यताद्वारा निर्देशित र परिचालित हुनुपर्छ । यसलाई रूढिवादी र अराजक दुवै हुन दिनु हुँदैन । यो गतिशील, वस्तुवादी र क्रान्तिकारी हुन जरुरी छ । यसलाई आधुनिक विज्ञान-प्रविधिको सुव्यवस्थित एवम् क्रान्तिकारी प्रयोग भन्न सकिन्छ । विज्ञान र प्रविधिसम्बन्धी यो बुझाइलाई हाम्रा नेता र कार्यकर्ताहरूले हरेक समितिमा आत्मसात गर्न जरुरी छ ।

## निष्कर्ष

सारमा हाम्रो पार्टीले नेपालमा दलाल पुँजीवादी सत्तालाई समाप्त पार्ने र वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् लक्ष्य लिएको छ र एकीकृत जनक्रान्ति सञ्चालन गर्दैछ । यसको पूर्ण सफलताका लागि हामीले संश्लेषण गरेका क्रान्तिका पाँच आधारहरू अनिवार्य आवश्यक छन् । तिनलाई हामीले सिर्जनात्मक तरिकाले प्रयोग गर्नुपर्छ । हाम्रा पाँच आधारहरू न मनोगत निष्कर्षहरू हुन्, न त केही भन्नका लागि भनिएका तर्क मात्र हुन् । यी वस्तुमा आएका विकास र परिवर्तनहरूले पैदा गरेका ठोस ज्ञान हुन् । अर्थात् वस्तु, गति र विकास नै वैज्ञानिक ज्ञानका स्रोत हुन् । २१ औँ सदीमा विश्वजगत्मा जुन गति, विकास र परिवर्तन देखापरेका छन्, पाँच आधार तिनैका ठोस अभिव्यक्ति हुन् । यिनलाई ठोस वस्तुको ठोस ज्ञान पनि भन्न सकिन्छ । त्यसैले पाँच आधारहरूको संश्लेषणलाई वस्तुले माग गरेको सम्बोधनमा बोध गर्नुपर्छ ।

पाँच आधार सबै महत्वपूर्ण भएकाले पाँचमध्ये कुनै एकलाई मात्र पकडेर आफ्नो कार्यक्षेत्रमा क्रान्तिलाई सशक्त प्रकारले हाँक्न सक्दैनौँ । विगतमा जस्तो कुनै देशको एउटा भनाइ, रणनीति र कार्यनीतिलाई पकडेर मात्र पनि गर्न सक्दैनौँ । हामीले पाँच आधारमा ध्यान दिनुपर्छ । क्रान्तिका पाँच आधारहरूको एकीकृत एवम् केन्द्रीकृत रूप नै एकीकृत जनक्रान्ति हो । हरेक पार्टी समितिहरूले आफ्नो योजना निर्माण गर्दा यी पाँच आधारलाई प्रस्तावभित्र ल्याएर निर्णयहरू गर्नुपर्छ । जब हाम्रा सबै समितिहरूले यी आधारहरूलाई बुँदागत छलफलमा ल्याउन र निर्णयमा पुऱ्याउन थाल्नेछन् हाम्रा धेरै समस्याहरू समाधान हुँदै जानेछन् । हामीले योजनाहरूको कार्यान्वयन मात्र सफल गर्नेछैनौँ हाल भोग्नु परिरहेका अनावश्यक क्षतिहरूलाई समाप्त पार्दै क्रान्तिलाई सफलतातिर अगाडि बढाउन सक्नेछौँ । तसर्थ पाँच आधारहरूलाई हाम्रा सबै पार्टी समितिहरू, जनसेना, जवस र मोर्चा समितिहरूले सूत्र वाक्यका रूपमा पकड्नुपर्छ ।

# भ्रन्–भ्रन् अनिश्चयमा धकेलिँदै निर्मला पन्त काण्ड

■ **रातोखबर संवाददाता**/काठमाडौं



दुई वर्षसम्म चर्चा र सनसनी भएको निर्मला पन्त बलात्कार-हत्याकाण्ड भ्रनै अनिश्चय र रहस्यमा धकेलिँदै गएको छ । बालिका पन्त बलात्कारपछि हत्यासम्बन्धी काण्डमा घटनाको प्रमाण लोप गरेको आरोप लागेर जागिरबाट निकालिएका कञ्चनपुर जिल्लाका तत्कालीन प्रमुख एसपी डिल्लीराज बिष्टसहित ८ जना प्रहरीविरुद्ध दर्ता भएको सार्वजनिक न्यायविरुद्धको कसुर र यातनासम्बन्धी कसुरमा उनीहरूले जिल्ला अदालत कञ्चनपुरबाट सफाइ पाएपछि घटना अभ्रै अनिश्चय र रहस्यमय बन्दै गएको ठानिएको छ। मुद्दा लागेपछि एसपी बिष्ट र इन्सपेक्टर जगदीश भट्टलाई जागिरबाटै हटाइएको थियो।

अनलाइन खबरसँग कुरा गर्दै कञ्चनपुर जिल्ला अदालतका श्रेस्तेदार यदुनाथ शर्माले जिल्ला न्यायाधीश गोपालप्रसाद बास्तोलाको इजलासले दुवै मुद्दामा प्रहरी अधिकारीलाई सफाइ दिइएको बताएपछि घटना सार्वजनिक भएको हो । उनीहरूविरुद्ध निर्मला पन्तको बलात्कारपछि हत्या भएको प्रमाण नष्ट गरेको र हिरासतमा रहेकालाई यातना दिएको भनी मुद्दा परेको थियो।

निर्मला पन्तको बलात्कारपछि हत्याको घटनामा एसपी बिष्टसहित डीएसपी अङ्गुर जीसी र ज्ञानबहादुर सेटी, इन्सपेक्टर एकीन्द्र खड्का, जगदीश भट्ट, सई हरिसिंह धामी, रामसिंह धामी र हबल्दार चाँदनी साउदले प्रमाण नष्ट गरेको आरोपमा उनीहरूमाथि मुद्द हालिएको थियो।

बालिका पन्तको बलात्कारपछि भएको हत्याकाण्डमा अपराधी पत्ता लगाई कारबाही गर्न माग गर्दै करिब एक वर्षसम्म सबैतिरबाट दबाब परेको थियो । सत्ता सञ्चालकका नजिकका मानिसले घटना गराएकाले अपराधी पत्ता लगाएर कारबाही गर्ने कुरा रहस्यमै रहनसक्ने र अपराधीहरू उम्किनसक्ने अड्कल आन्दोलन चलिरहेको समयमा पनि गरिउको थियो । सरकारले हालसम्म पन्तका बलात्कारी र हत्यारा को हुन् भनेर अभ्रै सार्वजनिक गर्न सकेको छैन।

# महिला र बालबालिकामाथि अभद्र व्यवहार गर्नेलाई जनकारबाही

**काठमाडौं** : बैतडीको पर्चौंडी नगरपालिका ३ न्वादेउ भवानी मावि नौलामा कार्यरत शिक्षक राजेन्द्रबहादुर बोहराले जाँडरक्सी पिएर स्थानीय महिला र बालबालिकामाथि अभद्र व्यवहार गरेको निष्कर्ष निकाल्दै नेकपाले जनकारबाहीस्वरूप सडक निर्माणमा जनश्रमदानमा खटाएको समाचार प्राप्त भएको छ।

नेकपा बैतडीका इन्चार्ज किरण र सेक्रेटरी परिवर्तनले साउन १६ गते शुक्रबार प्रेस विज्ञप्ति जारी गरी पार्टीले गरेको जनकारबाहीसम्बन्धी निर्णय सार्वजनिक गरेका हुन्।

किरण र परिवर्तनद्वारा जारी विज्ञप्तिअनुसार पियक्कड र विलासी स्वभावका शिक्षक बोहराका गलत आनीबानीबारे स्थानीय जनसमुदायले गरेको रिपोर्टका आधारमा अनुसन्धान गर्न गएको अखिल क्रान्तिकारी बैतडीका अध्यक्ष सुरेन्द्र धानुकको नेतृत्वको टोलीमाथि दुर्व्यवबहार गर्दै बोहराले धानुकको टाउकोमा लठ्ठीसमेत प्रहार गरेका थिए।

विज्ञप्तिमा जनाइएअनुसार मावि नौलाका शिक्षक राजेन्द्र बोहरा बर्सौंदेखि आफ्नै विद्यार्थीहरूमाथि यौनशोषण गर्दै आएको गुनासो सम्बन्धित विद्यालयका शिक्षकशिक्षिका, अभिभावक र विद्यार्थीले गर्दै आएका थिए।

छात्राहरूमाथिको यौनशोषण र जाँडरक्सी पिएर दादागिरी मच्चाएको विषय प्रहरी चौकी हाँटलाई राम्रोसँग थाहा हुँदाहुँदै पनि तथाकथित कम्युनिस्ट सरकारको आडमा प्रहरी चौकी हाँटले घूस खाएर अपराधीलाई संरक्षण गरेको कुरा पुर्चौंडीबासीले बताएका छन्।

नेपाल कम्युनिस्ट पार्टी र अखिल क्रान्तिकारी बैतडीले जँड्याहा तथा बलात्कारी शिक्षक राजेन्द्र बोहराको उक्त घिनलाग्दो कार्यको घोर निन्दा तथा भर्त्सना गरेका छन्। अखिल क्रान्तिकारी बैतडीका अध्यक्ष र नेपाल कम्युनिस्ट पार्टी बैतडीको नेतृत्वमा खटिएको टोलीले पीडित स्थानीय बासिन्दाको उजुरीमा बैतडी जिल्लाको पुनपा ३ साँफे बजारमा जँड्याहा तथा यौनपिपाशु शिक्षक राजेन्द्र बोहरालाई जनकारबाहीस्वरूप कालोमोसो दली कान समातेर उठबस गर्न लगाएर मावि नौलादेखि साँफे बजारसम्म जनश्रमदानस्वरूप २० दिनसम्म बाटो निर्माणमा खटाउने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ।

# सङ्गमलगायत नेता–कार्यकर्तालाई रिहा गर : नेकपा

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टी लुम्बिनी ब्युरोले पार्टी ब्युरो सदस्य एवम् रूपन्देही जिल्ला इन्चार्ज सङ्गम, विष्णुप्रसाद भट्टराई, नाथुप्रसाद थारूलगायत आफ्नो पार्टीका नेता-कार्यकर्ता तथा शुभचिन्तकलाई तत्काल रिहा नगरे कडा प्रतिरोधमा उत्रिने बताएको छ।

लुम्बिनी ब्युरो इन्चार्ज भीमले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै साउन १६ गते गिरफ्तार भएका आफ्ना नेता-कार्यकर्ता तथा शुभचिन्तकलाई रूपन्देही जिल्लाको बुटवलबाट प्रहरीले कायरतापूर्ण गिरफ्तार गरेको घटनाले सिङ्गो पार्टीपङ्क्तिलाई स्तब्ध र आक्रोशित बनाएको बताएका छन्।

विज्ञप्तिमा इन्चार्ज भीमले सुकुमबासी बस्तीमा स्थानीय जनताका समस्याबारे छलफल गरिरहेको अवस्थामा नेकपाका नेता-कार्यकर्ता र शुभचिन्तकलाई गिरफ्तार गरेको भन्दै देश कोरोना सङ्कट र प्राकृतिक विपत्तिले भयावह भइरहेको बेला केपी-प्रचण्ड नेतृत्वको सामाजिक फासिवादी सरकारले पार्टीका नेता तथा कार्यकर्ता र शुभचिन्तकलाई हतियार भेटिएको भनी भ्रूट्टा मुद्दा लगाएर जेल चलान गर्ने र दमनबाट क्रान्तिलाई निस्तेज गर्ने दिवासपना देखिरहेको बताएका छन्।

उनले गिरफ्तार नेता-कार्यकर्ता तथा शुभचिन्तकहरूको तत्काल रिहा गर्न माग गर्दै अगाडि भनेका छन्, 'हामी स्पष्ट गर्दछौं- क्रान्तिकारी पार्टी, नेता, कार्यकर्ता, शुभचिन्तक तथा श्रमजीवी जनतामाथि फासिवादी दमन गरेर देशलाई ब्रह्मलुट गर्ने, जनतालाई कङ्गाल बनाउने र साम्राज्यवादको दलाली गरेर देशलाई पराधीन बनाउने हर्कत किमार्थ पूरा हुन सक्दैन। त्यसकारण गिरफ्तार गरिएका हाम्रो पार्टीका नेता, कार्यकर्ता तथा शुभचिन्तकलाई यथाशीघ्र रिहा गरियोस् । यसो नगरिए हाम्रो पार्टी सशक्त प्रतिरोधमा उत्रिन बाध्य हुने स्पष्ट गर्दछ।'

इन्चार्ज भीमले गिरफ्तार गरिएका नेता-कार्यकर्ता तथा शुभचिन्तकहरूको रिहाइका लागि पहल गरिदिन सम्पूर्ण कानुन व्यवसायी, बुद्धिजीवी, मानवअधिकारकर्मी, पत्रकार एवम् सरोकारवाला सबै पक्षमा हार्दिक अपिलसमेत गरेका छन्।

# बाढीपहिरोबाट भएको धनजनको क्षतिप्रति नेकपाद्वारा दुःख व्यक्त

नेपाल कम्युनिस्ट पार्टीको भेरी-कर्णाली ब्युरोले साउन महिनाको १३, १४ र १५ गतेको अविरल वर्षाका कारण कालीकोट जिल्लाका विभिन्न क्षेत्रमा गएको बाढीपहिरोबाट २५ जनाको ज्यान गएको र कैयौं घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेको छ।

नेकपाका भेरी-कर्णाली ब्युरो इन्चार्ज रविले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै बाढी, पहिरो र डुबानका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गरेका हुन्।

यस्तै विज्ञप्तिमा कर्णालीका जाजरकोट, बाँके, बर्दिया, हुम्ला, जुम्ला, सुर्खेत, मुगु, दैलेख र डोल्पामा पनि मानवीय र भौतिक क्षति भएकोमा दुःख व्यक्त गरिएको छ। विज्ञप्तिमा जनताको सुरक्षा गर्नु राज्यको मूल दायित्व भएको र वर्तमान सरकारका दलाल, भ्रष्ट, राष्ट्रघातीहरू विभिन्न खालका भ्रष्टाचार र राष्ट्रघाती सम्झौताहरू गरेर कुर्सीको खिचातानीको नाङ्गो नाच नाचिरहेको उल्लेख छ।

इन्चार्ज रविले बाढीपहिरोका कारण समस्यामा परेकाहरूलाई सहयोग गर्न आफ्नो पार्टीपङ्क्तिलाई निर्देशन गर्दै पीडित नागरिकहरूको सहायताका लागि सबैलाई आग्रह गरेका छन्।

# पारसको रिहाइका लागि सर्वत्र अपिल

**काठमाडौं** : साहित्यकार पारस राहादी मगरको गिरफ्तारीविरुद्ध सरकारको आलोचना गर्दै विभिन्न साहित्यिक सङ्घसंस्थाहरूले तत्काल उनको रिहाइको माग गरेका छन्।

प्रगतिशील लेखक सङ्घ केन्द्रीय समितिका तर्फबाट अध्यक्ष प्राडा जीवेन्द्रदेव गिरी र महासचिव समीर सिंहले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै साहित्यकार पारसलाई तत्काल रिहा गर्न सरकारसँग माग गरेका छन् । विज्ञप्तिमा विचार प्रवाह गरेकै आधारमा कुनै पनि स्रष्टालाई गिरफ्तार गर्नु गलत भएको उल्लेख छ । त्यसैगरी प्रलेस रूपन्देही शाखाले पनि नेपाली साहित्यका क्षेत्रमा उदीयमान युवा प्रतिभालाई विचारका आधारमा गिरफ्तार गरी भ्रूट्टा मुद्दा लगाउने कार्यको घोर विरोध गरेको छ । विज्ञप्तिमा पारसको गिरफ्तारी निन्दनीय र संविधानविपरीत रहेको उल्लेख छ।

त्यसैगरी बुटवल साहित्य परिषद्का अध्यक्ष वसन्त पोखरेलले विज्ञप्ति जारी गर्दै कलम बोकेर श्रमजीवी वर्गका पक्षमा क्रियाशील साहित्यकार पारसलाई गिरफ्तार गरी भ्रूट्टा मुद्दा लगाउने षड्यन्त्र गर्नु निन्दनीय र आपत्तिजनक रहेको बताएका छन्। उनले सरकार स्रष्टाहरूमाथि दमन गरेर विचार तथा अभिव्यक्ति स्वतन्त्रताका विरुद्ध उभिएको भन्दै देश तथा श्रमिक जनताका पक्षमा कलम चलाउँदै आएका सम्पूर्ण स्रष्टाहरूलाई निर्वाध रूपले सिर्जनात्मक क्षेत्रमा क्रियाशील हुने वातावरण सिर्जना गर्न माग गर्नुका साथै पारसको गिरफ्तारीप्रति घोर आपत्तिसहित रिहाइको माग गरेका छन्।

त्यसैगरी गजल सागर नेपालले पनि पारसको गिरफ्तारीको विरोध गरेको छ। अध्यक्ष मीन राना र सचिव कृष्ण गाउँलेले प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'कवि पारसलाई विप्लव नेतृत्वको नेकपाका नाममा प्रहरीले गिरफ्तार गरी भ्रूट्टा मुद्दा लगाएर फसाउन खोजेको छ । नेपाली साहित्य क्षेत्रका उदीयमान युवालाई विचारका आधारमा गिरफ्तार गरी भ्रूट्टा मुद्दा लगाउने कार्यको गजल सागर नेपाल घोर विरोध गर्दछ । गिरफ्तार गरिएका पारसलाई बिनासर्त तत्काल रिहा गरी नेपाली साहित्य क्षेत्रको सम्मान गर्न हामी सरकारसँग माग गर्दछौं।'

साहित्यकार पारस रूपन्देहीमा बुटवल साहित्य परिषद्, साहित्य सङ्गम, गजल सागर नेपाललगायत दर्जनौं साहित्यिक तथा सांस्कृतिक सङ्घ-सङ्गठनहरूमा आबद्ध रहेर सिर्जनात्मक क्षेत्रमा क्रियाशील छन्।

# सम्पर्क मञ्चको काठमाडौँ-दोलखा भेला



**काठमाडौँ** : जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति समाजअन्तर्गत दोलखा-काठमाडौँको तेस्रो भेला सम्पन्न भएको छ । प्रतीक मगरको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले शक्तिको अध्यक्षतामा ११ सदस्यीय काठमाडौँ-दोलखा समिति गठन गरेको छ । मञ्चको उपाध्यक्षमा देभान्स र सचिवमा चट्टान रहेका छन् । त्यस्तै सदस्यहरूमा राजकुमार, उर्मिला, सृजन, विकास, रोहितलगायत छन्।

भेलामा सहभागीहरूले वर्तमान केपी सरकार कोरोना सङ्क्रमण नियन्त्रण गर्न असफल भएको भन्दै सरकारले कोरोना महामारी, बाढीपहिरो र डुबानबाट पीडित नागरिकका समस्या समाधान गर्न पनि नसकेको बताएका छन्।

# नेपाललाई सघाउन चीन तयार

## सन्दर्भ : दौत्य सम्बन्धका ६५ वर्ष

■ **रातोखबर संवाददाता**/काठमाडौं

भारतसँग सीमा विवाद र अमेरिकासँग व्यापार शीतयुद्ध लडिरहेको शक्तिसम्पन्न मुलुक चीनका राष्ट्रपति सी जिनपिङले आफ्नो मुलुक नेपाललाई सघाउन र असल छिमेकीको सम्बन्ध राखिरहन तयार रहेको बताएका छन्। नेपाल-चीन दौत्य सम्बन्धको ६५ औं वर्षगाँठका अवसरमा सीले भनेका छन्, 'नेपालसँगको सम्बन्धलाई चीनले अत्यधिक महत्व दिएको छ।'

नेपाल चीनका लागि अत्यन्त संवेदनशील छिमेकी मुलुक पनि हो। चीनलाई घेर्न अमेरिकाले नेपालमा लाद्न लागेको एमसीसी परियोजना नेपाली जनताबाट बहिष्कृत भइसकेको छ भने चीनले अघिसारेको महत्वाकाङ्क्षी बेल्ट एन्ड रोड (बीआरआई) परियोजना नेपालले स्वीकृत गरिसकेको छ । उता चीनको तिब्बत सन्दर्भलाई लिएर अमेरिका र भारत दुवै नेपालमाथि दागा धरिरहेका छन् । त्यसैले पनि चीनका लागि नेपाल रणनीतिक महत्वको छिमेकी मुलुक हो।

दौत्य सम्बन्धको ६५ औं वर्षगाँठका अवसरमा शुभकामना सन्देश पठाउँदै राष्ट्रपति सीले द्विपक्षीय सम्बन्धलाई निरन्तर प्रगतिपथमा अगाडि बढाउन सकियोस् भन्ने विश्वास व्यक्त गरेको शनिबार चिनियाँ समाचार एजेन्सी सिन्ह्वाहले उल्लेख गरेको छ । समाचारअनुसार राष्ट्रपति सीले दुई देशलाई बढी फाइदा पुऱ्याउन र क्षेत्रीय स्थिरता र विकासमा सकारात्मक योगदान पुऱ्याउनका लागि नेपालसँग काम गर्न तयार रहेको बताएका छन्।

यस्तै नेपालकी राष्ट्रपति विद्या भण्डारीले पनि नेपाल र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध आगामी दिनमा थप सुदृढ हुदै जाने विश्वास व्यक्त गरेकी छिन् । उनले नेपालको सामाजिक-आर्थिक विकासका निम्ति चीनबाट प्राप्त सहयोग र कोरोना भाइरस महामारीविरुद्ध अत्यावश्यक औषधि र उपकरणका साथै ज्ञान र अनुभव बाँडेकामा सराहना गरेकी छिन्।

# बक बेन्कन र डग हर्ली अन्तरिक्षबाट सफलतापूर्वक पृथ्वीमा ओर्लिए

**एजेन्सी** : अन्तरिक्ष केन्द्रमा पुगेको दुई जना अन्तरिक्ष यात्रीहरू बब बेन्कन र डग हर्ली पृथ्वीमा सफलतापूर्वक अवतरण गरेका छन् । स्पेस एक्स ड्र्यागन क्याप्स्युल नाम दिइएको उक्त अन्तरिक्ष यानबाट फर्केका ती अन्तरिक्ष यात्री पश्चिमी फ्लोरिडाको दक्षिणतर्फमा रहे गल्फ अफ मेक्सिकोमा अवतरण गरेका थिए। उनीहरू पानीमा अवतरण भएपछि स्पेस एक्स मिसन कन्ट्रोलले स्टेसनमा बसेकाहरूले ताली बजाएर स्वागत गरेका थिए र भनेका थिए, 'स्पेस एक्स र नासाको टोलीका तर्फबाट पृथ्वीमा पुनः स्वागत छ । स्पेस एक्समा उड्नुभएकोमा धन्यवाद।'

उनीहरू समुद्रमा अवतरण हुनुपूर्व नै त्यस क्षेत्रमा उनीहरूलाई ड्र्यागनबाट निकाल्नका लागि पानीजहाज तैनाथ गरिएको थियो। यान अवतरणका क्रममा चारवटा प्यारासुट प्रयोग गरेर करिब ५६० किलोमिटर प्रतिघन्टाको गतिमा तल भ्रारिरहेको उक्त ड्र्यागनको गतिलाई प्यारासुटले समुद्र छुने बेला करिब २४ किलोमिटर प्रतिघण्टामा सीमित गरिएको थियो । पानीमा गति बन्द गरेर तैरिएको ड्र्यागनबाट दुई अन्तरिक्ष यात्रीलाई निकालेर स्वास्थ्य परीषण गरी हेलिकोप्टरमा राखिएको थियो । नेपाली समयअनुसार राती १२ः३० मा समुद्रमा अवतरण गरेको उक्त ड्र्यागनले विश्वभरिको ध्यान केन्द्रित गरिरहेको थियो । करोडौं मानिसहरू प्रत्यक्ष हेरिरहेका थिए । अमेरिकाले ४५ वर्षपछि पृथ्वीबाट अन्तरिक्षमा पठाएर सफलतापूर्वक यान फर्काएको हो।

# भ्रष्टाचारको अभियोगमा देश छोड्दै स्पेनका पूर्वराजा

विधिको शासन चलेको देशमा देश र जनताका विरुद्ध हर्कत गर्ने जोकोहीले पनि उचित दण्डसजाय पाउनु पर्दछ तर नेपालमा ७० करोड काण्डमा मुछिएका गोकुल बास्कोटा, वाइड बडी काण्ड अनि १० अर्ब काण्डका नाइकेहरू अभ्रै पनि शक्ति र सत्तामा प्रभाव पारिरहेका छन्।

उता स्पेनमा भने राज्यको सम्पत्ति भ्रष्टाचार गरेको अभियोग लागेपछि स्पेनका पूर्वराजा ख्वान कार्लोस देश छोड्दैछन् । केही समयअघि उनको हाइस्पिड रेलको ठेक्काका विषयमा भ्रष्टाचारसम्बन्धी मुद्दामा त्यहाँको सर्वोच्च अदालतले अनुसन्धान अघि बढाएको थियो । स्पनेको एउटा कम्पनीले मक्कामदिना रेल निर्माणका लागि ६.७ अर्ब डलरबराबरको ठेक्का पाएको र उक्त ठेक्कामा पूर्वराजा कार्लोसको संलग्नता भएको अभियोग लागेको थियो।

स्पेनका अधिकारीहरूले पूर्वराजाले आफ्नो सम्पत्ति विदेशमा राखेको हुनसक्ने आशङ्का गरेका छन्। स्पेनमा ४० वर्ष राज्य गरेका कार्लोसले सन् २०१४ मा गद्दी त्यागेका थिए । उनले स्पेनलाई कुशलतापूर्वक अधिनयावादबाट प्रजातन्त्रसम्म डोऱ्याएको मानिन्छ। कुनै समय निकै लोकप्रियता कमाएका राजाको यो देश छोड्ने निर्णय निकै अपमानजनक रहेको मानिएको छ।

## नेकपाका नेता कार्यकर्ता ...

बालुवाटारबाट परिचालित सुकारीहरूलाई फिर्ता गरेर राज्यआतङ्क बन्द गर्न विज्ञप्तिमा माग गरिएको छ।

त्यस्तै कैलाली जिल्लामा जनताबाट निर्वाचित भनिएका केही मेयर, अध्यक्ष तथा वडा अध्यक्षसमेतका जनप्रतिनिधिहरूले सुराकीको काम गरेको सूचना प्राप्त भएको भन्दै त्यसबारेमा गहिरो अध्ययन भइरहेको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा भनिएको छ, 'कैलाली जिल्लामा जनताबाट कथित निर्वाचित कतिपय मेयर र अध्यक्ष तथा वडा अध्यक्षसमेत सीआईडी र सुराकीको काम गरिरहेको हाम्रो पार्टीले प्रमाणित गरिसकेको छ भने सरकारी पार्टीका कतिपय कार्यकर्ता पनि सीआईडी र सुराकीको भूमिकामा रहेको बुझिन आएको छ । हाम्रो पार्टीले यसको गहिरो अध्ययन/अनुसन्धान गरिरहेको छ।'

विज्ञप्तिमा सरकारद्वारा गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनासर्त ससम्मान रिहा गर्न पनि माग गरिएको छ।

## विचौलियाको ...

तथा सुरक्षण गर्ने निकाय हो जसले राष्ट्रिय अर्थतन्त्रमा निकै महत्व राख्छ । सोही बोर्डको प्रमुखमा सरकारी पदधारीहरूले आफ्नो खल्तीको, विवादित व्यक्ति सुशील भट्टलाई नियुक्त गरेर अर्को जनविरोधी काम गरेका छन्। योसँगै राष्ट्रिय लगानी बोर्डमा औपचारिक रूपमा बिचौलियाहरूको प्रवेश भएको छ।

सरकारले पूर्वाधार विकासका आयोजनाहरू अलपत्र पारेको र राम्रो काम नगरेको भनेर आफैंले कालोसूचीमा राखेको विदेशी कम्पनीका एजेन्ट सुशील भट्टलाई लगानी बोर्डको सीईओ बनाएपछि समाजबादी सरकारको समृद्ध नेपाल बनाउने उद्देश्य बुझ्न कसैलाई भ्रम रहेको छैन। सरकारले नै कालोसूचीमा राखेको भरतपुर बर्दघाट विद्युत प्रसारण लाइन निर्माणको ठेक्का पाएको चाइनिज कम्पनी र लमजुङको उदीपुर-चितवनको भरतपुर सबस्टेसन निर्माणको ठेक्का लिएको चिनियाँ कम्पनीका स्थानीय एजेन्ट सुशीलको निकै विवादास्पद छवि छ।

यस्तै हेटौंडा-ढल्केबर र इनरुवाको विद्युत् सबस्टेसन, तामाकोसी-काठमाडौं प्रसारण लाइन, बाह्रबिसेमा निर्माणाधीन सबस्टेसन, हेटौंडा-भरतपुर प्रसारण लाइन, काबेली करिडोर, नेपाल प्रहरीको सञ्चारसेट ठेक्कालगायत दर्जनौं योजनाहरू अलपत्र गराउने सुशील भट्टको हातमा सरकारले पूर्वाधार विकास आयोजना सुम्पिएको छ।

राष्ट्रिय सम्पत्तिको दोहन मात्र होइन, राष्ट्रलाई अर्थतन्त्रको क्षेत्रमा ठूलो क्षति पुऱ्याएको भट्टलाई सरकारले लगानी बोर्डको सीईओमा नियुक्त गरेर स्वाभिमानी, देशभक्तहरूको शिर निहुराएको छ भने दलाल, कमिसनखोर र बिचौलियाहरूलाई हौस्याएको छ।

प्रधानमन्त्री केपी शर्मा वलीसहित उपाध्यक्ष वामदेव गौतम, विष्णु पौडेल, नेता जनार्दन शर्मासम्मका व्यक्तिहरूसँग सम्बन्ध बनाएका कारण अन्य एक दर्जन बढी योग्य व्यक्तिहरूलाई पछारेर उनी उक्त पदमा पुगेको विश्लेषकहरूको भनाइ छ । उनै नेताहरूसँगको उठबसकै कारण सुशील र उनका सहोदर भाइले नेपालमा ठेक्काका लागि विदेशी कम्पनी ल्याउने र आयोजनाहरू अलपत्र पारेर छोड्नुका साथै राज्यको ठूलो सम्पत्ति नोक्सान पार्ने गरेको आरोप छ।

वर्ष ६, अङ्क २, पूर्णाङ्क २३५
रातो खबर साप्ताहिक

समय समीक्षा

# अमेरिका जलिरहेछ, भारत बलिरहेछ
# कहाँ लागेको छैन आगो, नेपालीको मनमनमा सल्किरहेछ



अशोक सुवेदी

आज चेतना भएको कुनै पनि स्वाभिमानी मानिस वर्तमान सत्तासँग, सरकारसँग, सत्ताधारी पार्टीसँग सन्तुष्ट छैन। मानिस खोजिरहेछ समानता, स्वतन्त्रता र मुक्ति तर सत्ता र सरकारहरू दिइरहेछन्, लादिरहेछन् दासता, राष्ट्रघात, जनघात, अन्याय, अत्याचार, महँगी र विभेद। त्यसैले मानिस स्वतस्फूर्त रूपमा उत्रिएको छ विद्रोहमा र समातिरहेको छ रातो झन्डा। विद्रोही मानिस अरूले दयाले दिएको अमृत होइन, सत्ताले सधैँ पिलाइरहने विद्रोहको विष खोजिरहेछ र विष पचाएर अझै शक्तिशाली बन्न खोजिरहेछ। कवि बीपी विद्रोही क्रूर सत्तासँग यसरी विषको प्याला मागिरहेका छन् :

यतिबेला शासकले मलाई
विष र अमृत दियो भने
म विष रोज्नेछु र पिउँछु पनि...
किन थाहा छ ?
तपाईंलाई लाग्ला
म हारेको छु
म मर्न चाहन्छु
तर होइन
म सधैँ विष पिइरहेको छु
मलाई विष पच्छ
म विषले ढल्दिनँ
किनकि उसले मलाई सधैँ विष पिलायो
मलाई विष पिउने बानी परेको छ
मेरो नसानसामा विष छ
मलाई अझै विषालु बन्नु छ।

अमेरिकामा अश्वेत युवक जर्ज फ्लोइडको श्वेत प्रहरीबाट घाँटी थिचेर दर्दनाक र क्रूर हत्या हुनु र नेपालको रुकुममा नवराज विकसहित ६ युवाहरूलाई घेरीघेरी हत्या गरेर नदीमा फालिनु संयोग मात्र होइन, उत्तरसाम्राज्यवादको चरित्र र स्वभाव मिल्नु हो। भारतमा जनप्रिय मार्क्सवादी कवि एवम् विचारक बरबर रावलाई ८१ वर्षको वृद्ध र जीर्ण शरीरमा बिनाऔषधी-पानी माओवादी भएको आरोपमा हतकडी लगाएर जेलभित्रै मार्ने षड्यन्त्र गर्नु, टर्कीमा योरुम समूहकी जनसंस्कृतिकर्मी हेलिन बोलेकलगायत तीनजना विद्रोही युवाको जेलभित्रै हत्या हुनु (वा मर्न बाध्य पारिनु) र नेपालमा कृष्णलाल अधिकारीले क्रूर राणाशासनको दमन खप्न नसकेर 'मकैको खेती' पुस्तक लेखेकै आरोपमा जेलभित्रै मर्नुपर्ने वातावरण तयार पारिएकै निरन्तरतामा एचपी हिमाली, माइला, रणवीर, शिलु, ओम पुनलगायत नेपालकै जनप्रिय साहित्यकार, संस्कृतिकर्मी, लेखक, बौद्धिक व्यक्तित्वहरूलाई देशभक्तिको गीत गाएको आरोपमा जेलमा सडाइनु, झूट्टा मुद्दा लगाएर देश घुमाइनु संयोग मात्र होइन, संसारभरकै जनद्रोही शासकहरूको वर्गमा देखिएको समानता हो। यो समानता मानवमुक्तिको बाधक छ। यी घटना र दृश्यहरूले मान्छेको मन पग्लिएको छ। तातेको छ। दन्किएको छ र सल्किएको छ। जनपक्षीय स्रष्टा शरद पौडेल यी क्रूर र घिनलाग्दा दृश्यहरूका विरुद्ध आगो ओकलिरहेका छन्। मानवता मरिरहेको उनको विश्लेषण छ। 'जीवन गीत' शीर्षकमा उनी लेख्छन् :

उता ढल्यौ जर्ज फ्लोइड, मानवता ढल्यो
यता ढल्यौ नबुहरू, समानता नि ढल्यो
मान्छेभित्र रङ्ग हेर्ने, प्रजातान्त्रिक रङ्ग
मान्छेभित्र, जात खोज्ने, लोकतान्त्रिक ढङ्ग
ढल्यौ दुवै, ढोङ्गीहरू, जनताका नजर
पाखण्डको घडा फुट्यो, उठ्यो गाउँ-सहर
अधिकारका ठेकेदार जल्दै ऐले उता
समृद्धिका छेपाराको, कन्तबिजोग यता
मान्छेलाई, पशुतुल्य, सोच्ने दुष्टहरू
जातिवादी, रङ्गवादी, अहङ्कारीहरू
विभेदमा अझै कति पिल्साउँछौ मान्छे ?
अनेक रङ्गमा अझ कति बाँडिरन्छौ मान्छे ?
दिल खोली चिच्याऊँ अब इन्कलाब नारा
मान्छे भन्नू मान्छे मात्र यो ब्राह्मण सारा।

त्यसैले त के अमेरिका, के भारत, के टर्की, के नेपाल सबैतिर यी पाशविकता, बर्बरता र दमनविरुद्ध विद्रोहको आगो सल्किरहेको छ। जहाँबाट पनि देखिन्छ अमेरिकामा विद्रोहको आगो सल्किरहेको छ, भारतमा जनयुद्धको ज्वाला दन्किरहेको छ। नेपालमा जनक्रान्तिको दावानल सल्किरहेको छ। टर्की होस् कि बङ्गलादेश, इरान-इराक होऊन् वा पेरू, सबैतिर मुक्तिका नाराहरू घन्किइरहेका छन्। प्रतिक्रान्तिका मतियारहरू सत्तास्वादमा दङ्ग पर्दै जुँगामा ताउ लगाइरहे पनि दावानल बनेर सर्वत्र उठिरहेको जनज्वारले तिनको पनि होसहवास ठेगानमा नरहेको बुझ्न सकिन्छ। सत्ताको द्रोही चरित्रका विरुद्ध स्रष्टाहरू आगो ओकलिरहेकै छन्। फेरि शरद पौडेलको एक कवितांश :

मचान छेउबाट
यो सिंहासनमा
जो चढ्यो
श्रमजीवीका बलिदानहरूको लिस्नो टेकेर
तिनै नवमहाराजहरूका लागि
कति चाँडै
तिनै लिस्नो बनेका
गरिबका ओतहरू फेरिए
बाँदर धपाउने मचानमा ?
तिनै भरेङका खुट्किला बनेका
मानिसहरू फेरिए अमानिसमा ?
हो ! कति छिटै फेरियो
गरिबहरूमो आँसु र चित्कार
अनि तिनका सुस्केराहरू
महाराजहरूका लागि
श्रमजीवीले गरेका बहानाबाजीमा ?
सत्ताको कुर्सी
कति निर्लज्ज पार्छ मान्छेलाई ?
दृष्टि र विवेकहीन बनाउँछ मान्छेलाई ?
छली महाराज
ख्याल गर !







तिम्रो कपटपूर्ण सत्ता-व्यवहारले
स्वयम् आमन्त्रण गरिरहेछ
तिमीलाई नै बढार्ने आँधी !
तिम्रो सत्तालाई नै बढार्ने तुफान ॥

समय वेगवान् छ।

कुनै दिन इराकका राष्ट्रपति एवम् राष्ट्रवादी नेता सद्दाम हुसेनलाई अकारण फाँसीमा झुन्ड्याएर मार्ने विश्वकै महाशक्तिशाली राष्ट्र कहलिएको अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प अश्वेत युवकको बर्बरतापूर्वक हत्यापछि सल्किएको जनताको शक्तिशाली आन्दोलनपछि बङ्करमा लुक्न बाध्य छन्। लाखौँ सेना र संसार ध्वस्त पार्ने क्षमता भएका शस्त्रास्त्रले घेरिएका ट्रम्पले किन लुक्नुपर्‍यो बङ्करमा ? किनकि तानाशाह ट्रम्प संसारकै श्रमजीवी वर्गका एक नम्बरका शत्रु हुन् अर्थात् ट्रम्पहरूले सञ्चालन गरेको उत्तरसाम्राज्यवाद एक नम्बरको जनविरोधी तानाशाही व्यवस्था हो। यसले कुनै न कुनै बहानामा संसारभरका पददलित जर्ज फ्लोइडहरूको त्यसैगरी नृशंश हत्या गरिरहन्छ, कहीँ घाँटी दबाएर, कहीँ बम खसालेर र कहीँ गोली दागेर। हिजो इराक र अफगानिस्तानजस्तै आज सिरियाहरू जलिरहेछन्। सुलेमानीहरू मारि इरहेछन् र इरानहरू आक्रोशित भइरहेछन्। सत्ताको क्रूरता, पाशविकता र स्वेच्छाचारीपनका विरुद्ध सत्ताका प्रशंसकहरू नै कलम चोब्न थालेका छन्। कवि वासुदेव अधिकारी 'गाउँको आगो' शीर्षकमा लेख्छन् :

प्रिय बन्दाबन्दी,
रुकुममा आगो
जाजरकोटमा खरानी
भेरीमा उर्लंदो रगत
तिमीलाई पोल्दैन ?
घाम लागेर पनि
अँध्यारो बाँकी
बिउ सप्रिएर पनि
झाङ्गिँदै झार
घाउ बल्झिँदै-बल्झिँदै
शिर खस्दै-खस्दै
हृदय छिया पर्दै-पर्दै
सुन्दरजस्तो लाग्ने गाउँमा
सहृदयीजस्तो लाग्ने मनमा
खै त उज्यालो ?
खै त परिवर्तनको राप ?
मलिलो जस्तो लाग्ने ठाउँमा
हरियालीतुल्य बस्तीमा
खै त सद्भावको सुवास ?
खै त मानवताको मिठास ?...
भन, गाउँले भन
इन्द्रेणी गाउन छाडेर
के स्वादले
खिया लागेको हतियार चलाएको ?
आफ्नै चेलीको प्रेम महोत्सवमा
किन क्रूरतम् मृत्युधुन बजाएको ?

एउटा अध्ययनले देखाएको छ, संसारमै सबैभन्दा भयग्रस्त जनता बस्ने देश अमेरिका हो। त्यहाँ शासकहरूले गरेका महाअपराध र विध्वंशका कारण जहाँ गए पनि अमेरिकीहरूलाई कति बेला कोबाट मारिन्छु भन्ने भय भइरहन्छ। मानिसहरू भनिरहेका छन्- नम्बर एक तानाशाह डोनाल्ड ट्रम्पले बङ्करमा लुक्नुपर्ने दिन पनि आए बाबै ! जनतालाई अझै पनि वर्गविभेदको रापमा सेक्ने, जाति र धर्मको विभेदमा पिल्स्याएर मार्ने नेपाली तानाशाहहरूले पनि ट्रम्पले जस्तै आफू लुक्ने बङ्कर बनाएका छन् कि बनाउनै बाँकी छ कुन्नि ?

संसारमा खराब मानिस मात्र कहाँ छन् र ? दुनियाँको भलो चिताउने मानिसहरूको पनि कमी छैन जो अमानुषका विरुद्ध सदा खबरदारी गरिरहेका छन्। संसारकै दुष्ट र कुत्सित पात्रहरूप्रति एक सरल प्रश्न छ स्रष्टा आकृति रेग्मीको :

मोह पालेर दम्भ मौलाउनु छैन
धन बटुलेर स्वर्गको लिस्नु बनाउनु छैन
पसिना पोख्दै इमानको खेती फलाउने म
स्वाभिमान रेटेर स्वार्थ मौलाउनु छैन
दाग त चन्द्रमामा पनि लाग्छ नि
विषालु नागजस्तै डसेर रमाउनु छैन
जन्मभूमि मेरो प्राण हो
माटोमा पसिना पोखेर
हातमा पौरख जगाएर
ठाडो शिर सगरमाथामा चुलाउनु छ
सोझासीधा मनुस्यहरूसँगै
स्वविवेकलाई फुलाउनु छ
मानव भएर मानवता नहुनेहरू
लुटको धनमा रजाइँ गर्नेहरू
म रोडको चिसो छिँडीमा निदाउन सक्छु
आँटो र ढिँडो खाएर
राष्ट्रियताको पहरेदार बन्न सक्छु
मलाई गिरेर बाँच्नु छैन
छाती फुलाएर मेची-काली पुग्न सक्छु
लुकेर वाण हान्नेहरू हो
सक्छौ यमराजलाई वाण हान्न ??

सत्य हो, दिन फिर्छन् भन्थे बुढापाकाले। हो रहेछ। बाँचीबर्जी रहे देख्न, सुन्न र भोग्न पाइन्छ भन्थे अग्रजहरू, हो रहेछ। जीवन चक्र हो। छेउको सियो माझैमा क्वै बेला भन्थे गन्यमान्यहरू, हो रहेछ। जर्ज फ्लोइडको हत्याविरुद्ध महासागर उर्लिएपछि आज डोनाल्ड ट्रम्प बङ्करमा लुकेको छ। हेर्दाहेर्दै हामीले यो पनि देख्नु र सुन्नु पर्नेछ- डोनाल्ड ट्रम्प बङ्करभित्रै मारियो रे। अन्धविश्वासीहरू भन्दैछन् अझै- पाप धुरीबाट कराउँछ रे, हो रहेछ। हाम्रा ट्रम्पहरू अर्थात् ट्रम्पका उत्तराधिकारीहरूका बारेमा त्यस्तो शुभसमाचार सुन्न हामीले अरू कति समय यत्न गर्नुपर्ने हो कुन्नि ! तर समय बलवान् छ। त्यो समय पक्कै आउनेछ। सद्दाम हुसेन, बिन लादेन र कर्नल कद्दाफीलाई बङ्करबाट निकालेर झुन्ड्याउने र सुलेमानीको दिनदहाडै हत्या गर्ने अमेरिकी प्रशासकहरू जनविद्रोहको आगो सल्किएपछि आफैँ बङ्करमा लुक्न बाध्य भएको दिन देख्नुपरेको छ दुनियाँले र यी दिन बिस्तारै भारततिर सल्किरहेछन्। एक दिन नरेन्द्रदामोदरदास मोदी र उनका उत्तराधिकारीका विषयमा पनि हामीले यस्तै समाचार सुन्नुपर्नेछ। किनकि स्रष्टा इन्द्र रेग्मीभित्रको स्रष्टा व्यक्तित्वको ज्वालामुखी त्यसै प्रस्फुटित भएको छैन :

हामी फनफनी घुम्दैछौँ
तिम्रो 'डेमोक्र्याासी' लाई मियो बनाएर
सम्झ हामी त्यहाँ बालुवा पेल्दैछौँ
न रस आउँछ, न तेल
तर मजैसँग घुमिरहेका छौँ
अनि तिमी
तिमी दौरा, सुरुवाल र कोट लगाएर
पर...परसम्म
क्षितिज नियाल्दैछौ
हामी रिँग्दैछौँ
फगत रिँगिरहेका छौँ
तिमीले नै गाडेको कोलवरिपरि
सायद तिमी लाउँदैछौ
जुँगामा ताउ
र सोचिरहेका होलाऊ
मेरा पुस्तैनी दासहरू
यी सधैँ दासै बनिरहून् !

सत्ताउन्मादले मैमत्त शासकहरू आफ्नो निष्कण्टक राज्यका लागि बन्दुकको गीत गाइरहेछन्, दमनको भाका बोलिरहेका छन्। आफ्नो सत्ताका विरुद्ध कसैले मसिनो वा मध्यम स्वरमा गीत गायो भने पनि शासकहरूको निद्रा बिथोलिन्छ। उनीहरू देश र जनताको वर्तमान र भविष्यप्रति होइन, आफ्नो र आफ्ना सन्ततिको भविष्यप्रति चिन्ता गर्दै दिनरात कटाइरहेका छन्। त्यसैले त भूकम्पले सोत्राम्मे बनेका जनताको लास उठाउनुअघि पनि उनीहरूलाई कमिसनको चिन्ता हुन्छ। कोरोना भाइरसले अकालमा ज्यान गुमाएकाहरूको सद्गत् गर्नुअघि पनि उनीहरूलाई स्वास्थ्य सामग्रीमा भ्रष्टाचार गरेको कसिनको पोको लुकाउन हतार हुन्छ। जब शासकहरूलाई देश र जनताभन्दा बढी भ्रष्टाचार, राष्ट्रघात र कमिसन दुख्छ उनीहरूको हृदय पाषाण बनिसकेको बुझ्न गाह्रो पर्दैन। अब रुपैयाँ, जमिन र सुनमा मात्र होइन, शासकहरू जनताको रगतमा पल्किएका छन्। कुमार पौडेल हुँदै मणिसुन्दर राई 'मनीष' सम्मको रगतमा पौडी खेल्दा उनीहरूलाई रक्तमात लागिसकेको आभास हुन्छ। जनताको अपार समर्थन पाएको विद्रोही शक्ति घाइते बघिनी हो भन्ने सायद शासकहरूलाई थाहा छैन। शासकहरूको यस्तै निर्घृणी, निर्लज्ज र मैमत्तपनलाई स्रष्टा खगेश्वर भण्डारीले 'भूमण्डलीकरण' मा यसरी समेट्दै सुखद भविष्यको अपेक्षा पस्किएका छन् :

...ए प्रिय !
मण्डलाकार घुम्छन्
अन्तरिक्षमा षड्यन्त्रहरू
हिर्काउँछन् कूटनीतिले
नङ्ग्राले चिथोर्छ, ठुँडले ठुङ्छ
धर्तीको छाती चिरिन्छ।
हिमाली कोखमा जन्मेका रक्तसरिता
तनतनी पिउँछन्
धस्छन् धर्तीको गर्भमा तिखा दाँतहरू
निकाल्छन् सुनगेडी र इन्धन
बजारमा व्यापार चल्छ
उसकै पोल्टामा जान्छ
तिम्रा चुरापोतेमा कालो पोतिएका छन्
मेरा दौरा-टोपी छिः भनिएका छन्
सोरठी र टप्पामा माटोको गन्ध मेटिए
कोइलीका गीत सुन्ने गुराँस बेचिए
आकाश र धर्तीमा बिर्को लगाएर
उसिनेको छ हामीलाई
न आकाश भेटिन्छ
न जमिनमा टेकिन्छ
भयङ्कर मुख बाइरहेछ
डरलाग्दा दाँतहरूले टोकिरहेछ
खुनको स्वादले उन्मत्त जिब्रो
लपलपाइरहेछ
समस्त संसार पीडामा छट्पटाइरहेछ
ए प्रिय !
हेर्न नसके
तिमी पसिना उमालेर कुद
म आगो बालेर कुद्छु
तिमी चाहना पालेर जाऊ
म समय सँगालेर आउँछु
तिमी आँखा चिम्ल
म पत्थर बन्छु।
म आकाश खोज्न चितामा जान्छु
तिमी मुटु छाम्दै धर्ती खोज।
मैले आकाशबाट हेर्दा
चिरिएको धर्ती
तिमीले जोडिरहेको हुनुपर्छ।
तिमीले आकाशतर्फ हेर्दा
हराएको आकाश
मैले खोजिरहेको हुनुपर्छ।

विगतमा जीवन दाउमा लगाएर लड्नेहरूलाई वर्तमान यति भद्रगोल र गोलमालपूर्ण होला भन्ने कुनै आभास थिएन। एउटा चटकेले एक चुट्कीमै दसौँ हजारको बलिदान र आकाश-धर्ती कम्पायमान बनाउँदै बगेको रगतले दुस्मनको पाउ पखालिदेला भनेर कसैले कल्पनासम्म गरेको थिएन तर विडम्बना भइदियो त्यस्तै। जे हुनुपर्ने थियो, जे हुन्छ भनिएको थियो, जे हुनु आवश्यक थियो त्यो भएन र जे-जसका विरुद्ध त्याग, शौर्य, विवेकको लदाबदी हुँदै बलिदान भएको थियो, रगत बगेको थियो फेरि त्यही प्रवृत्ति, त्यही विचार, त्यही व्यवहार, तिनै पात्रहरू ढसमस्स गरी उक्लिए सत्तामा। मानौँ जसरी घोडा चढेर बसेका छन् जनताले विद्रोह गरेर र रगत बगाएर ल्याएको गणतन्त्रमा पनि सहिदहरूको सालिकमाथि राणा शासकहरूका सालिक। यही विडम्बनाले पोलेको छ स्रष्टा सीता विक सम्झनालाई र डाहा भएको छ लुटाहाहरूले राज गरिरहेको गणतन्त्र। यही अवस्थालाई चित्रण गर्दै यो तामसी गणतन्त्रसँगै हिजोका नायकहरूलाई उनी प्रश्न गर्छिन् :

एक बारको जुनीमा
एक मुठी सास
हत्केलामा राखी
टाउकोमा कफन बाँधी
सातु-सामल बोकी
बिनाचप्पल
बिनाजुत्ता लामालामा बाटा हिँडेर
मृत्युसँग लाप्पा खेल्दै
ज्यानको बाजी थापेर
ल्याएको गणतन्त्र
खोइ कहाँ आयो ?
खोइ कसलाई आयो ??
धक फुकाएर सोध्न मन छ सुप्रिमोलाई
जनवादको यात्रा कहाँ पुग्यो भनेर
दुनियाँ ब्युँझिने गरी बुझ्नुछ कमरेडसँग
घाइते सहिदका सपना कति साकार भए भनेर
बेपत्ताका लागि भनेर बेपत्तै भएका आयोगका
पाना पल्टाइपल्टाई हेर्नुछ
प्रियजनको लुकाएको सास

चित्र पनि चिन्नै नसक्ने गरी दबाइएका दोरम्बाहरूका लास

गणतन्त्रका लागि सोलु-

... बाँकी पृष्ठ ७ मा

## मालेमावादी ...

पुँजीवादी साम्राज्यवादको चाकडी चैतन्य प्रवृत्तिले गरिरहेको छ । दोहोरो नेकपाको बाटो यही हो । रूखका हाँगाहरू बन्चरोले गिँड्दै लगेर जरामा डोजर चलाउने योजनाअनुसार मालेमावादका वैरीहरू पूरै लागिरहेका छन् । हामीले साम्राज्यवादका जराहरू काट्दै साम्यवादको अधिकतम् उद्देश्यका साथ वैज्ञानिक समाजवादको कार्यक्रम अघि बढाउनु पर्दछ। यसका साथै मालेमावादी विचारधाराको रक्षा, प्रयोग र विकास गर्नुपर्दछ।

भ्रमसङ्ख्या तीन : साम्यवादी दल परित्याग गर्दै साम्यवाद र पुँजीवादबीच समन्वय गर्ने प्रवृत्ति । यो प्रवृत्ति पनि साम्यवादी आन्दोलनमा भ्रम पार्ने उद्देश्यका साथ कम्मर कसेर लागेको छ । समाजवादबाट सामूहिकता र पुँजीवादबाट निजत्व लिएर यस प्रवृत्तिले आफूलाई लोकतान्त्रिक समाजवादी भन्छ । यो वास्तवमा विश्वेश्वरप्रसाद कोइरालाको प्रजातान्त्रिक समाजवाद नै हो । उनले पनि साम्यवादबाट अधिनायकत्व घटाउने र प्रजातन्त्र जोड्ने हो भने प्रजातान्त्रिक समाजवाद हुन्छ भन्ने सिद्धान्त बनाएका थिए । बीपी कोइरालापछि यस सिद्धान्तको मूल पाठ विकृत भएपछि त्यस ठाउँमा बाबुराम भट्टराई उपस्थित भएका छन् । घुमाइफिराई यो प्रवृत्तिले सामूहिक उत्पादनको स्वामित्व जनसमुदायकै हुनुपर्छ भन्ने मार्क्सवादी सिद्धान्तलाई आफ्नो पुँजीवादी विश्व-दृष्टिकोणअनुसार गलत साबित गर्ने प्रयत्न नै गरिरहेको छ । नेपालमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन मान्ने जनसमुदाय धेरै ठूलो भएकाले संसद्वादी चुनावमा मतका लागि पनि बाबुरामहरू यो दर्शन मानेको स्वाङ गर्दछन् । तर वर्गसमन्वयवादी र दुईजिब्रे राजनीति अँगालेर उत्पीडित वर्गको दर्शन मान्छु भन्नु फगत ढकोसल्ला (स्वाङ) मात्र हो । उनीहरूको दर्शन फेरि पनि अधिभूतवादी आदर्शवाद नै हो।

भ्रम सङ्ख्या चार : अब उत्पादक शक्ति मानवश्रमलाई विज्ञान तथा प्रविधिले प्रतिस्थापन गर्दैछ र उत्पादक शक्ति स्वयम् विज्ञान तथा प्रविधि बन्दैछ । आज निश्चित रूपमा उत्पादक शक्तिसँग विज्ञान र प्रविधि जोडिएको छ। विज्ञान तथा प्रविधि स्वयम् मानव श्रम र पदार्थको उच्चतम् विकास बुद्धिको उपज भएकाले यो प्रमुख उत्पादक शक्ति हुनै सक्दैन, बरु यो सहयोगी साधन हो । आज कतिपय आफूलाई साम्यवादी भन्नेहरू नै जान वा अन्जान रोबट मानव र ड्रोनबाट तर्सिरहेका छन् । मानिसको स्थान यी स्वचालित यन्त्रहरूले लिएको हुँदा मानिस बेरोजगार रहने खतरा छ भनी चिन्ता व्यक्त गरिरहेका छन् । यो कुरा नेपालमा एक लोकप्रिय कथा 'भाँड कुकाई' सँग तुलनायोग्य छ । ९ जना भाँड (कर्णालीमा बादी गायकलाई भाँड भन्दछन्) हरू मधेसतिर आउँदै गर्दा कर्णाली तर्दछन् । सबैले कर्णाली तरे-नतरेको पत्ता लगाउन हरेकले गणना गर्दै जान्छन् । सबैलाई गणना गर्दा आफूलाई बिर्सन्छन् र ८ जना मात्र बाँचेर आएको र एकजनालाई कर्णालीले बगाएको भ्रममा परेर कुकाउन थाल्छन् । आज कम्प्युटर युगमा आएपछि कतिपय आफूलाई साम्यवादी भन्ने साथीहरूले पनि आफैँलाई बिर्सिरहेका छन् । उनीहरू भन्दैछन्- मानवश्रमलाई विज्ञान तथा प्रविधिले प्रतिस्थापन गर्दैछ। विज्ञान र प्रविधि स्वयम् मानव श्रमको परिणाम हो भन्ने कुरा जान वा अन्जान रूपमा नकार्दछन् ।

निश्चित रूपमा मानवश्रममा विज्ञान र प्रविधि जोडिएपछि उत्पादनप्रक्रिया सयौँ गुणा तीव्र भएको छ । यसले मानिसको श्रमलाई सरल बनाइदिएको छ। तर मानवश्रमको काम सकिएको छ भन्नुको अर्थ मानव जातिको अन्त्य भएर विज्ञान र प्रविधिको राज सुरु भएको छ भन्नु हो । सरल बुद्धिले पनि के कुरा सहजै बुझ्न सकिन्छ भने रोबट कम्प्युटरको सहयोगबाट काम गर्दछ भने कम्प्युटर चलाउने मानिस हो। ड्रोनका सम्बन्धमा पनि त्यही कुरा सत्य हो। जुन दिन मानवश्रम र बुद्धि अनावश्यक बन जान्छ त्यस दिनदेखि विज्ञान र प्रविधिको पनि काम हुँदैन । हाम्रा कतिपय साम्यवादी साथीहरू पनि पुँजीपतिहरूको भ्रममा परिरहेका छन् । आज पुँजीपतिहरू मानवश्रमलाई जति सक्यो त्यति घटाएर नाफा सोहोर्न चाहन्छन्। त्यस्तअनुरूप विज्ञान र प्रविधिलाई आफ्नो अति एकाधिकारवादी पुँजीको नियन्त्रणमा लिएर रोबट मानव र ड्रोन जस्ता यन्त्रहरूको निर्माण गर्दैछन् । वैज्ञानिक समाजवाद र यसको विकसित चरण साम्यवादमा वैज्ञानिक प्राविधिक उत्पादन पनि मानवीय आवश्यकतानुसार गरिन्छ । वितरण पनि तदनुरूप नै हुन्छ। साम्यवादीहरूले वस्तुहरूसम्बन्धी चिन्तन पुँजीवादी होइन, साम्यवादी नै गर्नुपर्दछ तब मात्र विश्वदृष्टिकोण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी हुन्छ । भन्ने आफूलाई भौतिकवादी द्वन्द्ववादको खाँटी प्रयोगकर्ता र सर्जक, हुने आदर्शवादी अधिभूतवादको पक्षधर भनेको पनि यही हो।

यसकारण विज्ञान र प्रविधिको विकासले श्रमिकलाई प्रतिस्थापन गर्दैन, बरु यसले त अन्ततः श्रमिकको उत्पादनमा तीव्रता ल्याउँछ र मानवजातिलाई वैज्ञानिक श्रमिक बनाइदिन्छ । पुँजीवादमा यसले बेरोजगारी ल्याउँछ भने वैज्ञानिक समाजवाद र यसको उच्चतम चरण साम्यवादमा विराट् रोजगारी सिर्जना गर्दछ ।

भ्रम सङ्ख्या पाँच : 'मार्क्सवादको विकास गर्नुपर्दछ ।' यो नारा दिने दुईथरी छन् । एकथरी साम्यवादी लालझन्डा बोकेर साम्यवादकै खोइरो खन्ने नवप्रतिक्रियावादीहरू छन् जसले आजका कालीदास बनेर आफैँ चढेको रूखको हाँगा गिँडिरहेका छन् । उनीहरू 'आजको मार्क्सवाद' र 'एक्काईसौँ शताब्दीमा जनवादको विकास' भन्दै अन्ततः बहुदलीय जनवादको आहालमा डुबेका छन् । अथवा सामाजिक प्रजातन्त्रको आहालमा डुबेर नराम्रोसँग फोहोरी भएका छन् । अर्कोतिर मार्क्सवादको विकास गर्नुपर्दछ भन्ने सिद्धान्तलाई ठोस वस्तुस्थितिको ठोस विश्लेषणका साथ यसको विकासका लागि योजना बनाएर प्रक्रिया थालनी गरिसकेका क्रान्तिकारीहरू छन् । हामीले देखेका छौँ- क्रान्तिकारीहरूले मालेमावादको रक्षा, प्रयोग र विकास गर्ने क्रममा नेपालमा एकीकृत जनक्रान्तिद्वारा वैज्ञानिक समाजवाद ल्याउने कार्यदिशा ठोस गरेका छन् । यहाँ भन्न खोजिएको कुरा के हो भने मार्क्सवादको विकास गर्नुपर्दछ भनेर हुँदैन, बरु योजनाबद्ध विकासको प्रक्रियाको थालनी भएको छ कि छैन, त्यसमा विशेष ध्यान दिनुपर्दछ । अर्को कुरा मार्क्सवादको विकास गर्ने भन्दै विकासकर्ता पश्चगमनतिर फर्केको छ कि अग्रगमनतिर ? यसमा पनि विशेष गम्भीर भएर हेर्नुपर्दछ।

मालेमावादको विकास गर्ने भनेको मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले अधुरो राखेका कार्यभार पूरा गर्ने र हाम्रो जमानामा सामना गर्नुपरेका अन्तरविरोधहरूको समाधान गर्ने हो । उदाहरणका लागि लेनिन र स्टालिनले मार्क्स र एङ्गेल्सद्वारा प्रस्तावित सर्वहारा अधिनायकत्व र पार्टी सञ्चालन पद्धति जनवादी केन्द्रीयताको व्याख्या र विकास गर्नुभयो भने आफ्नो समयमा पुँजीवाद साम्राज्यवादमा पुगेको पत्ता लगाउनुभयो। त्यही कुरा उहाँका गुरु प्लेखानोभले गर्न सकेनन्, बरु अग्रगमनकारी इतिहासको पाङ्ग्रा पछिल्तिर धकेल्न दुस्साहस गरे । त्यति मात्र होइन, लेनिन र स्टालिनले विज्ञान तथा प्रविधिको विकासलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादविरुद्ध उभ्याउने अस्ट्रियन माख र रुसी माखवादीहरूको भण्डाफोर गर्दै सुप्रसिद्ध 'भौतिकवाद र आनुभविक आलोचनावाद' लेख्नुभयो । माखवादीहरू 'पदार्थ लोप भयो' भन्दै थिए। लेनिनले जबाफ दिनुभयो, 'पदार्थ लोप भएको होइन, बरु हाम्रो ज्ञानका सीमाहरू लोप भएका हुन् ।' आज पदार्थ लोप भयो भन्नेहरूलाई पनि यो जबाफ काफी छ। त्यसैगरी माओले पनि लेनिन र स्टालिनको गम्भीरतापूर्वक अध्ययन गर्नुभयो । लेनिनले किसान जनसाधारण प्रमुख क्रान्तिका चालक शक्ति भएको पूर्वीय देशमा त्यहीँका साम्यवादीहरूले क्रान्तिको बाटो पत्ता लगाउनुपर्छ भनेर निर्देशन दिनुभएको थियो । यो निर्देशनलाई माओले गम्भीरतापूर्वक ग्रहण गर्दै चीनमा दीर्घकालीन जनयुद्धको कार्यदिशा र नयाँ जनवादको कार्यक्रम आविष्कार गर्नुभएको थियो । त्यति मात्र होइन, माओले लेनिनको द्वन्द्ववादको व्याख्या र विकास गर्नुपर्ने अधुरो कार्यलाई पनि 'अन्तरविरोधबारे' र 'जनताहरूबीच अन्तरविरोधको सही सञ्चालनबारे' मा पूरा गर्नुभएको छ । उहाँले मालेमावादमा थप विकास गर्नुभएको छ । त्यो विकास भनेको वैज्ञानिक समाजवादलाई साम्यवादको शिखरमा पुऱ्याउने विधि सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति अथवा महान् सर्वहारा सांस्कृतिक क्रान्ति हो । उहाँले यसको पहलकदमी गर्नुभएको थियो। हामीले चीनमा दस वर्ष यसको प्रयोगको समीक्षा गर्दै विकास गर्नुपर्ने आवश्यकता छ।

हामीले महासचिव कमरेड विप्लवको नेतृत्वमा रहेको नेपाल साम्यवादी दलमार्फत महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सही समीक्षा र विकासको ऐतिहासिक आवश्यकतालाई गम्भीरतापूर्वक लिएका छौँ । सन् २०१६ को फेब्रुअरी १३ देखि २२ सम्म सम्पन्न थबाङ महाधिवेशनले आधिकारिक रूपमा स्वीकृत गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवादको कार्यक्रम हामीले सांस्कृतिक क्रान्तिको उचाइमा उभिएर बनाएका छौँ । एकीकृत जनक्रान्तिको कार्यदिशा राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्तिको योग हो । आखिर अर्थतन्त्र र राजनीतिको जगमा संस्कृति बनेको हुन्छ । संस्कृति भनेको विचारधारा, संस्कृति, विरासत, रीतिरिवाज र चालचलनको हजारौँ वर्षको योगफल हो । आखिर सांस्कृतिक क्रान्ति भनेको पुराना र विषालु विचारधारा, संस्कृति, विरासत, रीतिरिवाज र चालचलनको योगफलबाट बनेको आदतीय सत्ता ढालेर क्रान्तिकारी विचारधारा, संस्कृति, विरासत, रीतिरिवाज र चालचलन स्थापना गर्ने लामो अभियान हो । आज हामी माओले सन् १९४९ मा वैज्ञानिक समाजवादी क्रान्ति गर्नुभएको र १९६६ मा मात्र सांस्कृतिक क्रान्ति सुरु भएकाले त्यही नै गर्नुपर्छ भन्ने यान्त्रिकतामा फस्नु हुँदैन । १९६६ मा त माओ र चीन साम्यवादी दलद्वारा प्रतिक्रान्ति रोक्ने सांस्कृतिक क्रान्तिको विधि पत्ता लगाइयो। यो विधि पत्ता लागिसकेको हुनाले आज हामीले राजनीतिक क्रान्तिसँगै एकीकृत गरेर लैजानुपर्दछ । त्यसकारण वैज्ञानिक समाजवादी क्रान्तिमा पुनः प्रतिक्रान्ति हुन नदिन राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्ति एकीकृत रूपमा सञ्चालन गर्नुपर्दछ । नयाँ र सिर्जनात्मक रूपले क्रान्तिमा अघि बढ्ने भनेको विज्ञानका नियमहरूको उल्लङ्घन होइन, बरु नयाँ नियमहरूको आविष्कार र विकास हो। त्यसकारण मालेमावादको विकास गर्नुपर्दछ। अथवा नकारात्मक र सकारात्मक दुवै दृष्टिकोणले हेर्नुपर्दछ।

५) अब हामी निष्कर्षतिर जाँदैछौँ । मार्क्स, लेनिन र माओले आआफ्नो देश, काल र परि स्थितिमा सिद्धान्तमा मात्र होइन, पूरै दुनियाँले देख्ने गरी व्यवहारमा समस्याको समाधान साम्यवादी क्रान्तिद्वारा गर्नुभएको थियो । आज विश्वको प्रधान अन्तरविरोध अति एकाधिकारवादी साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबीच रहेको छ। यतिबेला साम्राज्यवाद र नवसाम्राज्यवादका बीचको अन्तरविरोध पनि आमनेसामने भएको छ । श्रम र पुँजीका बीच, साम्राज्यवाद र समाजवाद, क्रिस्चियन र मुस्लिमबीच, हिन्दु र मुस्लिमबीचका अन्तरविरोधहरू गौण रूपमा दृश्यवान् छन् । हाम्रो देश नेपालमा रहेको प्रधान अन्तरविरोध भनेको दलाल पुँजीवाद र नेपाली शोषित-उत्पीडित जनताबीचको हो। पुँजी र श्रमबीच, दलाल पुँजीपति र राष्ट्रिय पुँजीपति तथा मध्यम वर्गबीचका गौण अन्तरविरोधहरू रहेका छन्। यी बाह्य तथा घरेलु अन्तरविरोधहरूको समाधान भनेको मालेमावादी साम्यवाद नै हो।

चीन र अमेरिकाबीच व्यापारयुद्धको कारण के हो ? अमेरिकाले मध्यपूर्व एसियाका राष्ट्रपति, प्रधानमन्त्री, सैन्य कमान्डरहरूको हत्या किन गरिरहेको छ ? नेपालमा यति ठूला आर्थिक भ्रष्टाचार किन भइरहेका छन् ? किन बलात्कारी र हत्याराहरूको जबाफ निजी सम्पत्तिमाथि आधारित उदारवादी प्रजातन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, प्रजातान्त्रिक समाजवाद, लोककल्याणकारी व्यवस्थाले दिन सक्दैन । निजी सम्पत्तिको होडले नै प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्ध भएको हो । ती दुवै विश्वयुद्धलाई साम्यवादी क्रान्तिले रोकेको थियो । प्रथम विश्वयुद्ध रुसबाट सुरु भएको सोभियत सङ्घको क्रान्तिले रोकेको थियो भने दोस्रो विश्वयुद्ध चीन, पूर्वी युरोप र पूर्वी एसियाको विश्वक्रान्तिले रोकेको थियो। आजका उल्लिखित अन्तरविरोधहरू विश्वको विभाजन र पुनर्विभाजनका लागि गरिने विश्वयुद्ध होइन, बरु यो विश्वयुद्ध रोक्न र अन्तरविरोधहरूको सही समाधान गर्ने साम्यवादी विश्वक्रान्तिको आवश्यकता छ । हरेक देशमा हुने साम्यवादको प्रारम्भिक चरण वैज्ञानिक समाजवादी क्रान्ति नै विश्वक्रान्ति हो । यो क्रान्तिले नै हिंसा, युद्ध, भ्रष्टाचार र पारिवारिक कलहको जरो कारण निजी सम्पत्तिको अन्त्य गर्न सामूहिक उत्पादनको सामूहिक स्वामित्व स्थापना भएको सुन्दर समाज व्यवस्था स्थापना गर्नेछ।

त्यसकारण मालेमावादी साम्यवादको रक्षा, प्रयोग र विकास गर्दै अघि बढ्न आवश्यक छ । साम्यवादलाई दूर भविष्यको विषय बनाउनु हुँदैन । साम्यवादी दलका सदस्यहरूले आफू, आफ्नै दल, समिति र आफ्नै परिवारलाई साम्यवादको एकाइ बनाएर अंशअंशमा नमुना बनाएर साम्यवादको प्रयोग गर्नुपर्दछ । मालेमावादका मूल ग्रन्थहरू र मूल पाठहरू अध्ययन गर्दै त्यसका आधारमा यसको विकास पनि गर्नुपर्दछ।

*स्रोत : दृष्टिकोण निर्माण मासिक*

## अमेरिका जलिरहेछ ...

सल्लेरी-खारा-खुम्चेरीमा
जागै हुन लगाउने तपाईं
नवराजहरूको न्यायका लागि चौहजहारीमा
जम्मै जान्दै गर्दा
तपाईं भने आफ्ना आफन्त जोगाउन
आफू भने निदाइरहनु भएको छ रे !
साँच्चै निदाइरहनु भाको छ कि
निदाएको स्वाङ पारिराख्नु भाछ ?
ब्युँझिने गरी निदाउनुभएको छ कि
कहिल्यै नब्युँझिने गरी निदाउनुभएको छ ?
यो पनि थाहा होस्
तपाईं निदाएको सबैले बुझेका छन्
नवराज निदाउँदा सबै ब्युँझेका छन् ।
गणतन्त्रका घाइतेलाई घात गरेपछि
अपाङ्गका आशा-अपेक्षा अलपत्र पारेपछि
बेपत्ताका विश्वास विलय भएपछि
सहिदका सपना स्वाहा भएपछि
ए, कमरेड
म कसरी शुभकामना दिऊँ
गणतन्त्र ल्याउनु भनेको
बयलगाडामा अमेरिका जानु हो भन्नेलाई
जनयुद्धमा बगेको रगतलाई
रजस्वलाको रगतजत्तिको पनि मूल्य छैन भन्नेलाई
गुलेली चलाउन नजान्नेले
के गोली चलाउलान् भनेर
मुक्तियोद्धाहरूलाई खिसिट्युरी गर्नेलाई
सत्ताको सिंहासनमा बिराजमान भएर
नयाँ राजारानीजस्तै नक्कल गर्नेलाई
जदौ मालिक भनेर
गणतन्त्रको मसिहा मानेर !
भन्नुस् कमरेड
म कसरी गणतन्त्र दिवसको शुभकामना दिऊँ !!!
पानी नचल्ने जात भन्दै
पानीमै मानवता मारेको हेरेर
म हर्षित हुँदै
दीप प्रज्वलित पार्दै
मीठोमसिनो खाँदै
अबिरजात्रा गर्दै
म गणतन्त्र दिवसको शुभकामना दिन सक्दिनँ
मलाई माफ गर्नुहोस् कमरेड
यसलाई म गणतन्त्र मान्न सक्दिनँ ।

कमरेड सीता बिक 'सम्झना' जनयुद्धमा जनमुक्ति सेनाकी एक सशक्त कमान्डर हुन् । हिजो उनलाई दुस्मनका बङ्कर कब्जा गर्न आदेश दिने तिनै कथित सुप्रिमोहरू आज खलनायक बनेका छन् र हिजो जनयुद्ध दमन गर्ने, महान् युद्धलाई होच्याउनेहरूलाई जनयुद्धका सेना, सत्ता, हतियार बुझाएर त्यहीँ शरण लिँदै जीवनको भिक मागिरहेका छन् । देश मुक्त पार्ने र समानता र स्वतन्त्रताको राज ल्याउने महान् सपना बोकेर लड्दालड्दै बलिदानको बाटो रोजेकाहरूको आज नामोनिशान छैन तर हिजो दोरम्बामा २१ जना योद्धाहरूको लाम लगाएर कन्चटमा गोली दागेर बीभत्स हत्या गर्ने मेजर राममणि पोखरेलहरूको काँधमा अतीतका सुप्रिमोहरूकै आदेश र निर्देशनमा फुली थपिएको छ र हजारौँ कृष्ण सेन 'इच्छुक' हरूका हत्याराहरूको पदोन्नति भइरहेको छ । यस्तो अवस्थामा कसरी सक्छन्, महान् जनयुद्धका योद्धा सीता बिक 'सम्झना' हरू यो बिहारी गणतन्त्रलाई जनताको गणतन्त्र भन्दै सलामी ठोक्न र जनयुद्धदेखि एकीकृत जनक्रान्तिसम्मका योद्धा अम्बिका चन्दहरू मस्तराम बनेर सुख र चैनको निद्रा निदाउन ?! त्यसैले आज लाखौं जनताका निद्राहरू अम्बिकाका जस्तै जाग्राम बसेर बितिरहेका छन् किनकि मुलुकमा फेरि हिजो स्वप्नहन्ताहरूले समाप्त पारिदिएको विद्रोहको बिउ जगाएर एकीकृत जनक्रान्ति आरम्भ भएको छ :

निद्रा हराएका यी रातहरूमा
जब झ्यालको सानो चेपबाट बाहिर हेर्छु
क्षितिजभन्दा परको गहिरो कालो आकाशमा
जूनताराहरूको बस्ती नियाल्छु
आकाशको एउटा जून र अनगिन्ती ताराहरू
सृष्टिका सबैभन्दा सुन्दर छन् तर धेरै टाढा छन् ।
तिनै जूनतारा हेरीहेरी म सम्झन्छु
चरीले छोडेर गएका डालीका गुँडहरू
प्रेमीले छोडेर गएका अधरका स्पर्शहरू
नदीले छोडेर गएका बगरहरू
बगैँचाबाट टुटेका फूल र कोपिलाहरू
भीडभाडमा यतै कतै छुटेका मधुर सम्झनाहरू ।
जब रात गहिरिँदै जान्छ
स्मृतिको क्यानभासमा देखिन थाल्छन्
यो रात ढालेर धर्तीमा बिहान ओराल्ने
सपना देख्दादेख्दै अस्ताएकाहरू
आफ्नो जीवनभन्दा पनि
सपना प्यारो बनाउनेहरू
भैरवनाथ गणबाट हराएकाहरू
शिवपुरीआसपासबाट बेपत्ता पारिएकाहरू
घडीको सुई र भित्ताको पात्रोले नापिरहेको
समयको गति र सीमाभित्र
भेटिएन कतै उनीहरूको चिनो
न सुनिए कतै तिनका पदचापहरू
सायद उनीहरू सबै
आकाशका जून-ताराहरूसँगै मिसिएर त होला
जब रात ढल्छ र बिहान नजिक आउँछ
आकाशका ती जूनताराहरू अलि चम्किला हुँदै जान्छन् ।
म जति गहिरो गरी जून हेर्छु
जूनमा देख्छु-
कृष्ण सेनको शालीन तस्बिर
अनि पूर्ण पौडेलको कलिलो मुखाकृति
विपीन भण्डारी, दिलबहादुर राई
रामहरि रूपाखेती, कृष्ण बस्नेतहरू
त्यस्तै ताराहरूमा देख्छु
महान, कुमार, सनराइज र दीपेन्द्रहरू
र देख्छु छोडेर गएका
सुनिल, आकाश र झरनाहरू
जसले मलाई छोडेर गएका थिए
उनीहरू जूनतारा बनेर हेरिरहन्छन्
जब उनीहरू बादलभित्र पस्छन्
बादलले थरीथरी आकृति बनाउँछ ।
तिनै जूनतारा हेरी-हेरी
निद्रा हराएका यी रातहरूमा
आज एउटा उन्मुक्त सपना देखेकी छु
डरलाग्दो रातको कालो घुम्टो च्यातेर
धर्तीको छातीमा मिमिरे बिहान पोखिएको
चराहरूको गीतमा बतासले सङ्गीत भरिरहेको
पाषाण युगका कानुनहरू ढालेर
स्वर्णिम युगको शिलान्यास गरिएको
सपनाले जीवनको लय बदलेको
सपनाले जीवन जिउने तरिका बदलेको
जीवनहरू पन्छीजस्तै स्वतन्त्र विचरण गरेको
जसको खुसीयालीमा सहरमा एउटा जुलुस निस्किएको
यो धर्ती र आकाशमा एकैपटक
इन्क्लाबको गगनभेदी नारा घन्किएको ।

यो साताको समय समीक्षाको अन्त्य आफैँले कोरेको कविताको एउटा हरफबाट गर्न चाहन्छु :

कमरेड हेलिन बोलेक !
हो, यो समय नै यस्तै-यस्तै छ
रक्तपिपासुहरू सलबलाइरहेछन् अझै
गोराको कालो शासनभित्रका जर्ज फ्लोइड होऊन् वा
नक्कली समाजवादभित्र थिचिएका नवराज विकहरू होऊन्
कुमार वा रामकुमार श्रेष्ठहरू नै किन नहोऊन्
कोही जाति, कोही रङ र कोही वर्गविभेदका कारण
बगाउन विवश छन् तिम्रोजस्तै पवित्र रातो रगत
र आह्वान गरिरहेछन् विश्वक्रान्तिलाई ।
जो राष्ट्रियताका लागि लडेको छ
ऊ राजद्रोही घोषित भएको छ र मारिएको छ
जनतन्त्र र जनजीविकाका लागि सङ्घर्षमा उत्रिएकाहरू
जनविरोधीमा डामिएर दण्डित भएका छन्
र देश बेच्नेहरूले थापेका छन् राष्ट्रवादीको पगरी
जनता मार्नेहरूले पाइरहेछन् जनसेवकको पदवी
आफ्नो देशलाई हाम्रो हो भन्नेहरूका हातगोडामा
लागिरहेका छन् हतकडी, नेल र कोचिएका छन् कारागारमा !...

## सत्ताधारी दलभित्रको ...

वली-दाहाल वार्तामा दुवै पक्ष आआफ्ना अडानमा बसेकाले नयाँ सहमति नबनेको बताइएको छ। दाहाल पनि वलीले अध्यक्ष र प्रधानमन्त्री दुवै पद छोड्नुपर्ने पहिलाको अडान फेर्दै दुईमध्ये एक पद छाडेर निकास दिन आग्रह गर्ने अवस्थामा भरेका थिए तर वलीले पहिलाको भन्दा कडा प्रतिवाद गर्दै दाहालको प्रस्ताव ठाडै अस्वीकार गरेको स्रोतले बताएको छ।

वलीसँग बालुवाटारमा छलफल गरेर फर्किएका दाहालले आफ्नो समूहका नेताहरूसँग आफू निराश बनेर फर्किएको बताएका छन् भने वलीले आफ्नो समूहलाई आफू अझै उत्साहित भएको बताएको स्रोतले जनाएको छ । वलीले एक्लै स्थगन गरेको स्थायी समिति बैठक अब कहिले बस्छ र निकास निकाल्छ भन्नेमा भनै द्विविधा बढेको छ । सचिवालयसमेत राख्न नमानेका वली वामदेवको गुट परिवर्तनपछि सचिवालय बोलाउनसम्म सहमत हुनसक्ने आँकलन गरिएको छ। वली-दाहाल विवाद बढिरहेको समयमा एक सय ५२ जना केन्द्रीय समिति सदस्यले केन्द्रीय समिति बैठक बोलाउन माग गर्दै हस्ताक्षर बुझाए पनि वली पक्षले त्यसलाई तिरस्कार गर्दै आएको छ । स्मरणीय छ, यतिबेलासम्म केन्द्रीय समिति र स्थायी समितिमा दाहाल-नेपाल-खनाल पक्षको बहुमत छ । सोमबार साँझ बीबीसी नेपाली सेवासँग कुरा गर्दै दाहालका दाहिने हात भनेर चिनिने सरकारी नेकपाका स्थायी समिति सदस्य हरिबोल गजुरेलले वलीले कुनै पनि सहमति स्वीकार नगरेकाले दाहालले अध्यक्ष पदबाट राजीनामा दिनु उपयुक्त हुने सुझाव दिइएको बताए पार्टी विभाजनको सम्मुख पुगेको सङ्केत गरेका छन् । तर दुवै समूह आफ्ना कारणले पार्टी विभाजन भएको हो भन्ने अपजस लिन भने चाहिरहेका छैनन् ।

## कोरोना भाइरसले ...

पैसावालाले मात्रै उपभोग गरेका जनगुनासोहरू दर्जनौं आएका छन् । सरकारले दूरगामी योजना नबनाईकन गैरजिम्मेवार अभिव्यक्ति दिने र लापरबाही तरिकाले काम गरेकै कारण कोरोना छोटो समयमै देशका ७७ वटै जिल्ला मात्र पुगेको छैन, यसले भविष्यमा निम्त्याउन सक्ने खतराले मानिसलाई तर्साएको छ।

कोरोना रोकथामकै लागि चैत ११ गतेदेखि लगाइएको लकडाउन उचित मापदण्डबिना नै खोलिएपछि स्थानीयकरण भएको कोरोनाले विभिन्न रूपका लक्षणहरू देखाउन थालेको छ । सरकारले अर्थतन्त्र जोगाउने भन्दै लकडाउन खुला त गरेको छ तर यसको रोकथामका लागि चालिएका कदमहरू प्रभावकारी छैनन् । मानिसहरूको भीडभाड हुने स्थानहरू बन्द गरिएको भए पनि अहिलेको अवस्थामा परीक्षणको दायरा बढाउन नसक्दा र समुदायमा परीक्षण नगर्दा कोरोना भित्रभित्रै भुसको आगोसरि फैलिने र यसले निकै ठूलो सङ्कट निम्तिन सक्ने भन्दै चिन्ता व्यक्त गरिएको छ।

# मणिसुन्दर हत्याकाण्ड अविलम्ब छानबिन होस् : नेकपा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी सगरमाथा ब्युरोले आफ्नो पार्टीका तत्कालीन सोलुखुम्बु इन्चार्ज मणिसुन्दर राई 'मनीष' लाई नियोजित तरिकाले हत्या गरी फालेको हुनसक्ने भन्दै उक्त घटनाको निष्पक्ष छानबिनका लागि राष्ट्रिय मानवअधिकार आयोगलाई अनुरोध गरेको छ।

नेकपाका सगरमाथा ब्युरो इन्चार्ज अनुभव क्रान्तिले शुक्रबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै २७ महिना लामो कारागार बसाइबाट साउन १ गते उदयपुरबाट रिहा भएर सोलुखुम्बुको थुलुङ दूधकोसी देउसा पुगेको केही दिनमै साउन १४ गते साँझ मणिसुन्दरलाई मृत अवस्थामा भेटिएको भन्दै उनको हत्यामा सरकारी पक्षको हात रहेको बताएका छन्।

अनुभव क्रान्तिको विज्ञप्तिमा भनिएको छ, 'घरनजिकैको बुद्धिडाँडा बजारमा गएर फर्किने क्रममा सरकारी पक्षले नियोजित तरिकाले हत्या गरी फालेको अवस्थामा भिरमा लास भेटिएको छ। लासको अवस्था र घटनास्थलको प्रकृति हेर्दा हत्या गरी फालेको प्रस्ट हुन्छ।'

नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन सोलुखुम्बु इन्चार्ज रहेका राई २७ महिना लामो कारागार बसाइपछि साउन १ गते रिहा भएको र घर भेटघाटमा गएको बेला मृत फेलापरेको विज्ञप्तिमा उल्लेख छ।

# राजकुमार चेपाङका परिवारलाई १० लाख, परिवारले शव बुझे



**चितवन** : चितवनमा नेपाली सेनाको कुटपिटबाट मृत्यु भएका राजकुमार चेपाङको परिवारले शव बुझेका छन्। मृतक राजकुमार चेपाङका परिवारलाई १० लाख रुपैयाँ दिने निर्णय भएपछि परिवारले शव बुझेका हुन्। चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको सेनाको कुटाइबाट सख्त घाइते भएका चेपाङको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो।

साउन ४ गते आइतबार चितवनस्थित बाँदरझुल्लाको सुकुमबासी बस्तीका २ वटा घरमा निकुञ्ज प्रशासनले आगो लगाएर खरानी बनाएको थियो भने ८ वटा छाप्रा हात्ती लगाएर भत्काएको थियो।

माडी नगरपालिका वडा नं. ९ (साबिक आयोध्यापुरी १) मा राष्ट्रिय निकुञ्जका बीचमा रहेको उक्त जग्गामा ३१ वर्षदेखि अर्थात् २०४६ सालदेखि सुकुमबासीहरू बस्दै आएका छन्। त्यहाँ अधिकांश चेपाङ जाति र दुराडाँडाका दुरा जातिका सुकुमबासीहरूको बसोबास रहेको छ। यसअघि पनि उक्त बस्तीमा सरकारले आगो लगाई तोडफोड गरेको थियो।

# परीक्षा सम्भव नभएको भन्दै विद्यार्थीहरूद्वारा प्रदर्शन

**रुपन्देही** : विद्यालयहरूले तयारीबिना नै परीक्षा लिने निर्णय गरेको भन्दै विद्यार्थीहरूले बुटवलमा प्रदर्शन गरेका छन्। विद्यार्थीहरूले कोरोना महामारीपछिको लकडाउनले विद्यार्थीहरू तितरबितर भएको भन्दै तयारीबिना नै परीक्षा लिनु उपयुक्त नहुने बताएका छन्।

आइतबार बुटवलको पुष्पलाल चोकबाट जुलुस निकालेका विद्यार्थीहरूले 'कोरोनाको भयले परीक्षा दिने अवस्था छैन, दुर्गमका विद्यार्थीहरूलाई हेरेर निर्णय गरौँ, शिक्षामा बेवास्ता नगरौँ र परीक्षालाई मजाक नबनाऔँ' लेखिएका प्लेकार्ड बोकेका थिए।

सरकारले कोरोनाका कारण रोकिएका परीक्षाहरू भदौमा सञ्चालन गर्ने तयारी गरिरहेको बेला विद्यार्थीहरूले प्रदर्शन गरेका हुन्। भदौ १ गतेदेखि विद्यालयहरूले पनि नयाँ भर्नाका लागि तयारी थालेका छन्। नेपालमा कोरोनाको स्थिति भयावह बन्दै जाने खतरा देखिएको भन्दै विद्यालय सञ्चालन भए पनि सानो कक्षाका विद्यार्थीहरूका लागि विद्यालय सञ्चालन गर्न असम्भव देखिएको छ।

# पार्टी अनुशासनविपरीत काम गर्नेहरू नेकपाद्वारा निष्कासित

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी बझाङले पार्टीको नीति, पद्धति र अनुशासनविपरीत काम गर्ने कार्यकर्तालाई कारबाही गरेको छ। पार्टीका जिल्ला इन्चार्ज विराट र सेक्रेटरी हरिलालले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै जिल्ला सदस्य जोग कठायतलाई कारबाही गरिएको जानकारी गराएका हुन्।



नेकपा बझाङ इन्चार्ज र सेक्रटरीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'जिल्लाको मष्टा गाउँपालिका भातेखोला भिमण बस्ने पार्टी जिल्ला सदस्य जोग कठायत लामो समयदेखि पार्टी सम्पर्कमा नरही पार्टी नीति, पद्धति र अनुशासनको गम्भीर उल्लङ्घन गरी पार्टी नेता-कार्यकर्ताका विरुद्ध शङ्कास्पद गतिविधि गरी आर्थिक र साङ्गठनिक अराजकता मच्चाउँदै आएकाले निज जोग कठायतलाई सम्पूर्ण जिम्मेवारीबाट निलम्बन गरिएको छ।'

साथै युवा सङ्गठन नेपाल बझाङका संयोजक कमल कुँवर 'मुस्कान' लाई पटकपटक चेतावनी दिँदा पनि अटेर गरेको भन्दै सम्पूर्ण जिम्मेबारीबाट मुक्त गरिएको जनाइएको छ। विज्ञप्तिमा भनिएको छ, 'बुङ्गल न.पा. ६ पथरकोट बस्ने वर्ष ३० को पार्टी जिल्ला सदस्य तथा युवा सङ्गठन नेपाल बझाङका जिल्ला संयोजक कमल कुँवर 'मुस्कान' लाई पटकपटक सुध्रिन चेतावनी दिँदादिँदै अटेर गरेपछि पार्टी सङ्गठनको नीतिविरुद्ध सांस्कृतिक र आर्थिक अराजकता गरेको हुँदा पार्टीको साधारण सदस्यसमेत नरहने गरी सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरी कारबाही गरिएको सम्पूर्ण जनसमुदायलाई जानकारी गराइन्छ।'

# नेकपा अछामद्वारा तुला शाहीप्रति श्रद्धाञ्जली व्यक्त

नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति अछामले उक्त पार्टीका जिल्ला सदस्य कविन्द्र शाहीका बुबा तुला शाहीप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ। जिल्ला इन्चार्ज नवीन र सेक्रेटरी आखिरले शुक्रबार शोक वक्तव्य जारी गरी शाहीको निधनले आफ्नो पार्टीलाई दुःखी बनाएको भन्दै श्रद्धाञ्जली व्यक्त गरेका छन्।

नेकपाका जिल्ला सदस्य कविन्द्रका बुबा तुलाको यही साउन १२ गते ७३ वर्षको उमेरमा निधन भएको नेकपाद्वारा जारी शोक वक्तव्यमा उल्लेख छ।

# पहिरोको उच्च जोखिममा रास्कोट, एकै ठाउँमा ८ जनाको ज्यान गयो

**काठमाडौँ** : कालीकोटको रास्कोट नगरपालिका वडा नम्बर १ को बस्ती पहिरोको उच्च जोखिममा परेको छ। उक्त वडामा रहेका ९० घरधुरी उच्च जोखिममा परेपछि नेकपा निकट युवाहरूले उक्त बस्ती स्थानान्तरणको माग गरेका छन्।गाउँको माथिको जमिन फुटेकाले उक्त पहिरो गाउँमा खसेमा ठूलो मानवीय तथा भौतिक क्षति गर्ने देखिएको भन्दै स्थानीय युवाहरूले उक्त बस्ती स्थानान्तरणको माग गरेका हुन्। नेकपा निकट अखिल क्रान्तिकारीका स्थानीय कार्यकर्ता दयारामसिंह लुवरले उक्त बस्ती निकै जोखिममा परे पनि स्थानीय सरकारले बस्ती स्थानान्तरणका लागि कुनै पहल नगरेको बताए।

पूरै गाउँ पुरिने डरले स्थानीयहरू अरूको घरमा बसेको र लामो समयसम्म अरूको घरमा बस्न समस्या हुने भएको भन्दै युवाले स्थानीय सरकारले जोखिममा परेका मानिसहरूको उचित बसोबासको व्यवस्था गर्नुपर्ने माग गरेका छन्। साथै अस्थायी रूपले अरूको घरमा आश्रय लिन पुगेकाहरूलाई शुद्ध पिउने पानी, खाद्यान्न र शौचालयको समेत निकै समस्या भएको लुवरले बताएका छन्। सोही गाउँमा शुक्रबार मात्र पहिरोमा पुरिएर एकजना महिलाको ज्यान गएको छ।

यसैबीच सोमबार बिहान गएको पहिरोमा परी सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका ११ मा ८ जनाको ज्यान गएको छ। पहिरोमा पुरिएका ९ जनामध्ये ८ जनाको मृत्यु भएको हो। वर्षापछि आएको पहिरोमा परी कभर्ड हल बनाउने ९ मजदुर बसेको घर पहिरोले पुरेको थियो। प्रहरीले एकजनालाई जीवितै उद्धार गरेको थियो भने हराइरहेका ८ जनाको शव फेलापरेको हो।

यसअघि असार २४ गते सिन्धुपाल्चोकका भोटेकोसी, बुलकुटे र ठाडो खोलामा आएको बाढीपहिरोमा २० जना बेपत्ता भएका थिए। उनीहरू अहिलेसम्म फेलापरेका छैनन्।


## पहाडी साना किसानका लागि अनुकुलन आयोजनाको अनुरोध

नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोषको संयुक्त लगानीमा स्थानीय समुदायको योगदान सहित पहाडी साना किसानका लागि अनुकूलन आयोजना नेपालको पहाडी ग्रामिण क्षेत्रको कर्णाली प्रदेश र प्रदेश नम्बर ५ अन्तर्गतका सात वटा जिल्लाहरु रोल्पा, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, जाजरकोट, दैलेख र कालिकोटमा संचालन हुदै आइरहेको छ। जलबायु परिवर्तनको जोखिम तथा प्रभावरअसरलाई कम गर्दै पहाडी ग्रामिण क्षेत्रका समुदायको जीवनस्तरलाई जलबायु जन्य प्रकोपसँग सामना गर्न अनुकूलन क्षमता अभिवृद्धि गरि गरिबी न्युनिकरण गर्ने आयोजनाको लक्ष्य रहेको छ।

आयोजनाको उदेश्य तथा लक्ष्यहरुलाई साकार पार्न आयोजनाले स्थानीय स्तरको जलवायु अनुकूलन संरचनालाई भौगोलिक सूचना प्रणालीमा आधारित उप(जलाधार लेखाजोखा (GIS based Sub-watershed Assessment) तथा सहभागितामूलक परिदृश्य विकास (Participatory Scenario Development (PSD) पद्धति मार्फत स्थानीय अनुभबमा समाहित गरी सुदृढीकरण गर्दै स्थानीय अनुकुलन कार्ययोजना तयारी तथा कार्यान्वयन गर्दै आइरहेको छ। अहिले सम्म आयोजनाले ३० पालिकाहरु अन्तर्गतका २०० वटा वडाहरुमा रहेका संकटासन्न साना किसानको जलवायु समानुकुलनमा सुधार ल्याउन जलबायु अनुकूलित सामुदायिक भौतिक पूर्वाधार तथा भू ब्यबस्थापन र साना किसानका नाफामुखी उत्पादनका क्रियाकलापहरु कार्यान्वयनमा ल्याइ लक्ष्य प्राप्तिमा आगाडी बढिरहेको छ।

आयोजनाले जलबायु अनुकुलित सामुदायिक भौतिक पूर्वाधार अन्तर्गत मुहान संरक्षण सहितको सिचाई कुलो, सिचाई पोखरी, खानेपानी मुहान संरक्षण र वितरण, पानीको स्रोत संरक्षण, पानीको किफायति उपयोग प्रबिधि ड्रिप सिंचाई अदि जस्ता क्रियाकलाप सँगालेको छ भने जलबायु अनुकुलित नाफामुखी उत्पादनका क्रियाकलापहरु अन्तर्गत खोर तथा गोठ सुधार, घासडाँलेघाँस रोपण तथा प्रबर्धन, नविकरण उर्जा प्रबर्धन, फलफुल खेती, माछा पालन, उच्च मूल्य कृषि वालीको खेती, आदिमा बिस्तार गरि जलवायु परिवर्तन जन्य जोखिममा परेका स्थानीय समुदायहरुको जीवनस्तर उकास्न सहयोग पुर्याउदै आएको छ।

त्यस्तै, आयोजनाले विभिन्न ज्ञान व्यवस्थापनका सामाग्रीहरु तयार गरी जलबायु परिवर्तन अनुकुलन सम्बन्धित ज्ञानहरुलाई प्रचार प्रसार गर्ने तथा अनुकुलनका लागि तथ्यमा आधारित प्रविधिहरुको स्थलगत अध्ययन मार्फत आएका सूचनाहरुलाई सम्बन्धित मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुमा सम्प्रेसण गर्दै जलबायु परिबर्तन अनुकुलनका लागि सस्थागत क्षमता अभिवृद्धि गर्न सहयोग पुर्याउदै जाने र जलवायु परिबर्तनको जोखिम कम गरी यसको सामना गर्न अनुरोध गर्दछ।

*साझा पृथ्वी साझा घर, जलवायु परिवर्तन हाम्रो सरोकार !!*

**पहाडी साना किसानका लागि अनुकूलन आयोजना**

**आयोजना समन्वय इकाई, हात्तीसार काठमाडौं।** फोन नं. ०१-४४३४५०४, वेबसाइटः www.asha.gov.np



## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ।

**तारकेश्वर नगरपालिकाको कार्यालय**
काठमाडौं



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड,**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ